

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com



वर्ष ३४ अंक १८३ काठमाडौं | ४ भदौ २०८३ बिहीबार श्रावण शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 20, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# तीन पूर्वप्रधानमन्त्रीका स्वकीयमाथि अख्तियारको छानबिन सुरु

**बैंक खाताको विवरण, सेयर, घरजग्गा, सवारीसाधन, ऋणलगायतका विवरण माग्दै २० भन्दा बढी निकायलाई पत्राचार, तीनै जनालाई बयान लिने तयारी**

**कोमाथि के आरोप ?**



**राजेश बज्राचार्य**
पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीका स्वकीय

- दरबारमार्गको सरकारी जग्गा सस्तोमा यती समूहलाई लिजमा दिएको, यती समूहबाट बालकोटमा ४ करोड रुपैयाँ पर्ने जग्गा र रोजभिलेज हाउजिङको घर लिएको
- नक्कली भुटानी शरणार्थी प्रकरणमा समेत नाम जोडिएको



**गंगा दाहाल**
पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालकी स्वकीय

- २४ भदौको विध्वंसको घटनामा ललितपुरस्थित दाहाल निवासमा सुन र अवैध नगद भेटिएको
- त्यतिबेला आगजनी हुँदाको खरानी परीक्षण गराउँदा नगदको अवशेष पुष्टि भएको



**भानु देउवा**
पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका स्वकीय

- २४ भदौको घटनामा देउवा निवासमा नेपाली र विदेशी मुद्रा भेटिएकाले परिवारका अन्य सदस्य तथा स्वकीय भानु देउवासँग पनि स्रोत नखुल्ने अवैध स्वदेशी तथा विदेशी मुद्रा हुन सक्ने देखिएको

**गौरव पोखरेल** (काठमाडौं)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालका स्वकीयमाथि सम्पत्ति शुद्धीकरणको कसुरमा छानबिन अघि बढाएको छ । ओलीका स्वकीय सचिव राजेश बज्राचार्य, देउवाका स्वकीय सचिव भानु देउवा र दाहालका स्वकीय सचिव गंगा दाहालको सम्पत्तिमाथि आयोगले अनुसन्धान अघि बढाएको हो ।

'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले प्रारम्भिक चरणमा अध्ययन गरेर सम्बद्ध कसुर नभएकाले हामीकहाँ फाइल पठाइदिएको थियो,' एक आयुक्त भन्छन्, त्यसपछिको अनुसन्धान अघि बढाएका छौं ।' उनीहरूविरुद्ध अनुसन्धान गर्न भन्दै अख्तियारमा समेत छुट्टाछुट्टै उजुरी परेको थियो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट समेत पत्र आएपछि आयोगले निजामती कर्मचारी र प्रहरीको संयुक्त टोली खटाएर छानबिन थालेको हो । अख्तियारका अनुसन्धान अधिकृतहरूका अनुसार, तीन पूर्वप्रधानमन्त्रीका तत्कालीन स्वकीय सचिवहरूको विवरण माग्दै राष्ट्र बैंक, मालपोत कार्यालयसहित २० भन्दा बढी निकायलाई कारोबार र सम्पत्तिको विवरण माग्दै पत्राचार गरिसकिएको छ ।

'सेयर कारोबार, सवारीसाधनदेखि सम्पत्ति राखिने हरेक निकायलाई पत्राचार भइसकेको छ,' एक अधिकृतले भने । एक अधिकारीका अनुसार, तीनै जनाको चाँडै बयान लिने तयारी भएको छ । 'केही अस्वाभाविक बैंकिङ कारोबार देखिएको छ, त्यस विषयमा थप बुझ्ने काम भइरहेको छ,' ती अधिकारीले भने ।

पूर्वप्रधानमन्त्री देउवाका स्वकीय सचिव भानु देउवाको अनुसन्धानका लागि १३ पृष्ठको फारमसमेत भराइएको आयोग स्रोतले बतायो । त्यसमा बैंक खाताको विवरण, सेयर, घरजग्गा, सवारीसाधन, ऋण, विदेश यात्रा, परिवारका सदस्यको सम्पत्ति, कम्पनीमा लगानीलगायतका विस्तृत विवरण लिइएको छ । **बाँकी पृष्ठ ९**

## सरकारको विरोधाभास नीति

# एकातिर लगानी आह्वान, अर्कातिर धरपकड

**सरकारसँग भ्रष्टाचार न्यूनीकरण र राजनीतिज्ञ–व्यवसायीबीचको 'नेक्सस' तोड्ने पूरापूर अधिकार छ, तर यसक्रममा अपनाइएको तरिकाले लगानीको अभावमा पहिल्यै छटपटाइरहेको अर्थतन्त्रमा पार्ने नकारात्मक प्रभावबारे पनि सोच्नुपर्छ**



उद्योगी–व्यवसायीसँग छलफल गर्दै अर्थमन्त्री स्वर्णिम वाग्ले । फाइल तस्बिर : कान्तिपुर

**अनुप काफ्ले** (काठमाडौं)

**समाचार टिप्पणी**

> फौजदारी अनुसन्धान सुरु गर्नुअघि ठोस आधार हुनुपर्छ, अनुसन्धान गर्न थुनामै राख्नुपर्छ भन्ने हुँदैन, थुनामा राख्ने कार्यले सम्पूर्ण अर्थतन्त्रको गति नै प्रभावित हुन सक्छ

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छालाई १० वैशाखमा प्रहरीले पक्राउ गर्‍यो । पक्राउ कानुनविपरीत रहेको ठहर गर्दै सर्वोच्च अदालतले उनलाई गैरकानुनी थुनामा नराख्न आदेश दियो । उनी रिहा भएको केही घण्टामै २२ वैशाखमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को एक टोलीले उनलाई बिमासम्बन्धी कसुरमा अनुसन्धान गर्न भन्दै फेरि पक्राउ गर्‍यो । एक सीआईबी अधिकारीले पत्रकारहरूसँग कुराकानी गर्दै नयाँ मुद्दा पूर्ण रूपमा फरक रहेकाले पुनः पक्राउ गरिएको प्रतिक्रिया दिएका थिए । त्यसलगत्तै गोल्छा जिल्ला अदालतको आदेशमा रिहा भए । अहिले विशेष अदालतबाट दुवै मुद्दामा एक-एक करोड रुपैयाँ धरौटी तिरेर बाहिरबाट मुद्दा खेपिरहेका छन् ।

गोल्छा पक्राउ प्रकरण हेर्दा सामान्य कानुनी प्रक्रिया जस्तो देखिन्छ । तर, वालेन्द्र शाह नेतृत्वको सरकारले समाधान गर्न नसकेको एउटा महत्त्वपूर्ण विषय पनि यस प्रकरणले उजागर गरेको छ । त्यो हो, सरकारले जवाफदेहिता खोज्ने क्रममा सीमा पनि नाघ्न सक्दो रहेछ । सरकारले एकै समयमा यस्तो काम कसरी गर्न सक्छ ?

शंकर अग्रवालदेखि शेखर गोल्छा र पृथ्वीबहादुर पाँडेसम्मका ठूला व्यवसायीहरूविरुद्ध नेपालमा गरिएका धरपकड र कानुनी अभियोगहरूले करिब दस वर्षअघि व्यापारिक क्षेत्रमा तहल्का मच्चाएको अर्को एक घटनाको झल्को दिएका छन् । फेब्रुअरी २०१७ मा युवाहरूको नेतृत्वमा भएको प्रदर्शनले दक्षिण कोरियाली राष्ट्रपति पार्क गेयुन-हेलाई महाभियोग लगाउन बाध्य पारेको थियो । त्यसको केही दिनपछि पार्क र उनका सहयोगीहरूलाई घूस दिएको अभियोगमा सामसङका उत्तराधिकारी ली जे-योङ पक्राउ परे । 'मर्जर' का लागि सहयोग गर्ने सरकारी प्रतिबद्धताका लागि घूस बुझाएको अभियोग उनीमाथि थियो ।

ली दोषी ठहर भए, जेल परे र पछि सफाइ पाए । 'मर्जर' सँगै जोडिएका मुद्दाहरू वर्षौंसम्म लम्बियो । जुन २०२५ मा दक्षिण कोरियाको सर्वोच्च अदालतले लीको सफाइलाई सदर गरेपछि मात्रै यो प्रकरणको अन्त्य भयो । **बाँकी पृष्ठ ९**

# भूपूले उठाए गोर्खा भर्तीको विषय, भारतीय सेनाध्यक्षले जवाफ दिएनन्

**सन् २०२० मा कोभिडको कारण देखाउँदै रोकिएको भारतीय सेनामा नेपालीको भर्ती अझै खुलाइएको छैन**



नेपाल भ्रमणमा रहेका भारतीय स्थल सेनाध्यक्ष धीरज सेठसँग बुधबार पोखरामा संवाद गर्दै अल नेपाल भारतीय पूर्वसैनिक कल्याणकारी संघका पदाधिकारी तथा सदस्यहरू । तस्बिर : कान्तिपुर

**दीपक परियार** (पोखरा)

नेपालको चारदिने भ्रमणमा आएका भारतीय स्थल सेनाध्यक्ष धीरज सेठसँग भूतपूर्व सैनिकहरूले गोर्खा भर्ती खुलाउन माग गरेका छन् । पोखरामा रहेको पेन्सन वितरण कार्यालयमा आयोजित कार्यक्रमपछिको संवादमा अल नेपाल भारतीय पूर्वसैनिक कल्याणकारी संघका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश इन्चार्ज गजबहादुर थापाले गोर्खा भर्ती पुनः खुलाउन पहल गर्न आग्रह गरे ।

'गोर्खा भर्तीबारे आवाज उठाइरहेका छौं, तपाईंहरूले पनि कुरा गर्नुपर्छ,' उनले भारतीय सेनाध्यक्षसँग यो प्रस्ताव राख्दा अरू भूपू सैनिकले ताली बजाएर समर्थन जनाएका थिए । 'नियमित भर्ती खोल्नुपर्छ भनेर हामीले पनि यहाँ गोर्खा ब्रिगेडबाट दबाब दिएका छौं । हामी लडिरहेका छौं, नेपाल र भारतको सम्बन्ध मैत्रीपूर्ण हुन्छ, चलिरहन्छ,' उनले भने ।

तर, भारतीय सेनाध्यक्ष सेठले अग्निपथ योजनाअन्तर्गत फेरि भर्ती खुलाउने विषयमा ठोस जवाफ दिएनन् । चारदिने नेपाल भ्रमण सकेर बुधबार भारत फर्किनुअघि काठमाडौंमा गरेको उच्चस्तरीय भेटवार्तामा समेत यो विषयले प्रवेश पाएन । रक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री वालेन्द्र शाहसँग भेटमा मंगलबार दुई देशबीचको सम्बन्धबारे औपचारिक कुराकानी भयो तर अग्निपथको विषयले प्रवेश पाएन । **बाँकी पृष्ठ ९**



# निकुञ्जभित्र होइन, बाहिर बढी हुन्छ बाघ आक्रमण

## १५ वर्षमा १४१ को मृत्यु



**बाघको मुख्य बासस्थल राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्र हो तर आक्रमण र ज्यानै जाने घटना निकुञ्जबाहिर मध्यवर्ती क्षेत्र र राष्ट्रिय वनमा बढी भएका छन्, मध्यवर्ती क्षेत्रमा सबैभन्दा बढी ६९.४ प्रतिशत घटना भएका छन्**



**रमेशकुमार पौडेल** (चितवन)

३१ साउनको बिहान पौने ७ बजेतिर चितवनको पूर्वी भेग राप्ती नगरपालिका-१ पिप्ले देउराली टोलमा ६० वर्षका ठाकुर अधिकारी बाघको आक्रमणबाट घाइते भए। बस्तीमै पसेर बाघको आक्रमणबाट घाइते भएका उनको भरतपुर अस्पतालमा उपचार भइरहेको छ। सोही बाघले डिलाकुमारी तामाङको गोठको गाईलाई पनि आक्रमण गरेको थियो। त्यसको पाँच दिनअघि साउन २७ मा चितवन राष्ट्रिय निकुञ्जको पश्चिम क्षेत्र मेघौलीका मंगल बोटेलाई मध्यवर्ती क्षेत्रको वनमा गएका बेला बाघको आक्रमणमा परेर मृत्यु भयो। बोटेलाई आक्रमण गरेर ज्यान लिएको बाघ र अधिकारी तथा तामाङको गोठमा आक्रमण गर्ने दुवै बाघलाई चितवन निकुञ्जले नियन्त्रणमा लिएको छ।

यी घटनापछि प्रश्न उब्जियो, के बाघको आक्रमणबाट हुने मृत्युका घटना निकुञ्जभित्र बढी छन् कि बाहिर ? राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता तथा उपमहानिर्देशक वेदकुमार ढकाल, वन्यजन्तु विज्ञ बाबुराम लामिछानेसहित नरेश सुवेदी, ठाकुर सिलवाल, सञ्जय कँडेल र अन्य अनुसन्धानकर्ताको अगस्ट १६ मा 'इकोलोजी एन्ड इभोलुसन' जर्नलमा प्रकाशित संयुक्त अनुसन्धान लेखमा निकुञ्जभन्दा मध्यवर्ती र अन्य राष्ट्रिय वनमा बाघ आक्रमणका घटना बढी भएको उल्लेख छ।

देशव्यापी रूपमा गरिएको उक्त अध्ययनले मानिस घाँसदाउरा गर्न, गाईबस्तु चराउन वा वनबाट अरू स्रोत संकलन गर्न जाने मध्यवर्ती र राष्ट्रिय वनमै बाघ आक्रमणका अधिकांश घटना हुने गरेको अध्ययनले देखाएको छ। 'हाम्रो अध्ययनको उद्देश्य आक्रमणको संख्यालाई आधार मानेर यससँग जोडिएका विषयहरू खोज्नु थियो,' अध्ययनमा संलग्न बाबुराम लामिछानेले भने। अध्ययनमा सन् २०१० देखि २०२४ सम्म देशभर भएका २४५ बाघ आक्रमणका घटनामा १४१ जनाले ज्यान गुमाएका छन्। उक्त अध्ययनले बाघको आक्रमणमा पर्ने पुरुष धेरै भए पनि मृत्युको जोखिम महिलामा बढी देखिएको छ।

डेढ दशकयता नेपालको तराई क्षेत्रमध्ये रौतहटदेखि पूर्वमा यो अवधिमा बाघ आक्रमणका घटना भएको भेटिएन। रौतहटदेखि पश्चिम कञ्चनपुरसम्म बीचमा रूपन्देही र कपिलवस्तुमा पनि बाघ आक्रमणका घटना नभएको लामिछानेले बताए। त्यससँगै सुर्खेत र सल्यानमा पनि यो अवधिमा बाघ आक्रमणका घटना भएका छन्। नेपालमा सबैभन्दा धेरै बाघ पाइने क्षेत्र चितवन राष्ट्रिय निकुञ्ज र यस आसपासको वनजंगल हो। अध्ययन अवधिमा सबैभन्दा धेरै ४७ प्रतिशत घटना चितवन आसपास क्षेत्रमा भएको पाइए पनि औसत मृत्यु घटेको देखिएको थियो। सन् १९९८ देखि २००६ सम्म वार्षिक औसत मृत्यु सात जना हुने गरेकामा सन् २०१० देखि २०२४ सम्म वर्षमा औसत मृत्यु पाँच जनाको हाराहारीमा हुने गरेको लामिछानेले बताए।

### आक्रमणमा पर्ने पुरुष धेरै, मृत्युको जोखिममा महिला बढी

अध्ययन अवधिमा बाघले आक्रमण गरेकामध्ये ७९ जना पुरुष र ६२ जना महिलाको निधन भएको छ। बाघले आक्रमण गरेकामध्ये महिलाभन्दा पुरुषको संख्या झन्डै दोब्बर छ। १५ वर्षमा १६० जना पुरुष र ८५ जना महिला बाघको आक्रमणमा परेका थिए। आक्रमणमा परेकामध्ये पुरुषको मृत्युदर ५० प्रतिशतभन्दा कम र महिलाको मृत्युदर ७२ प्रतिशतभन्दा धेरै देखिएको छ।

आक्रमणमा परेकामध्ये महिलाको धेरै मृत्युको कारणबारे थप अध्ययन अनुसन्धान हुनुपर्ने लामिछानेको मत छ। बाघले जंगलभित्र कुन अवस्थामा आक्रमण गरेको थियो, त्यसले पनि मृत्युको जोखिम बढाउन सक्ने आकलन अध्ययनकर्ताहरूको छ। महिलाहरू धेरै घाँसदाउरा गर्न जंगल जान्छन्। पुरुषहरू गाईबस्तु चराउन जाने गर्छन्। घाँसदाउरा गर्दा झुकेर वा निहुरिएर काम गर्नुपर्छ। झुकेर वा बसेका बेला आक्रमणमा परेका ५९ जनामध्ये ४४ जनाको निधन भएको अध्ययनले देखाएको छ। उभिएको वा हिँड्दै गर्दा आक्रमणमा परेका ७१ जनामध्ये २९ जनाको मात्रै मृत्यु भएको छ। उभिएका बेला आक्रमणमा पर्दा भाग्न, दौड्न र अन्य प्रतिकार गर्न पनि सहज हुन्छ। उभिएका बेला बाघजस्ता आक्रमण गर्ने जनावरहरू टाढैबाट देख्न सकिन्छ। 'महिलाको मृत्यु हुने दर बढी हुनुको कारणबारे थप अध्ययन अनुसन्धान गर्ने तयारीमा छौं। काम गर्ने शैलीले यस्तो भयो कि भन्ने लाग्छ। पुरुषहरू प्रायः गाईबस्तु चराउन र महिलाहरू घाँसदाउरा गर्न जाने चलन छ। झुकेर र उभिएर काम गर्दा हुने आक्रमणमा मृत्युको जोखिम फरक छ,' लामिछानेले भने।

### अत्यधिक घटना निकुञ्जबाहिर

बाघको मुख्य बासस्थल राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र हो। तर आक्रमण र ज्यानै जाने घटना निकुञ्जबाहिर मध्यवर्ती क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा रहेको देखाएको छ। अध्ययन अवधिमा राष्ट्रिय निकुञ्ज क्षेत्रमा भएका घटना १६ वटा मात्रै थिए। यो कुल घटनाको साढे ६ प्रतिशत मात्रै हो। मध्यवर्ती क्षेत्रमा झन्डै ७० प्रतिशत अर्थात् ६९ दशमलव ४ प्रतिशत घटना भएका छन्।

कृषि कर्मका बेला भएको घटनामा ६ जनाको निधन भएको छ। तर माछा मार्न गएका बेला ११ जना, जंगलमा घाँसदाउरा गर्न जाँदा ७८ जना र गाईबस्तु चराउन जाँदा १७ जनाको निधन भएको छ। गैरकाष्ठ वन स्रोत संकलनका क्रममा १९ जनाको निधन भएको छ। वनमा आश्रित हुनुपर्ने अवस्थाले बाघ आक्रमण र मृत्युको संख्या बढाएको यसबाट आकलन गर्न सकिन्छ। त्यसैले यस्ता दुःखद घटना कम गर्न वनमा आश्रित हुने परिपाटी घटाउनुपर्ने, आवश्यकता परेको समयमा वन क्षेत्रमा जानुपरे सावधानी अपनाउनुपर्ने अध्ययनकर्ता लामिछानेको सुझाव छ। 'एक्लै नभएर समूहमा जाने, बिहान र साँझमा भन्दा दिउँसो जंगल जाने गरे आक्रमणको जोखिम कम हुन्छ। आयआर्जनको वैकल्पिक उपाय अपनाउन र सचेतना बढाउन आवश्यक छ,' उनले भने। मध्यवर्ती वनहरूमा हुने अनियन्त्रित प्रवेश नियन्त्रण गर्न आवश्यक देखिएको उनले बताए। 'घाँसदाउरा गर्न जाने हो भने त्यो क्षेत्र अलि खुला हुनुपर्‍यो। वन समितिले अनावश्यक झाडी राख्न भएन। बाघ बस्ने क्षेत्र र स्थानीयले घाँसदाउरा गर्ने क्षेत्र अलग बनाउने र त्यो दायरा नाघेर नजाने हो भने बाघसँग जम्काभेट हुने खतरा घट्छ,' लामिछानेले भने। अध्ययनकर्ता वेदकुमार ढकालले सामुदायिक वनहरूले ब्लक नै छुट्याउन उपयुक्त हुने सुझाव दिए। 'घाँसदाउरा गर्न जाने ब्लक टाढासम्म देख्न सजिलो हुने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ। बाघ, गैंडालगायतका जैविक विविधताको संरक्षणका लागि वनको छुट्टै ब्लक बनाए जनावरसँग जम्काभेट हुने र दुर्घटना हुने खतरा घटेर जान सक्छन्,' ढकालले भने।

### व्यवस्थापनका लागि छैन बजेट

बाघले मानिसमाथि भएका आक्रमणका घटनाको यसअघि पनि अध्ययन गरेका र यसै विषयमा विद्यावारिधि गरेका बाबुराम लामिछाने समुदाय, सामुदायिक वन र निकुञ्जले बाघबाट हुने आक्रमणका घटना कम गर्न मिलेर काम गर्नुपर्ने राय दिन्छन्। सिकार गर्न कमजोर भएका घाइते र बुढा बाघको नियमित अनुगमन र त्यस्ता बाघलाई समयमै उद्धार गरे बाघबाट हुने आक्रमण र मानव मृत्यु घट्ने उनको तर्क छ। चितवन निकुञ्जले ५/६ वर्षयता बाघको उद्धार गर्ने काम गर्दै आएको पनि छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक वेदकुमार ढकाल पनि यही विषयमा विद्यावारिधि गर्दै छन्। मध्यवर्तीका बासिन्दाले निकै पीडा सहेर बाघको संरक्षण गरेको र बाघ संरक्षण गरेबापत हुने लाभ समुदायले पाउनुपर्नेमा उनले जोड दिए। यसका लागि आयआर्जनका वैकल्पिक उपायका कार्यक्रम बनाउन र जनचेतना जगाउन आवश्यक रहेको उनले बताए।



**साउन ३१ मा बस्तीमा आएर मान्छे र गाईलाई आक्रमण गरी घाइते बनाउने बाघलाई चितवन निकुञ्जले नियन्त्रणमा लिँदै।**
**तस्बिर सौजन्य** : चितवन निकुञ्ज कार्यालय

> १५ वर्षमा १६० पुरुष र ८५ जना महिला बाघको आक्रमणमा परेका थिए, आक्रमणमा परेकामध्ये पुरुषको मृत्युदर ५० प्रतिशतभन्दा कम र महिलाको मृत्युदर ७२ प्रतिशतभन्दा बढी

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष शिवजी गायक मध्यवर्ती उपभोक्ता समितिहरूले यस्ता काम गर्दै आए पनि बजेट पर्याप्त नभएको गुनासो गरे। निकुञ्जले गर्ने आम्दानीको ३० देखि ५० प्रतिशत मध्यवर्ती उपभोक्ता समितिमा जाने नियम छ। चितवन निकुञ्जका २१ उपभोक्ता समिति र एक उपसमिति छन्। 'बाघलगायतका वन्यजन्तुको स्वभावका बारेमा हामीले स्थानीयलाई बताइरहेका हुन्छौं। कुन समयमा जंगल जाने, जंगल जाँदा के सावधानी अपनाउने भन्ने कुरा बताउँछौं। जंगल जाने बेलामा मात्रै हैन, जंगलबाहिरको संवेदनशील क्षेत्रमा साँझबिहान सावधान भएर हिँड्नुपर्दछ,' गायकले भने। आयआर्जनको विकल्प दिन होमस्टे सञ्चालन गरेर पर्यटन प्रवर्द्धनको कामसमेत भएको उनले बताए।

जंगलको निर्भरता घटाउन ग्यास चुलो बाँड्नेदेखि गाईबस्तु, बाख्रालाई खुवाउने घाँसको बीउ स्थानीयलाई दिँदै आएको उनले बताए। 'बजेटले थेगेसम्म कार्यक्रमहरू गर्दै आएका छौं। पछिल्ला वर्षमा मध्यवर्तीमा आउने बजेट घट्दै गएको छ। राजस्व संकलन बढेको देखिन्छ। तर मध्यवर्तीको बजेट घटेको छ,' अध्यक्ष गायकले भने। मध्यवर्तीमा निकुञ्जको आम्दानीको ३० प्रतिशत बजेट पनि नआउने उनले बताए। 'निकुञ्जको आम्दानी ३० करोड रुपैयाँभन्दा माथि हुने गरेको छ। मध्यवर्ती समितिहरूका लागि ६ देखि ८ करोड रुपैयाँ आउँछ। हामीले नियमले दिने ३० देखि ५० प्रतिशत बजेट पाउन सकेका छैनौं। त्यसैले व्यवस्थापन र जनचेतनाका लागि बजेट अपुगजस्तै छ,' गायकले भने। अन्य साझेदार संघसंस्था र निकुञ्जबाट आउने बजेट राखेर सकेजति काम गर्दै आएको उनले बताए।

पछिल्लो बाघ गणनाको नतिजाअनुसार चितवन निकुञ्ज र यस आसपासको क्षेत्रमा देशमै सबैभन्दा धेरै बाघ छन्। देशभर बाघको संख्या ४२९ पुगेकामा चितवन निकुञ्जमा मात्रै १४५ बाघ छन्। गएको आर्थिक वर्षमा चितवन निकुञ्जको मध्यवर्ती क्षेत्रमा बाघको आक्रमणमा परेर कसैको पनि ज्यान गएको थिएन। कुनै बेला १६ जनासम्मको निधन भएको थियो। यो वर्ष मृत्युको घटना भइसकेको छ।

साउन १३ मा विश्व बाघ दिवसको अवसर पारेर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सार्वजनिक गरेको बाघ गणनाको नतिजाअनुसार देशभर बाघको संख्या ४ सय २९ पुगेको छ। सबै निकुञ्ज क्षेत्रमा बाघको संख्या बढेको पाइएको छ। पर्सा राष्ट्रिय निकुञ्जमा सन् २०२२ को गणनामा ४१ बाघ थिए, अहिले ७१ पुगेका छन्। बाँकेमा २५ बाट बढेर ५१ र शुक्लाफाँटामा ३६ बाट बढेर ५० पुगेका छन्। बर्दियामा अघिल्लो गणनामा १ सय २५ बाघ थिए। अहिले १ सय १२ मा झरेका छन्। यस पटकको गणनामा चितवन निकुञ्ज र यस आसपासको क्षेत्रमा बाघको संख्या १ सय ४५ पुगेको छ। यसअघि चितवनमा बाघको संख्या १ सय २८ थियो। क्यामेरा ट्र्याप विधि प्रयोग गरेर पुस १६ देखि वैशाख १० सम्म बाघ गणना गरिएको थियो। सन् २००० को आसपासमा चितवन राष्ट्रिय निकुञ्ज र यस आसपासको वन क्षेत्रमा बाघको कुल संख्या ६० थियो। त्यसपछि सन् २००९ को सर्वेक्षणमा बाघको संख्या ९१ पुग्यो। चितवनमा सन् २०१३ को बाघ सर्वेक्षणमा कुल १ सय २० बाघ पाइएका थिए। तर सन् २०१८ को गणनामा चितवनमा बाघको संख्या घटेर ९३ मा झरेको थियो। यस पटक सार्वजनिक नतिजामा चितवनपछि सबैभन्दा धेरै बर्दिया राष्ट्रिय निकुञ्जमा १ सय १२ बाघ छन्। बर्दियामा यस पटक बाघको संख्या घटेको छ। अघिल्लो पटक देशभर ३ सय ५५ बाघ थिए। सन् २०२२ को गणनाभन्दा यस पटक ७४ बाघ थपिएका हुन्।

बाघलगायत वन्यजन्तुले राष्ट्रिय निकुञ्ज सिमानाभन्दा बाहिर मध्यवर्ती क्षेत्रको वन र मानव बस्तीमा आएर आक्रमण गरे घाइतेलाई उपचार खर्च र मृत्यु भएमा परिवारका सदस्यले राहत पाउने कानुनी व्यवस्था छ। निकुञ्जभित्र हुने घटनामा उपचार खर्च र राहतको व्यवस्था हुँदैन। वन्यजन्तुले आक्रमण गर्दा मृत्यु भएमा मृतकका परिवारका सदस्यले सरकारबाट १० लाख रुपैयाँ राहत पाउँछन्। मध्यवर्ती क्षेत्रबाहिर राष्ट्रिय वन क्षेत्रमा हुने घटनामा वन कार्यालयमार्फत राहत र उपचारको प्रक्रिया अगाडि बढ्छ। निकुञ्ज, आरक्षजस्ता संरक्षित क्षेत्रको मध्यवर्तीमा हुने घटनामा सम्बन्धित निकुञ्ज र आरक्ष कार्यालयले मध्यवर्ती उपभोक्ता समितिको सिफारिसमा राहत र खर्च उपलब्ध गराउँछ।

चितवन राष्ट्रिय निकुञ्जमा मध्यवर्ती क्षेत्रसमेत हेर्ने संरक्षण अधिकृत तथा सूचना अधिकारी अविनाश थापा मगरले घाइतेलाई अवस्थाअनुसार उपचार खर्च उपलब्ध हुने बताए। सामान्य घाइतेलाई बढीमा २० हजार रुपैयाँसम्म र गम्भीर घाइतेलाई दुई लाख रुपैयाँसम्म उपचार खर्च उपलब्ध हुने व्यवस्था छ। दुई लाख रुपैयाँले नधाने सरकारी अस्पतालमा उपचार गराए बाँकी खर्च पाइन्छ। 'दुई लाख रुपैयाँभन्दा बढीको हकमा आकस्मिक उपचार जुनसुकै अस्पतालमा गर्न सकिन्छ। तर अन्य उपचार सरकारी अस्पतालमा हुनुपर्नेछ,' सूचना अधिकारी थापा मगरले भने।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार उक्त आर्थिक वर्षमा देशभरका निकुञ्ज, आरक्ष र मध्यवर्ती क्षेत्रमा सबै खालका वन्यजन्तुबाट भएको आक्रमणका घटनामा १४ जना सामान्य घाइते भएका थिए। उनीहरूलाई १ लाख ६९ हजार २४ रुपैयाँ खर्च उपलब्ध भएको थियो। त्यसैगरी गम्भीर घाइते भएका ५७ जनालाई ५२ लाख ८७ हजार १ सय ७४ रुपैयाँ उपलब्ध भएको थियो। त्यसैगरी उक्त आर्थिक वर्षमा १५ जनाको मृत्यु भएको थियो।

### उद्धार गरेका बाघ अशक्त भए खोरमा

मानव बस्तीमा आएर स्थानीय र पशु चौपायालाई आक्रमण गर्ने बाघलाई निकुञ्जको टोलीले नियन्त्रणमा लिँदै आएको छ। त्यस्ता बाघको स्वास्थ्य अवस्था हेरेर निकुञ्ज कार्यालयले निर्णय लिने गर्छ। अचानक घटना भए बाघ पूर्ण स्वस्थ र सिकार गर्न सक्षम छ भन्ने यकिन भएपछि जंगलमा पठाउने गरिन्छ। तर बूढो, अशक्त, घाउचोट लागेको सिकार गर्न नसक्ने अवस्थाको भए खोरमा राख्ने गरिन्छ। चितवन निकुञ्जका सूचना अधिकारी थापा मगरका अनुसार चितवन निकुञ्जमा रहेका सात वटै खोर भरिएका छन्।

चितवनको खोर भरिएपछि साउन ३१ मा चितवनको पूर्वी भेग राप्ती नगरपालिका-१ पिप्लेबाट नियन्त्रणमा लिएको बाघलाई पर्सा पठाउनुपरेको थियो। पर्सा राष्ट्रिय निकुञ्जमा दुई वटा खोर भएकामा चितवनबाट ल्याएको एउटा बाघ राखेको निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाले बताए। त्यसैगरी बर्दिया राष्ट्रिय निकुञ्जमा बुधबार मात्रै एउटा बाघ नियन्त्रणमा लिएपछि त्यहाँ खोरमा राखेको बाघको संख्या ६ पुगेको निकुञ्जका प्रमुख अशोक रामले जानकारी दिए। त्यहाँ ६ वटा मात्रै बाघ राख्न सकिन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ अनुसन्धान अधिकृत गणेश पन्तका अनुसार जावलाखेलस्थित सदर चिडियाखानामा तीन वटा बाघ छन्। त्यसैगरी बाँके निकुञ्जको खोरमा पनि एउटा बाघ छ। यसरी चिडियाखाना र अन्य खोर तथा होल्डिङ सेन्टरमा गरेर कुल १८ वटा बाघ बन्धनभित्र रहेका छन्। थप बाघ नियन्त्रणमा लिएर खोरमा राख्ने अवस्था आए ठाउँ नहुने समस्या देखिएको छ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — कुनै कुराले अनाहकमा अलमल्याउन सक्छ । नहड्बडाइकन काम गर्नुपर्ने अवस्था छ । मनमा रिस उठिहाले पनि शान्त र तटस्थ रहनु नै राम्रो हुनेछ ।

**वृष** — कतै जाने प्रबन्ध मिल्न सक्छ । तपाईंको सहजताको विचार गरिनेछ । मनपर्दो क्रियाकलापमा मन रम्नेछ ।

**मिथुन** — काम गर्ने जाँगर बढ्नेछ । मनमा भएको संकोच हटेर जानेछ । प्रायः सबै कुराहरू आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन् ।

**कर्कट** — कामविशेषले कतै निस्किनुपर्नेछ । कुनै-कुनै कुरामा हेरफेर हुन सक्छ । समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ ।

**सिंह** — कुनै कुराले मनमा दोधार हुनसक्छ । अत्यावश्यक कुरामा जोड दिइनेछ । हरेक कुरामा अद्यावधिक हुने प्रयत्न गरिनेछ ।

**कन्या** — कुनै कुराले गर्दा मन हल्का हुनेछ । स-साना कुराले पनि मनमा खुसी प्रदान गर्नेछ । समग्रमा हेर्दा दिन राम्रै रहनेछ ।

**तुला** — कसैको साथ लागी कतै जानुपर्ने हुन सक्छ । कुनै कुरामा खर्च हुन सक्छ । बेलामौका विचारेर आफूलाई प्रस्तुत गरिनेछ ।

**वृश्चिक** — कुनै कुराले मनमा उत्साह बढ्नेछ । समय आफू अनुकूल बन्दै जानेछ । इच्छानुसार कामलाई तह लगाइनेछ ।

**धनु** — कुनै कुराले मनमा कुरा खेल्न सक्छ । सकारात्मक सोचमा रहने प्रयास गरिनेछ । आफैंले आफ्नो सहजताको विचार गरिनेछ ।

**मकर** — कुनै कुराले गर्दा मन उत्साहित हुनेछ । समसामयिक कुरामा जोड दिइनेछ । कुनै नयाँ काम गर्न मन लाग्न सक्छ ।

**कुम्भ** — कुनै कुराले मनमा हौसला बढ्नेछ । समयलाई आफू अनुकूल चलाउन खोजिनेछ । जसरी पनि आफूखुसी रहने प्रयत्न हुनेछ ।

**मीन** — कुनै कुराको जिम्मेवारी आइलाग्नसक्छ । समयावस्था सोचेर निर्णय गर्नुपर्ला । आफ्नो सहजता पनि विचारेर काम गर्नुपर्ने बेला छ ।

# बागमती सरकार गठनले राप्रपामा विवाद

## मुख्यमन्त्रीमा एमालेका किरण थापा मगरको दाबी पेस, एमालेबाट मुख्यमन्त्रीसहित तीन मन्त्री, नेकपाबाट सभामुख र दुई मन्त्री तथा राप्रपाबाट तीन मन्त्री बनाउने सहमति

**गंगा बीसी** (काठमाडौं) र **सुवास बिडारी** (हेटौंडा)

बागमती प्रदेशमा मुख्यमन्त्रीका लागि एमाले संसदीय दल उपनेता किरण थापा मगरलाई समर्थन गर्ने विषयलाई लिएर राप्रपाभित्र विवाद चुलिएको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले एमालेलाई समर्थन गरेपछि उनलाई कारबाही गर्न पार्टी तयारी थालेको छ । थापाले भने दलको नेताका हैसियतले आफूले एमाले-नेकपा गठबन्धन सरकारलाई समर्थन गरेको र यो समर्थन कायम रहने बताएका छन् ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले बागमती प्रदेशसभामा सरकार निर्माण प्रक्रियामा राप्रपाले कुनै पनि दललाई समर्थन नगरेको दाबी गरेका छन् । मुख्यमन्त्रीमा एमालेका किरण थापा मगरको समर्थनमा बुधबार बुझाइएको पत्र पार्टीको निर्णयविपरीत रहेको उनले बताए । 'प्रदेश सरकार निर्माणमा राप्रपाले कुनै निर्णय गरेको छैन,' उनले भने, 'पार्टी निर्णयविपरीत गतिविधिमा संलग्नहरूमाथि अनुशासनको कारबाही प्रक्रिया सुरु भइसकेको छ ।'

लिङ्देनले यस विषयमा प्रदेश प्रमुखलाई जानकारी गराइसकिएको बताए । राप्रपा बागमती प्रदेशसभा संसदीय दलका नेता थापाले एमाले-नेकपालाई समर्थन गरेको हस्ताक्षर बाहिरिएपछि राप्रपा प्रवक्ता मोहन श्रेष्ठले गम्भीर अनुशासन उल्लंघन भएको प्रतिक्रिया दिए । 'सरकार निर्माणमा राप्रपाको सहमति भन्ने विषयमा कुनै सत्यता छैन । गत २० साउनमा बसेको पार्टीको केन्द्रीय कार्यसम्पादन समिति बैठकले सरकार निर्माणको कुनै गणितीय चलखेलमा राप्रपा सहभागी नहुने र कुनै निर्णय लिनुपर्ने अवस्था आए पार्टीको बृहत्तर हितलाई ध्यान दिई उपयुक्त समयमा उपयुक्त निर्णय लिने अधिकार अध्यक्षलाई प्रदान गरेको छ,' उनले विज्ञप्तिमा भनेका छन् । पार्टीको बागमती प्रदेश संसदीय दललाई सरकार निर्माणको क्रममा तटस्थ बस्न १ भदौमा निर्देशन दिइएको पनि श्रेष्ठले जनाएका छन् ।

राप्रपा संसदीय दलका नेता थापाले पार्टीको हितका लागि एमालेले दाबी प्रस्तुत गरेका मुख्यमन्त्रीलाई समर्थन गरेको बताए । 'बागमती सरकार निर्माणमा पार्टी केन्द्र जिम्मेवार हुन सकेन । हामीले पार्टीको हितमा निर्णय गरेको हो । धेरै तनाव लिनु हुँदैन,' उनले भने ।



> बागमती प्रदेशसभामा सरकार निर्माण प्रक्रियामा राप्रपाले कुनै पनि दललाई समर्थन गरेको छैन, पार्टी निर्णयविपरीत गतिविधिमा संलग्नहरूमाथि अनुशासनको कारबाही प्रक्रिया सुरु भइसकेको छ
>
> ● **राजेन्द्र लिङ्देन**
> राप्रपा अध्यक्ष



> बागमती सरकार निर्माणमा पार्टी केन्द्र जिम्मेवार हुन सकेन, संसदीय दलको नेताका हैसियतले मैले पार्टी हितकै लागि एमाले-नेकपा गठबन्धन सरकारलाई समर्थन गरेको हो, समर्थन कायमै रहन्छ
>
> ● **उद्धव थापा**
> राप्रपा संसदीय दल नेता

राप्रपा प्रमुख सचेतक कुमारी तामाङले दलका नेता थापाले व्यक्तिगत रूपमा एमालेका प्रस्तावित मुख्यमन्त्री थापालाई समर्थन गरेको बताइन् । 'हाम्रो पार्टीको निर्णय सरकारमा जाने होइन । दलका नेताले व्यक्तिगत रूपमा एमालेबाट अघि सारिएका किरण थापालाई समर्थन गर्नुभएको हो,' उनले भनिन्, 'यस विषयमा संसदीय दलको बैठक पनि बसेको छैन ।'

एमालेका सांसद किरण थापा मगरले आफ्नो नेतृत्वमा सरकार गठनका लागि बुधबार नै दाबी पेस गरेका छन् । उनले प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई भेटेर बहुमत सदस्यको हस्ताक्षरसहित दाबी पेस गरेका हुन् । सदनको चौथो ठूलो दल राप्रपाले सहयोग गर्दा एमाले नेतृत्वको सरकार गठनका लागि बहुमत पुग्छ ।

मुख्यमन्त्रीमा प्रस्तावित थापा मगरले राप्रपा सरकारमा सहभागी हुने भएकाले बहुमत पुग्ने बताए । 'राप्रपाको कार्यसम्पादन समितिले सरकारमा सहभागी नहुने भनेको छैन, उपयुक्त समयमा उपयुक्त निर्णय गर्ने भनेको छ । त्यहीअनुसार उहाँहरूले मलाई समर्थन गर्नुभएको हो । हामी तीन दल मिलेर छलफल गर्छौं,' उनले भने, 'सुरुवातमा हामी सानो मन्त्रिपरिषद् गठन गरेर अगाडि बढ्ने तयारीमा छौं । तीनै दल सरकारमा सहभागी हुने सहमति भएको छ ।'

पूर्वमुख्यमन्त्री एवं नेकपा बागमती संसदीय दलका नेता शालिकराम जमकट्टेलले बिहीबार थापा मगरको नेतृत्वमा सरकार बन्ने बताए । 'तीन दलको समर्थनमा किरणजी बिहीबार मुख्यमन्त्री नियुक्त हुनुहुनेछ,' उनले भने, 'राप्रपाका सांसदहरू सरकारमा जान तयार हुनुहुन्छ । राप्रपा केन्द्रको हस्तक्षेपले सांसदहरूको निर्णयमाथि कानुनी प्रश्न उठ्न सक्छ तर अब सरकार गठन हुन्छ ।'

एमाले र नेकपाले केन्द्रमा गरेको सहमतिमा बागमती प्रदेश सरकारमा एमालेले नेतृत्व गर्ने उल्लेख छ । एमालेभित्र मुख्यमन्त्री को बन्ने भन्ने विवादका कारण सरकार गठन प्रक्रिया अलमलमा पर्दै आएको थियो । मंगलबार बसेको एमाले संसदीय दलको बैठकले दलको नेतामा जगन्नाथ थपलियालाई नै कायम राख्ने र मुख्यमन्त्रीमा थापा मगरलाई अगाडि बढाउने निर्णय गरेको थियो ।

हाल १ सय ४ सांसद रहेको बागमती प्रदेशसभामा सरकार गठनका लागि ५३ सिट चाहिन्छ । नेकपासँग २६ र एमालेसँग २५ सांसद छन् । राप्रपाका १२ सांसदले साथ दिँदा स्पष्ट बहुमत हुन्छ । राप्रपाका १२ सांसदले समर्थन फिर्ता लिए के गर्ने भन्नेबारे एमाले-नेकपामा छलफल सुरु भएको छैन । 'पहिले सरकार बनाउने कुरा छ, त्यसपछि अरू विकल्पमा छलफल हुन्छ,' नेकपा नेता जमकट्टेलले भने ।

नेकपाले सभामुख र २ मन्त्रालय, एमालेले मुख्यमन्त्रीसहित ३ र राप्रपाले ३ मन्त्रालय लिने तीनदलीय सहमति बनेको छ । जसअनुसार नेकपाले आर्थिक मामिला तथा योजना र खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय लिनेछ । एमालेसँग भौतिक पूर्वाधार विकास र आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय हुनेछ । राप्रपाले स्वास्थ्य तथा सामाजिक विकास, कृषि तथा पशुपन्छी विकास र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय पाउनेछ ।

राप्रपाले समर्थन फिर्ता लिए तीन सिट भएको नेमकिपालाई सभामुख दिएर फकाउने गठबन्धनको तयारी छ । दुई सिट भएको हाम्रो नेपाली पार्टीलाई पनि साथ लिन प्रयास गर्ने गठबन्धनका एक नेताले बताए ।

### मन्त्री र सांसदलाई रास्वपा सभापतिको निर्देशन

# 'अमर्यादित गतिविधि गरेर रमिता नदेखाउन्'



**सिंहदरबारमा बुधबार बसेको रास्वपा संसदीय दलको बैठकमा सभापति रवि लामिछानेलगायत नेता ।** तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**जयसिंह महरा** (काठमाडौं)

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले संसद्मा मर्यादित भएर प्रस्तुत हुन मन्त्री र पार्टीका सांसदहरूलाई निर्देशन दिएका छन् । सांसद र मन्त्रीहरूको गतिविधिलाई लिएर सार्वजनिक आलोचना हुन थालेपछि उनले मर्यादित बन्नुपर्नेमा जोड दिएका हुन् ।

पार्टी संसदीय दलको कार्यालय सिंहदरबारमा बुधबार बसेको संसदीय दलको बैठकमा सभापति लामिछानेले मन्त्री र सांसदहरूलाई सरकारका कामकारबाही कसरी सम्पादन गर्ने र संसद्मा कसरी प्रस्तुत हुने भन्ने सम्बन्धमा सुझावसमेत दिएका थिए । त्यसक्रममा उनले भनेका थिए, 'अमर्यादित गतिविधि गरेर रमिता नदेखाउनुस् । सांसद र मन्त्री दुवैले आफ्नो व्यवहार र गतिविधिमा संसदीय मर्यादा कायम गर्नुपर्छ ।'

जनताले सांसदहरूलाई प्रश्न गरिरहेको र सांसदले मन्त्रीलाई प्रश्न गरिरहेको यथार्थ आफूलाई जानकारीमा रहेको सभापति लामिछानेको भनाइ थियो । योग्यताक्रम र समावेशितालाई ख्यालमा राखेर अगाडि बढ्नुपर्ने पनि उनले बताएका थिए । उनले भने, 'घमण्ड त्यागेर आपसी समन्वय र संवादमा काम गर्नुपर्छ । सांसद र मन्त्रीबीच सहकार्य र समन्वय भए मात्रै सरकार प्रभावकारी हुन्छ । एकअर्कासँग स्पष्ट रूपमा संवाद गर्नुस् ।'

प्रतिनिधिसभा बैठकमा बोल्ने विषयमा मुख्य सचेतक कवीन्द्र बुर्लाकोटी, सचेतकहरू प्रकाशचन्द्र परियार र क्रान्तिशिखा धितालला‌ई जानकारी दिन पनि सभापति लामिछानेले निर्देशन दिएका थिए । सांसद र मन्त्रीले आफ्ना गतिविधि पारदर्शी बनाउनुपर्नेमा जोड दिँदै उनले भनेका थिए, 'संसद्मा बोल्ने विषय, भ्रमण, भेटघाटलगायत गतिविधिबारे पार्टीलाई जानकारी गराउनुपर्छ ।'

सभापति लामिछानेले संसद्को यो कार्यकाल मात्रै राजनीति गर्छु भनेर आएका नेताहरूलाई ससम्मान बिदाइ गर्ने बताएका थिए । उनले भनेका थिए, 'राजनीति ५ वर्ष मात्रै गर्ने हो भने फूलमाला लगाएर बिदाइ गर्दिन्छु । लगानीबिना बाटोमा पद भेटेजस्तो लाग्छ भने केही भन्न सकिन्न ।' सभापति लामिछानेले विगतमा रास्वपाको आलोचना र घृणा गर्नेहरू अहिले आफूभन्दा ठूला रास्वपा भएको टिप्पणी गरेका थिए । 'रास्वपालाई घृणा गर्नेहरू आज रवि लामिछानेले भन्दा ठूलो घण्टी बोक्न थालेका छन्,' उनले भनेका थिए ।

सरकार शक्तिशाली भए पनि विपक्षी दलहरू पनि एकताबद्ध भएर संसद्मा प्रस्तुत भइरहेको लामिछानेको भनाइ थियो । त्यसैले पनि सांसद, दल र सरकारबीचको समन्वय अझ प्रगाढ बनाउनुपर्ने उनको भनाइ थियो ।

मन्त्री र सांसदहरूलाई प्रचारमुखीभन्दा काममा ध्यान दिन पनि सभापति लामिछानेले भनेका थिए । उनले मन्त्रीहरूबारे सांसदका गुनासो सुनेका थिए । सांसदहरूले मन्त्रीका कार्यशैलीलाई लिएर आलोचना गरेका थिए । जवाफमा सभापति लामिछानेले आगामी दिनमा मन्त्रीहरूको कार्यशैली परिवर्तन हुने र सांसदले उठाएका विषय सम्बोधन गरिने बताएका थिए । 'अब मन्त्रीहरूको कार्यशैली परिवर्तन हुन्छ तर मन्त्री फेरिँदैनन् । सबै समस्याको सामूहिक रूपमा सामना गर्नुपर्छ,' सभापति लामिछानेले भनेका थिए । मन्त्रीहरूलाई प्रभावकारी रूपमा काम गर्न पनि उनले निर्देशन दिएका थिए । 'आवश्यक परेको बेला पार्टीले निर्णय गर्छ, तर अहिले मन्त्री परिवर्तन हुँदैनन् । ढुक्क भएर काम गर्नुस्,' उनले भनेका थिए ।

सरकार र मन्त्रीका कामकारबाहीलाई लिएर संसद्मा प्रश्न गर्न पनि सभापति लामिछानेले सांसदहरूलाई भनेका थिए । सांसदले सरकारको कामको समीक्षात्मक रूपमा टिप्पणी गर्नुपर्ने र संसदीय मर्यादामा भने रहनुपर्ने उनको भनाइ थियो । मन्त्रीलाई भनेका काम भएनन् भने आफूकहाँ आउन पनि सभापति लामिछानेले सांसदहरूलाई भनेका थिए ।

सभापति लामिछानेले संसदीय दलको आगामी बैठक दलका नेता तथा प्रधानमन्त्री वालेन्द्र शाहको उपस्थितिमा हुने जानकारी गराएका थिए । प्रधानमन्त्री शाहसँग संसदीय दलको बैठकबारे आफूले कुराकानी गरिसकेको पनि जानकारी गराएका थिए । सभापति लामिछानेले सांसदहरूलाई विपक्षी दलका सांसदले बोलेका विषयलाई लिएर प्रतिवाद नगर्न भनेका थिए । विपक्षी दलका सांसदले आफ्नो भूमिका निर्वाह गरिरहेको जनाउँदै उनले संसद्मा अभिव्यक्ति दिएकै कारण प्रतिवादमा उत्रिन नहुने बताएका थिए ।

# ईसीडी शिक्षक, विद्यालय कर्मचारीको तलब ५ हजारले वृद्धि

**सुदीप कैनी** (काठमाडौं)

सरकारले प्रारम्भिक बालविकास (ईसीडी) शिक्षक, विद्यालय कर्मचारी र संघीय अनुदानमा कार्यरत शिक्षकको तलब वृद्धि गरेको छ ।

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार बुधबार बसेको मन्त्रिपरिषद् बैठकले ईसीडी शिक्षक, विद्यालय कर्मचारी (लेखा हेर्ने) र विद्यालय सहयोगीको तलब मासिक ५ हजारका दरले वृद्धि गर्ने निर्णय गरेको हो । त्यस्तै संघीय अनुदानमा शिक्षण गर्ने निम्नमाध्यमिक र माध्यमिक तहको शिक्षकको तलब पनि वृद्धि गरिएको छ । बजेटमा सरकारी कर्मचारी र शिक्षकको तलब २१ प्रतिशतसम्म वृद्धि भए पनि सामुदायिक विद्यालयमा कार्यरत उनीहरूको तलब नबढेकामा सरकारको आलोचना हुँदै आएको थियो ।

शिक्षा मन्त्रालयको तथ्यांकअनुसार देशभर ३० हजार ६ सय ५७ जना ईसीडी शिक्षक, २५ हजार ६ सय ३७ जना विद्यालय सहयोगी, ७ हजार १ सय ३७ जना विद्यालय कर्मचारी (लेखा हेर्ने) छन् । त्यस्तै मावि तहमा ७ हजार ५ सय ४४ र निमावि तहमा ३ हजार ६५ जना संघीय अनुदान कोटाका शिक्षकहरू रहेका छन् । यसबाहेक पनि स्थानीय तह र विद्यालय आन्तरिक स्रोतमा राखेका ईसीडी शिक्षक, विद्यालय कर्मचारी, सहयोगी र निजी स्रोतका शिक्षक पनि कार्यरत छन् । उनीहरूको सबैको संख्या ८० हजारभन्दा बढी रहेको अनुमान छ ।

> ईसीडी शिक्षकले मासिक १२ हजारबाट १७ हजार रुपैयाँ तलब प्राप्त गर्नेछन्, विद्यालय सहयोगीको तलब १० हजारबाट वृद्धि भएर १५ हजार रुपैयाँ पुगेको छ, लेखा हेर्ने विद्यालय कर्मचारीको तलब १५ हजारबाट २० हजार रुपैयाँ पुगेको छ

तलब वृद्धि गर्दा राज्यलाई वार्षिक ४ अर्ब ६८ करोड ९८ लाख २८ हजार रुपैयाँ दायित्व थप हुने शिक्षामन्त्री पोखरेलले जनाए । तलब वृद्धिको निर्णयपछि संघीय शिक्षण सहयोग अनुदान कोटाका मावि तहका शिक्षकको मासिक तलब ४३ हजार ६ सय ६९ रुपैयाँबाट बढेर ४८ हजार ५८ रुपैयाँ पुगेको छ । त्यस्तै, आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक ३४ हजार ७ सय ३० रुपैयाँबाट ३८ हजार २ सय ३ रुपैयाँ कायम गरिएको छ ।

सरकारको निर्णयपछि ईसीडी शिक्षकले मासिक १२ हजारबाट १७ हजार रुपैयाँ तलब प्राप्त गर्नेछन् । त्यस्तै विद्यालय सहयोगीको तलब १० हजारबाट वृद्धि भएर १५ हजार रुपैयाँ पुगेको छ । लेखा हेर्ने विद्यालय कर्मचारीको तलब १५ हजारबाट २० हजार रुपैयाँ पुगेको छ । यद्यपि स्थानीय तह र विद्यालयले आफ्नो अनुकूलताअनुसार ईसीडी शिक्षक, विद्यालय कर्मचारी, सहयोगी र अनुदान कोटाका शिक्षकलाई थप रकम पनि मासिक तलबमा उपलब्ध गराउँदै आएका छन् । संघीय सरकारले निर्धारित न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक पारिश्रमिक दिन स्थानीय तहलाई परिपत्र गर्दै आएको छ । ईसीडी शिक्षक र विद्यालय कर्मचारीसहित शिक्षक महासंघले ईसीडी शिक्षक र विद्यालय कर्मचारीको दरबन्दी कायम गर्नुपर्ने, शिक्षक र निजामती कर्मचारी सोसरह सेवा सुविधा र पारिश्रमिक पाउनुपर्ने, सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नुपर्नेलगायत माग राख्दै आएका छन् ।

# बलात्कारपछि बालिकाको हत्या

**लक्ष्मी साह** (बारा)

जितपुरसिमरा-१ की ४ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा दुई युवा पक्राउ परेका छन् । प्रहरीले १७ र २४ वर्षका स्थानीय ती युवालाई पक्राउ गरेर अनुसन्धान थालेको जनाएको छ । गत आइतबार घरबाटै हराएकी बालिकाको शव मंगलबार फेला परेको थियो । बालिकालाई बलात्कार गरेको र पहिचान खुल्न सक्ने डरले हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालयका नायब उपरीक्षक मीनबहादुर घलेले बताए । 'बलात्कार र हत्या कसुरमा थप अनुसन्धान भइरहेको छ,' उनले भने ।

पक्राउ परेका युवामाथि अनुसन्धान गर्न प्रहरीले बुधबार बारा जिल्ला अदालतबाट ४ दिनको अनुमति लिएको छ । बालिकाको शव कलैया अस्पतालमै राखिएको छ । बालिका स्थानीय सरस्वती प्राविको बालविकास कक्षामा पढ्दै थिइन् । दोषीलाई कडा कारबाही, पीडितलाई राहत र घटनामा संलग्न सबैलाई पक्राउ गर्न माग गर्दै पीडित परिवार र स्थानीयले बुधबार रातिसम्म सिमरामा प्रदर्शन गरेका थिए ।




सम्पादकीय

# सम्भावनालाई जीवनसँग जोड्न लगानीलाई प्रोत्साहन

कर्णालीको आर्थिक-सामाजिक स्थितिलाई प्रस्ट्याउन प्रायः भन्ने गरिन्छ- सम्भावना अथाह छ, तर गरिबी खेप्न बाध्य छ । पर्यटन, जडीबुटी, जलविद्युत्, कृषि लगायतका धेरै क्षेत्रमा कर्णाली प्रदेशले ठूलो सम्भावना बोकेको छ । तर, त्यस्ता सम्भावना उद्योग र उत्पादनसँग जोडिन सकेका छैनन् । रोजगारी र आम्दानीको बलियो आधार बन्न सकेको छैन । स्वरोजगारी फस्टाउन सकेको छैन । यसले गर्दा गरिबी तुलनात्मक रूपमा बढी छ । मानव विकास सूचकांकका आयाम पनि कमजोर छन् । वर्षौंसम्म कर्णाली र आसपासको आर्थिक-सामाजिक स्थितिमा उल्लेखनीय सुधार हुन नसक्नुमा राज्यको संवेदनशीलता र प्राथमिकताको अभाव पुष्टि हुन्छ । संघीयता कार्यान्वयनमा आएसँगै त्यहाँको सम्भावनाहरू अवसरमा परिणत हुने र मानिसको जीवन गुणस्तरीय बन्दै जाने अपेक्षा गरिएको थियो । यद्यपि, त्यतातर्फको यात्रा अत्यन्तै सुस्त छ । यसर्थ, गरिबी, खाद्य असुरक्षा, बेरोजगारी, अशिक्षा, स्वास्थ्य सेवामा पहुँचको अभाव जस्ता समस्याको समाधान गर्दै कर्णालीलाई पनि अन्य प्रदेशको हाराहारीमा अघि बढाउन तीनै तहका सरकारले व्यावहारिक योजना अघि बढाउनुपर्छ ।

कर्णाली र सुदूरपश्चिमको समस्या करिब उस्तै हो । स्थानीय उत्पादनले अधिकांश परिवारलाई वर्षभरि खान पुग्दैन । सिँचाइ अभावका कारण बर्खेबाली मात्रै उत्पादन हुने गरेको छ । उद्योगधन्दा नहुँदा स्थानीयस्तरमै रोजगारीका सम्भावनाहरू कमजोर छन्, जसले गर्दा दुर्गम क्षेत्रका प्रायः युवा रोजगारीका लागि भारततर्फ जाने गरेका छन् । त्यसले परिवारका सदस्यहरूलाई बिछोड बनाएको छ । त्यसको सामाजिक र पारिवारिक मूल्य पनि चुकाउनुपर्ने बाध्यता छ । समयमै स्वास्थ्य उपचार नपाउँदा सामान्य रोग लाग्दा वा गर्भवती/सुत्केरी अवस्थामै पनि ज्यान गुमाउनुपर्ने बाध्यता छ । गरिबी व्याप्त ठाउँमै पहिरो, भूकम्प वा अन्य जनधनका क्षति हुने विपद् निम्तिँदा गरिबी झन् थपिने गरेको छ । त्यसबाट उकासिन थप कठिनाइ हुने गरेको छ । गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच नहुँदा पछिल्लो पुस्ता पनि उस्तै गरिबी र अभावमा बाँच्नुपर्ने सम्भावना रहने गरेको छ । समग्रमा ठूलो हिस्साका नागरिक कमजोर आय, रोजगारीको अभाव, खाद्यान्नमा परनिर्भरता, शिक्षा र स्वास्थ्यको कमजोर पहुँच तथा पूर्वाधारको अभावमा जीवन चलाउन बाध्य छन् ।

कर्णाली र सुदूरपश्चिमको अवस्था करिब उस्तै हो । पर्यटनको सम्भावना छ । तर भौतिक पूर्वाधारको अभावमा पर्यटक दोहोरिएर जाने सम्भावना भने न्यून छ । सुरक्षित सडक, बस्न-खान सुविधायुक्त होटल, वाइफाई लगायतका सुविधाको अभाव छ । जडीबुटीको पनि सम्भावना छ । त्यहाँका उच्च हिमाली भेगमा पाइने यार्सागुम्बु, पाँचऔंले तथा जटामसी जस्ता जडीबुटीको संकलन, भण्डारण, प्रशोधन र बजारीकरणको बलियो चक्र निर्माण हुन सकेको छैन । जडीबुटी उद्योग नखुलेका कारण प्रशोधित वस्तु बिक्रीबाट बलियो आम्दानी भित्रिन सकेको छैन नै, स्थानीयस्तरमै रोजगारीका अवसर वृद्धि हुन पनि सकेको छैन । कृषिमा पनि उच्च सम्भावना देखिन्छ । विज्ञहरूले खेतीयोग्य सबै जमिनमा उत्पादन भएमा खाद्यान्न र तरकारीमा आत्मनिर्भर बन्न सकिने बताउने गरेका छन् । तर सिँचाइ सुविधा, प्रविधि, जनशक्ति र बजारीकरणकै अभाव छ । परिणामतः कतिपय क्षेत्रमा खाद्य असुरक्षा छ । बाहिरबाट खाद्यान्न आयात गर्नुपर्ने बाध्यता छ । जलविद्युत्का सम्भावना पनि सम्भावनामै सीमित छ, त्यसले पनि आर्थिक विकासमा बलियो भरथेग गर्न सकेको छैन ।

देशभर नै साना, मझौला वा ठूला उद्योग खोल्ने उत्साहमा कमी आएको पाइन्छ । राष्ट्र बैंकका प्रतिवेदनहरूले बागमतीबाहेक अन्य प्रदेशमा उद्योग खोल्ने दर अझै कमजोर भएको देखाउँछ, कर्णाली र सुदूरपश्चिममा उद्योगको संख्या झनै कम छ । निजी क्षेत्रको गतिविधि नै कम भएको स्थानमा सरकारको लगानीले मात्रै अर्थतन्त्र चलायमान बनाउन सक्दैन । जहाँ स्थानीय उत्पादनसँग उद्योग र रोजगारीका अवसर जोडिँदैन, त्यहाँका मानिसको आर्थिक क्षमता पनि बढ्दैन । कर्णाली तथा सुदूरपश्चिममा सम्भावनालाई अवसरमा बदल्नका लागि त्यहाँ उद्योगधन्दा खोल्ने विषयलाई प्राथमिकता दिनैपर्छ । त्यसका लागि सरकारले सुविधा तथा छुटका विशेष घोषणा गर्न सक्छ । लगानी बढेमा रोजगारी र आम्दानी बढ्छ, अर्थतन्त्र चलायमान बन्छ । क्रयशक्ति बढेसँगै माग बढ्छ । मागसँगै उत्पादन बढ्छ । यो चक्रले गुणस्तरीय जीवनका लागि लगानी गर्ने सम्भावना बढ्छ । अर्थात् शिक्षा र स्वास्थ्यका पूर्वाधारमा सरकार र निजी क्षेत्रको लगानी पनि बढ्छ । परिवारले पनि शिक्षा, स्वास्थ्य तथा पोषण जस्ता क्षेत्रमा लगानी बढाउँछन् । समग्रमा जीवनलाई नै गुणस्तरीय बनाउँदै लैजान्छ ।

संघीयताको अभ्यास सुरु गर्नुको अन्य धेरै कारणमध्ये एक थियो- मानिसले स्थानीयस्तरमै काम गरी खाने वातावरण बनाउन तीन तहका सरकारले ध्यान दिनेछन् । तर, बजेटको अभाव र उपलब्ध बजेटलाई पनि मानिसको जीवनस्तर उकास्ने रणनीतिक काममा लगानी गर्न नसक्दा दुर्गम क्षेत्रका मानिसको जीवनस्तर उकासिने गति खासै तीव्र हुन सकेको छैन । त्यसैले तीनै तहका सरकारले दुर्गम क्षेत्रलाई पनि सानो-ठूलो आर्थिक केन्द्र बनाउने कामलाई प्राथमिकता दिनुपर्छ । त्यसका लागि ती क्षेत्रमा पूर्वाधार पुर्‍याउनुपर्छ । खासगरी स्थानीय सरकारले आफ्नो पालिकाका विशिष्ट उत्पादनलाई उद्योगसँग जोड्ने उपाय खोज्नुपर्छ । विशिष्ट उत्पादन र उद्योगबीच तालमेल मिलाउँदै साना तथा मझौला उद्योगहरूलाई प्रोत्साहन गर्न सकियो भने त्यसले हरेक स्थानीय तहलाई आर्थिक-सामाजिक-राजनीतिक रूपमा चलायमान बनाउनेछ । विकासको वितरणलाई पनि सन्तुलित बनाउँदै लैजान्छ । स्थानीय सम्भावनाहरू मानिसको जीवनसँग जोडिन्छन् ।

# सीमाञ्चलका सुस्केरा



डेटलाइन तराई
चन्द्रकिशोर

(राजनीतिक विश्लेषक चन्द्रकिशोर कान्तिपुरका स्तम्भकार हुन्)

सर्लाहीको सदरमुकाम मलंगवा दशगजाको वारि पर्छ, पारि सोनबरसा (सीतामढी, बिहार) । सीमावर्ती मानिसका लागि पारिको बजार कहिल्यै पूर्णतः 'विदेश' हुँदैन । बजार पारि हुन्छ, तर बाटो पुरानै हुन्छ । पसलेको अनुहार चिनेको हुन्छ । भाषामा कुनै अनुवाद चाहिँदैन । मोलतोल गर्दा पनि आफ्नो लवज सुनिन्छ । सोनबरसा र मलंगवाबीचको दूरी नक्सामा जति होला, जीवनमा त्यति छैन । सीमाका सम्बन्धहरू नागरिकताभन्दा पुराना हुन्छन् ।

राजधानीमा बसेर नीति निर्माताले 'अन्तर्राष्ट्रिय सीमा' भन्न सक्छन् । तर सीमाका मानिस दूरीलाई अरू ढंगले नाप्छन् । कति बेरमा बजार पुगिन्छ ? कति बेरमा घर फर्किन्छ ? पारिको हाटमा चिनी कति सस्तो छ ? यताको पसलमा तेल कति महँगो छ ? बिरामी हुँदा कुन अस्पताल नजिक पर्छ ? सीमाको वास्तविक भूगोल यही हो । त्यहाँ नक्साका रेखाहरूभन्दा सम्बन्धका बाटाहरू पुराना हुन्छन् ।

सीमामा अचानक एक दिन बलरा नगरपालिका-५ अर्नाहाका सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह दाजुभाइ समातिए । त्यसपछि भारतीय जेल लगिए । र, ३८ दिनको कानुनी लडाइँपछि जमानतमा घर फर्किन पाए । उनीहरूको साथमा थियो, मल । तर त्यो क्षणदेखि उनीहरू किसान रहेनन् । उनीहरू 'आरोपी' भए । कानुनको भाषामा अवैध कारोबारी । सीमाको भाषामा सन्दिग्ध व्यक्ति ।

यो प्रसंग सुन्दा अलिकति अचम्म लाग्छ । कसरी किसान जेलमा घेरिए ? उनीहरूका हातमा हतियार थिएन । सुनको बिस्कुट थिएन । नक्कली नोट थिएन । कुनै प्रतिबन्धित वस्तु थिएन । थियो त केवल मल । त्यो मल, जुन किसानका लागि कुनै तस्करीको वस्तु होइन । त्यो उसको धानको आशा हो । खेतको हरियो हुने सम्भावना हो । घरको भात हो ।

सीमाछेउका बासिन्दाहरूका लागि 'पारि' र 'वारि' दुई अलग संसार होइनन् । कहिलेकाहीं त एउटै गाउँका दुई टोल जस्ता लाग्छन् । भाषा उस्तै । खाना उस्तै । बोलीको मिठास उस्तै । दुःखको आकार उस्तै । विवाहका गीत उस्तै । मृत्युका रुवाइ उस्तै । बजारको चहलपहल उस्तै । तर राज्यको दृष्टिमा यी दुई संसार अलग छन् । भारतमा अनुदानित मल किसानका लागि आवश्यक कृषि सामग्री हो । नेपालमा त्यही मलको अभाव किसानको नियति बनेको छ ।

मूल्यको अन्तरले बजारलाई लोभ्याउँछ । अभावले मानिसलाई सीमा पार गराउँछ । अनि कानुनले त्यसलाई तस्करीको नाम दिन्छ । सिंहद्वयको कथा यहींबाट सुरु हुन्छ । तर यो कथा केवल दुई किसानको मात्रै होइन । यो नेपाल-भारत सम्बन्धको एउटा सानो, तर अत्यन्त गहिरो ऐना हो । कहिलेकाहीं ठूला सम्बन्धहरू ठूला बैठकमा होइन, साना घटनामा देखिन्छन् ।

जेलमा बस्दा सुरेशले बारम्बार सम्झिन्थे- यही बाटो भएर बहिनीकहाँ गएको थिएँ । तीनवटै बहिनीहरूको बिहे पारिपट्टि भएको छ । फरक यति मात्र थियो, त्यो बेला काँधमा कोसेली थियो, आज मल छ । सीमाको नजिकै रहेको सुकेश्वरनाथ महादेवमा कैयौं सोमबारी जल चढाएका छन् । बसबिट्टा र मेजरगन्जका बजारहरू उनीहरूका लागि पारिका बजार होइन, घरदैलो जस्तै हुन् । कहिलेकाहीं वस्तु बदलिन्छ र राज्यले मानिसको परिचय पनि बदलिदिन्छ । जब त्यही बाटोमा बोकेको मलले उनीहरूलाई जेल पुर्‍यायो, आफ्नो जीवनको बाटो अचानक अपरिचित लाग्यो । मानिसको जीवनमा सीमा यति ढिलो आइपुग्छ, तर आइपुगेपछि एकैचोटि यति ठूलो भएर उभिन्छ कि उसले बहिनीको घर, देवताको मन्दिर र घरदैलोको बजारलाई पनि 'पारि' भनिदिन्छ ।



१७ असारमा मल लिएर फर्किने क्रममा भारतमा पक्राउ परेका सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह । उनीहरू एक महिनापछि जमानतमा रिहा भएका छन् । तस्बिर : शिव पुरी

> सीमामा हुने ठूलो परिमाणको तस्करी रोक्नु आवश्यक हुन सक्छ । तर प्रश्न यति मात्र हो, के दुई जना किसानले आफ्नो खेतका लागि केही बोरा मल ल्याउनु र संगठित तस्करी एउटै कुरा हो ? कानुनले सबैलाई एउटै आँखाले हेर्न सक्छ । तर समाजले त्यसो गर्न सक्दैन । न्यायको अर्थ केवल कानुन लागू गर्नु होइन । न्यायको अर्थ परिस्थितिलाई बुझ्नु पनि हो ।

दिल्ली र काठमाडौंले सम्बन्धबारे कुरा गर्दा प्रायः उच्चस्तरीय भ्रमण, सम्झौता, व्यापार, सुरक्षा, सीमा विवाद र रणनीतिक साझेदारीका शब्दहरू प्रयोग गर्छन् । तर सीमामा बस्ने मानिसका लागि सम्बन्धको अर्थ अर्कै हुन्छ । सम्बन्ध भनेको वारि-पारि रोजमर्राको दैनिकी हो । सीमा त्यहाँ नक्सामा छ । मानिसको जीवनमा छैन । तर अब बिस्तारै मानिसको जीवनमा पनि सीमा प्रवेश गरिरहेको छ । पहिले सीमा थियो तर सम्बन्ध पनि थियो । अहिले सीमा झन् कडा हुँदै छ, सम्बन्ध झन् असहज हुँदै छ । कागज, कर, पास, चेकपोस्ट, निगरानी, शंका- यी सबै विस्तार भइरहेका छन् । 'रोटी-बेटी' को सम्बन्ध भने यथावत् छ कि छैन ? यो प्रश्न अब केवल भावनात्मक प्रश्न रहेन । यो सीमावर्ती जीवनको वास्तविक प्रश्न हो ।

कानुनले किसानलाई सोध्छ, 'तिमी किन यता आयौ ?' किसानसँग यसको उत्तर सरल हुन्छ, 'मल किन्न ।' तर राज्यलाई यो उत्तर पर्याप्त लाग्दैन । सीमाका मानिस राज्यका लागि प्रायः दुईवटा चीज हुन्छन्- मतदाता र शंकास्पद नागरिक । फाइलमा लेखिएको हुन्छ, मलको आपूर्ति सुनिश्चित गरिनेछ । किसानको खेतमा लेखिएको हुन्छ- 'मल आएन ।' राजधानीमा नीति बन्छ । सीमामा किसान जेल जान्छ । यही हो, राज्यको दूरी । भारतले आफ्नो अनुदानित मल भारतीय किसानका लागि सुरक्षित राख्न खोज्नु स्वाभाविक हो । नेपालले आफ्ना किसानलाई मल उपलब्ध गराउन नसक्नु पनि एउटा वास्तविक संकट हो ।

सीमामा हुने ठूलो परिमाणको तस्करी रोक्नु आवश्यक हुन सक्छ । तर प्रश्न यति मात्र हो, के दुई जना किसानले आफ्नो खेतका लागि केही बोरा मल ल्याउनु र संगठित तस्करी एउटै कुरा हो ? कानुनले सबैलाई एउटै आँखाले हेर्न सक्छ । तर समाजले त्यसो गर्न सक्दैन । न्यायको अर्थ केवल कानुन लागू गर्नु होइन । न्यायको अर्थ परिस्थितिलाई बुझ्नु पनि हो । कानुनले बोरा गन्न सक्छ, किसानको आवश्यकता होइन । उसले मलको मात्रा देख्छ, खेत देख्दैन । सीमा पार गरेको देख्छ, तर सीमा किन पार गर्नुपर्‍यो भन्ने देख्दैन । सिंह दाजुभाइको 'कारा-कथा' यही प्रश्न हो ।

सीमाका गाउँमा एउटा पुरानो भनाइ छ- 'उता बजार सस्तो छ, यता घर नजिक छ ।' सीमाञ्चलका बासिन्दाहरू जीवनभर यही दुईबीच हिँडिरहेका छन् । सीमा वारि-पारि गर्नु उनीहरूको जीवनमा कुनै नयाँ कुरा होइन । नयाँ कुरा के हो भने सीमा अब उनीहरूलाई नयाँ ढंगले हेर्न थालेको छ । पहिले सीमाले मानिसलाई जोड्थ्यो । अब सीमा मानिसलाई जाँच्न थालेको छ । पहिले सीमा पार गर्दा प्रश्न हुन्थ्यो- कहाँ जाँदै छौ ? अब प्रश्न हुन्छ- के बोकेका छौ ? पहिले मानिसको परिचय उसको गाउँ थियो । अब उसको झोलाको परिचय महत्त्वपूर्ण भनिएको छ ।

यस घटनामा विडम्बना यही हो- दुई किसान भारतबाट मल ल्याउँदै थिए । नेपालमा मलको अभाव छ । भारतमा मलको मूल्य तुलनात्मक रूपमा कम छ । सीमामा बजार छ । बीचमा किसान छ र राज्यको कानुन छ । तर दुई देशबीचको सम्बन्ध कहाँ छ ? जब एउटा नेपाली किसान आफ्नो खेतका लागि भारतबाट मल ल्याउँछ । जब एउटा भारतीय परिवारको सदस्य नेपालमा विवाह गर्छ । जब एउटा नेपाली बिरामी भारतको अस्पताल पुग्छ । जब एउटा भारतीय मजदुर नेपालमा काम गर्छ । जब सीमाका दुई गाउँका मानिस एउटै हाटमा भेटिन्छन् । सम्बन्ध त्यही हुन्छ ।

र, राज्यले त्यही सम्बन्ध बुझ्नुपर्छ । यी सबै अनौपचारिक कूटनीतिक अभ्यास थिए । नेपाल-भारत सम्बन्धको 'पब्लिक डिप्लोमेसी' सरकारहरूले बनाएका थिएनन्, नागरिकले बनाएका थिए । बिहेबारी, मलामी, हाट-बजार, अस्पताल, मजदुरी, तीर्थ र पारिवारिक आवतजावत- यी सबै त्यसका औपचारिक संस्था थिए । आज औपचारिक कूटनीति बढेको छ, तर ती अनौपचारिक संस्थाहरू कमजोर हुँदै छन् । सीमा राज्यहरूले बनाउँछन् । तर सम्बन्ध मानिसले । र, अन्ततः इतिहासलाई टिकाइराख्ने कुरा सीमा होइन, सम्बन्ध हो ।

हामी सीमा भनेर जुन रेखाको कल्पना गर्छौं, सीमाञ्चलका बासिन्दाहरूले त्यसलाई त्यसरी कहिल्यै बाँचेका छैनन् । उनीहरूका लागि सीमा नदी जस्तै हो । नदीले दुई किनार छुट्याउँछ, तर पानीलाई छुट्याउँदैन । सीमाले दुई देश छुट्याउँछ, तर सम्बन्धलाई छुट्याउन सक्दैन । तर पछिल्ला वर्षमा सम्बन्धभन्दा शंका छिटो यात्रा गर्न थालेको छ । सीमा खुला छ, तर मनहरू साँघुरा हुँदै गएका छन् । हामी अझै पनि 'रोटी-बेटीको सम्बन्ध' भन्छौं । तर रोटी फलाउने किसान जेल-बास गर्नुपर्छ । यो विडम्बना होइन भने के हो ?

दिल्ली र काठमाडौंले सीमालाई धेरै पटक हेरेका छन् । तर सीमाञ्चललाई कम देखेका छन् । दिल्लीका नक्सामा सीमा एउटा सुरक्षारेखा हो । काठमाडौंको भाषणमा सीमा एउटा सार्वभौमिकताको प्रतीक । तर सीमाञ्चलमा सीमा एउटा बिहान हो, जहाँ मानिस दूध लिएर पारि जान्छन् । एउटा साँझ हो, जहाँ बिरामी बोकेर वारि आउँछन् । एउटा हाट हो, जहाँ नेपाली रुपैयाँ र भारतीय रुपियाँभन्दा पहिले विश्वास चल्छ । राजधानीहरू प्रायः सीमा व्यवस्थापन गर्छन् । सीमाका मानिस सम्बन्ध व्यवस्थापन गर्छन् । यही दुई दृष्टिकोणको बीचमा सीमाञ्चलको मानिस उभिएको छ, नक्सामा सानो, जीवनमा ठूलो ।

सीमा र सीमाञ्चल एउटै कुरा होइनन् । सीमा एउटा रेखा हो । सीमाञ्चल एउटा जीवन हो । सीमा नक्सामा हुन्छ । सीमाञ्चल मानिसको स्मृतिमा हुन्छ । सीमाका मानिसलाई परिचित अनुहार देखिन्छ, घरको बाटो देखिन्छ । आज नेपाल र भारतबीचको जनसम्बन्धमा एउटा नयाँ असहजता देखिन थालेको छ । खुला सीमा छ । तर संवेदना सांघुरिँदै छ । सम्बन्धको इतिहास पुरानो छ । तर शंका नयाँ हुँदै छ । पहिले सीमा पार गर्नु सामान्य थियो ।

कागजको महत्त्व बढेको छ । निगरानी बढेको छ । शंका बढेको छ । नियम बढेका छन् । तर विश्वास ? त्यो घट्दै गएको छ कि ? यो प्रश्न केवल भावनात्मक होइन । यसका आर्थिक र राजनीतिक कारण पनि छन् । खुला सीमाको अर्थ दुवै देशका लागि समान छैन । राजधानीहरूका लागि सीमा सुरक्षा, सार्वभौमिकता र नियन्त्रणको प्रश्न हो । एउटै सीमा, तर फरक अनुभव ।

सिंह दाजुभाइलाई दिल्लीको रणनीति र काठमाडौंको कूटनीति थाहा नहुन सक्छ । तर उनीहरूलाई एउटा कुरा थाहा छ, मल महँगो छ । नेपालमा मल पाइँदैन । त्यसैले सुरेशकी पत्नी रेणु सिंह स्वीकार गर्छिन्, 'जेलबाट फर्किएपछि आखिर पारि भारतबाटै जेनतेन मल ल्याइयो । खेतलाई मल जो चाहिएको छ ।' सीमामा सम्बन्धको एउटा अनौपचारिक अर्थव्यवस्था हुन्छ । सीमाको जीवन यसैगरी चलेको हुन्छ । यसलाई नियन्त्रण गर्नुपर्छ कि पर्दैन ? अवश्य पर्छ । ठूलो तस्करी रोक्नुपर्छ । कर छल्ने संगठित गिरोह रोक्नुपर्छ । कानुन लागू हुनुपर्छ । तर कानुन लागू गर्नु र जीवनलाई अपराध बनाउनु एउटै कुरा होइन । दुई किसानलाई जेल पठाएर सीमा सुरक्षित हुन्छ ?

सिंह दाजुभाइको कथा एउटा सानो कानुनी प्रकरण होइन । यो उनीहरूको कथा हो, जो दुई देशका बीचमा होइन, दुई मुलुकका साथ बस्छन् । यसले सोध्दै छ, के दुई देशले आफ्ना नागरिकबीचको सम्बन्धलाई केवल सीमा चौकी, भन्सार र सुरक्षा संयन्त्रको जिम्मामा छाडेका छन् ? सीमाञ्चलमा राज्यको अनुपस्थिति पनि समस्या हो, तर राज्यको गलत उपस्थितिले पनि नागरिक पिल्सिन्छ । दिल्ली र काठमाडौंले एउटा कठिन सत्य स्वीकार गर्नुपर्नेछ, नेपाल-भारत सम्बन्धको भविष्य केवल प्रधानमन्त्रीहरूको भेट, विदेश सचिवहरूको वार्ता लगायतले तय गर्ने छैन । त्यसको भविष्य मलंगवा-सोनबरसाका बीचमा, सीमाका हाटहरूमा, अस्पतालका गल्लीहरूमा, विवाहका आँगनहरूमा र किसानका खेतमा पनि लेखिँदै छ ।

बलरा अर्नहाको खेतमा अहिले धान रोपिएको छ । सोनबरसाको बजारमा फेरि हाट लागेको छ । बसबिट्टाको बाटोमा मानिसहरू ओहोरदोहोर गरिरहेका छन् । सीमा त्यहीं छ । बाटो पनि त्यहीं छ । तर सिंह दाजुभाइले त्यो बाटोलाई पहिलेको आँखाले हेर्न सक्छन् कि सक्दैनन् ? सीमाञ्चलको असली प्रश्न सायद यही हो ।

# प्रदीप गिरि : प्रश्नलाई महत्त्व दिने राजनीतिज्ञ





मन्दीप भारती
दिनेश सुनार

(भारती प्रदीप गिरिका स्वकीय सचिव थिए भने सुनार कांग्रेस केन्द्रीय सदस्य हुन्)

प्रदीप गिरिको स्मृति गर्नु भनेको एउटा दिवंगत नेतालाई सम्झनु मात्र होइन, बरु राजनीतिक विचारक, समाजवादका प्रखर अभियन्तालाई सम्झनु हो । गिरि, जसले आफ्नै पार्टीसँग धेरै विषयमा असहमत राखे र समाजवादलाई मूलमन्त्र ठाने । नेपालको राज्य सत्तासँग सामाजिक, आर्थिक तथा राजनीतिक मुद्दाहरूमा निरन्तर प्रश्न गरे ।

गिरि कुनै एउटा राजनीतिक खेमाका मात्र नेता थिएनन् । कांग्रेसका थिए, तर कांग्रेसको नेतृत्व र गलत कार्यको सधैं आलोचक रहे । उनी समाजवादी थिए, तर समाजवादको परम्परागत व्याख्यामा सीमित भएनन् । मार्क्सवादका गहिरा अध्येता थिए, तर कम्युनिस्ट थिएनन् । लोकतन्त्रप्रति प्रतिबद्ध थिए, तर लोकतन्त्रलाई केवल निर्वाचन र बहुमतको गणितमा सीमित गर्नुभन्दा जनताको जीवनस्तर परिवर्तनमा लगाउनुपर्छ भन्ने चिन्तक थिए ।

उनले आफ्नै विचारसँग पनि संवाद गरिरहे । कांग्रेसले अवलम्बन गरेको कदमजम (कर्णाली, दलित, महिला, जनजाति र मधेशी) नीतिका सूत्रधार थिए । युवा, महिला, दलित, मधेशी, गरिबलगायत राज्यले पछाडि धकेलेका वर्गसँग संवाद र समस्याको हल खोज्ने राजनीतिज्ञ थिए । यही गुणले उनलाई समकालीन नेपाली राजनीतिमा असाधारण बनायो ।

भारतमा अध्ययन गर्दा गिरि भारतीय समाजवादी आन्दोलनका प्रमुख व्यक्तित्वहरू महात्मा गान्धी, जयप्रकाश नारायण र राममनोहर लोहिया, जय कृष्णमूर्ति, भीमराव अम्बेडकर लगायतका विचारसँग नजिकबाट परिचित भएका थिए । उनले अर्थशास्त्र, दर्शन, राजनीति, इतिहास र साहित्यको अध्ययन गरे । मार्क्सवादलाई उनले केवल कम्युनिस्ट पार्टीहरूको राजनीतिक औजारका रूपमा होइन, आधुनिक समाजलाई बुझ्ने एउटा बौद्धिक परम्पराका रूपमा पढे । लेनिन र रोजा लग्जेम्बर्गको दृष्टिबाट मार्क्सवाद र समाजवादलाई बुझ्ने कोसिस गरे । गिरिको बौद्धिक संसार बुझ्न गान्धीलाई पनि छुटाउन सकिँदैन । नेपालको हकमा बीपी कोइरालाबाट प्रभावित भए पनि केवल बीपीको व्याख्याको पुनरावृत्ति गर्दैनथे, प्रश्न गर्थे ।


गिरि कांग्रेस छाडेर अर्को पार्टीमा गई आफ्नो वैचारिक स्वतन्त्रता खोज्ने नेता थिएनन् । बरु कांग्रेसभित्रै बसेर कांग्रेसलाई प्रश्न गरिरहे । कांग्रेसको नेतृत्वसँग असहमति जनाउँदा पनि नीति, विचार र राजनीतिक संस्कृतिसँग जोडेर बहस गर्न सक्ने नेता थिए । यही कारण उनी कांग्रेसभित्र 'विद्रोही' नेताका रूपमा चित्रित भए ।

नेपालको संसद्मा गिरिको भाषण फरक सुनिन्थ्यो । भाषणका क्रममा उनी दर्शन, इतिहास, साहित्य, मिथकका माध्यमबाट तथ्यलाई बलियो बनाउँथे । कहिलेकाहीं एउटा साधारण गाउँलेको कथामार्फत प्रस्तुतिलाई बलियो बनाउँथे ।

उनी महाभारत र रामायणका पात्रदेखि मार्क्स, गान्धी, लोहिया र जयप्रकाश नारायणसम्मलाई एउटै राजनीतिक तर्कमा जोड्न सक्थे । उनका लागि राजनीति केवल संसद्को कार्यसूची थिएन, आफू र आफ्नो समाजलाई बुझ्ने एउटा निरन्तर प्रक्रिया थियो ।

गिरिको एउटा विशिष्टता थियो, उनले मार्क्सवादलाई कांग्रेसविरोधी विचारका रूपमा मात्र हेरेनन् । उनका लागि मार्क्सलाई पढ्नु भनेको कम्युनिस्ट बन्नु थिएन । मार्क्सले वर्ग, श्रम, पुँजी र असमानताको संरचनाबारे उठाएका प्रश्नहरू आज पनि सान्दर्भिक छन् भन्ने उनको बुझाइ थियो । तर उनले मार्क्सवादलाई नेपालको सामाजिक र राजनीतिक यथार्थसँग जोडेर पढे । गिरि भन्ने गर्नुहुन्थ्यो- 'मार्क्सलाई बुझ्नुपर्छ, पूजा गर्नुपर्दैन ।'

गिरिको समाजवादमा गान्धी र मार्क्स एकअर्काका विरोधी होइनन् । गान्धीबाट उनले नैतिक राजनीति, अहिंसा र साधारण जीवनको महत्त्व बुझे । मार्क्सबाट उनले वर्गीय असमानता र आर्थिक संरचनाका साथै गरिब र धनीबीचको खाडल बुझे । लोहियाबाट सामाजिक न्याय र बहुलताको महत्त्व बुझे । जयप्रकाश नारायणबाट लोकतान्त्रिक समाजवाद र सत्ताविरोधी नागरिक चेतनाको पाठ लिए । बीपीबाट लोकतन्त्र र समाजवादलाई जोड्ने नेपाली राजनीतिक परम्परा सिके ।



फाइल तस्बिर : कान्तिपुर

> प्रदीप गिरि महाभारत र रामायणका पात्रदेखि मार्क्स, गान्धी, लोहिया र जयप्रकाश नारायणसम्मलाई एउटै राजनीतिक तर्कमा जोड्न सक्थे । उनका लागि राजनीति केवल संसद्को कार्यसूची थिएन, आफू र आफ्नो समाजलाई बुझ्ने एउटा निरन्तर प्रक्रिया थियो ।

गिरिको राजनीतिक चरित्र सबैभन्दा स्पष्ट देखिएको एउटा क्षण नेपालको संविधान निर्माणका क्रममा थियो । त्यो समय संविधान निर्माणको उत्साह र राजनीतिक दबाबबीच असहमति राख्नु सजिलो थिएन । तर उनी आफ्नै पार्टीको लाइनसँग समेत असहमत भए । गिरिको निर्णयसँग सहमत वा असहमत हुन सकिन्छ । तर यसले एउटा महत्त्वपूर्ण लोकतान्त्रिक सिद्धान्त देखाउँछ- पार्टी अनुशासन र राजनीतिक विवेक एउटै कुरा होइन । गिरिले पार्टीभन्दा आफ्नो राजनीतिक विवेकलाई प्राथमिकता दिए ।

नेपालको दशक लामो माओवादी द्वन्द्वले समाजलाई गहिरो रूपमा विभाजित गरेको थियो । गिरि माओवादीलाई केवल सुरक्षा समस्याका रूपमा हेर्न तयार थिएनन् । उनले माओवादी आन्दोलनको सामाजिक आधार बुझ्ने प्रयास गरे । ग्रामीण गरिबी, जातीय तथा क्षेत्रीय विभेद, राज्यबाट बहिष्करण र पुरानो राजनीतिक संरचनाप्रतिको असन्तुष्टिलाई उनले माओवादी विद्रोहको पृष्ठभूमिका रूपमा पढे ।

गिरिको राजनीतिक दृष्टिकोणमा मधेश एउटा भौगोलिक निर्वाचन क्षेत्र मात्र थिएन । उनी काठमाडौंकेन्द्रित राष्ट्रवादको आलोचना गर्थे । नेपालको राज्य संरचनाले मधेशी, जनजाति, दलित र अन्य सीमान्तकृत समुदायलाई समान रूपमा समेट्न नसकेको प्रश्न उठाउँथे । तर उनको मधेशबारेको दृष्टिकोण पनि केवल पहिचानको राजनीतिमा सीमित थिएन । उनी सामाजिक न्यायलाई वर्ग, जात, क्षेत्र र राजनीतिक प्रतिनिधित्वका प्रश्नसँग जोडेर हेर्थे । यही कारण उनको राजनीति मधेशको प्रश्नलाई राष्ट्रिय लोकतन्त्रको प्रश्नसँग जोड्ने प्रयास थियो ।

नेपालमा अहिले पनि संघीयता, समावेशिता र प्रतिनिधित्वबारे विवाद छ । त्यस सन्दर्भमा गिरिको राजनीतिक दृष्टिकोण अझै उपयोगी देखिन्छ । किनभने उनी पहिचान र वर्गलाई एकअर्काको विकल्पका रूपमा होइन, एकअर्कासँग गाँसिएका प्रश्नका रूपमा हेर्थे ।

गिरिको निधन भएको चार वर्ष पुग्न लाग्दा नेपालमा राजनीतिक परिस्थिति फेरिएको छ ।

पुराना दलप्रतिको असन्तुष्टि बढेको छ । नयाँ राजनीतिक शक्तिहरूको उदय भएको छ । युवापुस्ताले परम्परागत दलहरूलाई प्रश्न गरिरहेको छ । सामाजिक सञ्जालले राजनीतिक संवादलाई तीव्र बनाएको छ, तर त्यसले विचारको गहिराइभन्दा तत्काल प्रतिक्रिया र भावनात्मक ध्रुवीकरणलाई पनि प्रोत्साहित गरेको छ । यही समयमा गिरिको राजनीति एउटा असहज प्रश्नका रूपमा फर्किन्छ ।

राजनीति विचारविहीन लोकप्रियतामा बदलिँदा के हुन्छ ? दलहरू केवल निर्वाचन मेसिन बने भने के हुन्छ ? समाजवाद घोषणापत्रको एउटा शब्दमा सीमित भयो भने त्यसको अर्थ के रहन्छ ? गिरि भन्थे- लोकतन्त्रमा बहुमत जित्नु मात्र पर्याप्त हो कि अल्पमत र असहमतिलाई सम्मान गर्नु पनि आवश्यक छ ?

नेपाली कांग्रेसका लागि त प्रदीप गिरिको विरासत अझ कठिन छ ।

गिरि आज हामीमाझ हुनुहुन्न, तर उनको आलोचनात्मक दृष्टि कांग्रेसभित्रको वैचारिक बहसका लागि निकै उपयोगी हुन सक्छ ।

आजका युवा राजनीतिज्ञका लागि गिरिको जीवनको सबैभन्दा महत्त्वपूर्ण पाठ सायद अध्ययन हो । उनले मार्क्स, गान्धी, लोहिया, जयप्रकाश नारायण पढे । साहित्य, दर्शन, अर्थशास्त्र पढे । राजनीतिक बहसका लागि उनले केवल पार्टीको दस्तावेजमा निर्भर मात्र भएनन् । गिरिको जीवनले नयाँ पुस्तालाई एउटा साधारण तर कठिन सन्देश दिन्छ- राजनीतिमा नेता हुनु र लोकप्रिय हुनुअघि जानकार बन्नुपर्छ । सञ्जालमा भाइरल हुनुअघि समाज बुझ्नुपर्छ । विचार निर्माण गर्नुपर्छ र नेता बन्नुअघि नागरिक बन्नुपर्छ । मानिस चेतनाले सिंगारिएपछि सर्वांगीण विकास सुरु हुन्छ ।

लोकतन्त्रलाई केवल सफल र सहमत व्यक्तिहरूको कथा मात्र होइन, लोकतन्त्रलाई असहमत मानिसहरूको आवश्यकता हुन्छ । गिरिको सबैभन्दा ठूलो महत्त्व यहीं छ । उनले आफूलाई लोकप्रिय बनाउनका लागि सधैं लोकप्रिय कुरा बोलेनन् । आफ्नै पार्टीको बचाउ गर्न सत्यलाई मोडेनन् । उनले कम्युनिस्टहरूसँग संवाद गर्न कांग्रेसको पहिचान गुमाएनन् । उनले कांग्रेसभित्र बसेर कांग्रेसलाई प्रश्न गर्न छाडेनन् । उनले संविधानमा हस्ताक्षर नगर्दा आफ्नो राजनीतिक असहमतिको मूल्य चुकाउन तयार भए ।

अन्त्यमा, प्रदीप गिरिको जीवनलाई एउटा वाक्यमा समेट्नुपरे सायद यस्तो भन्न सकिन्छ- उनी नेपालको राजनीतिमा उत्तरभन्दा प्रश्नलाई महत्त्व दिने राजनीतिज्ञ थिए । आज नेपालको राजनीति नयाँ मोडमा उभिएको छ । पुराना दलहरू आफ्नो वैधता जोगाउन संघर्ष गरिरहेका छन् । नयाँ शक्तिहरू पुरानो राजनीतिक संस्कृतिको विकल्प बन्न खोजिरहेका छन् । नागरिकहरू अझ बढी जवाफदेहिता चाहन्छन् ।

यस्तो समयमा प्रदीप गिरिको सम्झना कुनै स्मारकमा सीमित हुनुहुँदैन । बरु, कुनै युवा नेताले आफ्नै पार्टीका शक्तिशाली नेतामाथि प्रश्न गर्न सक्ने सामर्थ्यमा प्रतिबिम्बित हुनुपर्छ । शक्तिको जवाफदेहीमा हुनुपर्छ ।

# विपद् व्यवस्थापनमा स्थानीय सरकारको अग्रसरता



ज्योति शर्मा

(अधिवक्ता शर्मा नेपाल नगरपालिका संघमा कार्यरत छिन्)



तस्बिर : कान्तिपुर

> विपद् व्यवस्थापन स्थानीय सरकारको अतिरिक्त जिम्मेवारी होइन, यो स्थानीय शासन र सुरक्षित विकासको अभिन्न अंग हो । स्थानीय सरकारको विपद् व्यवस्थापनको दृष्टिकोण 'विपद् आएपछि राहत दिने' बाट 'विपद् आउनुअघि जोखिम घटाउने' दिशातर्फ रूपान्तरण गर्न सक्नुपर्छ ।

पाँच वर्षयता धेरै जनधनको क्षति भएका बाढीपहिरोका घटना भदौ अन्तिम साता, असोज र कात्तिक महिनामा भएका छन् । नेपालमा साधारणतया बर्खा सकिने बेला भएका यी क्षतिबाट मौसममा बिस्तारै परिवर्तन भइरहेको र बाढीपहिरोबाट हुने जोखिम बढिरहेको प्रस्ट हुन्छ । बाढीपहिरो मात्र नभई भूकम्प, आगलागी, शीतलहर, हिमताल विस्फोट, हिमपहिरो, शीतलहर, लु, बर्डफ्लु, महामारी, चट्याङ, सडक दुर्घटना जस्ता प्रकोपको जोखिम बर्सेनि बढ्दो छ ।

पाँच वर्षअघि गृह मन्त्रालयले सार्वजनिक गरेको एक अध्ययनअनुसार भूकम्पीय जोखिम हेर्दा नेपाल ११औं, बाढीजन्यमा ३०औं र जलवायुजन्यमा चौथो स्थानमा छ । नेपालले विपद् जोखिम व्यवस्थापनमा समयमै गम्भीर नहुने हो भने अझ ठूलो विपद्को सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।

नेपालको संविधानले राज्य शक्ति संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ । संविधानको अनुसूची-८ अन्तर्गत विपद् व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको छ भने अनुसूची-९ अन्तर्गत विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा व्यवस्था गरिएको छ ।

नेपालमा संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । संविधानले स्थानीय सरकारलाई अधिकार, जिम्मेवारी र स्रोतसहितको सरकारसँगै जनताको दैनिक आवश्यकता र चाहनाको सम्बोधन मात्र नभई स्थानीय विकास, प्राकृतिक स्रोत तथा साधनको संरक्षण, वातावरणीय व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको जिम्मेवारी पनि दिएको छ । विशेषगरी जलवायु परिवर्तन, तीव्र सहरीकरण, अव्यवस्थित भू-उपयोग र पूर्वाधार विस्तारसँगै विपद्को जोखिम तथा स्वरूपमा परिवर्तन आइरहेको वर्तमान अवस्थामा स्थानीय सरकारको भूमिका झन् महत्त्वपूर्ण बन्दै गएको छ ।

विपद् व्यवस्थापन अब केवल बाढी, पहिरो वा भूकम्प आएपछि उद्धार र राहत वितरण मात्र रहेन । यसको पहिचान, जोखिम न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य, राहत, पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणलाई स्थानीय विकास प्रक्रियासँग एकीकृत गर्दै विपद् उत्थानशील स्थानीय समुदाय र सुरक्षित स्थानीय पूर्वाधार निर्माणको पूरा चक्रमा काम गर्नुपर्ने आवश्यकता छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने, जोखिमयुक्त क्षेत्रको पहिचान तथा नक्सांकन गर्ने, जोखिममा रहेका बस्तीको संरक्षणलगायत कार्यमा समन्वय गर्ने, विपद् व्यवस्थापनसम्बन्धी तथ्यांक व्यवस्थापन गर्ने तथा संघ, प्रदेश, स्थानीय समुदाय, गैरसरकारी संस्था र निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।

**स्थानीय सरकार : विपद्पछि नागरिकको पहिलो सम्पर्क निकाय**

विपद्पछि नागरिकले सबैभन्दा पहिले सम्पर्क गर्ने सरकार स्थानीय सरकार नै हो । स्थानीय जनप्रतिनिधि, वडा कार्यालय, स्थानीय प्रशासन, प्रहरी, स्वास्थ्य संस्था, दमकल, स्वयंसेवक, सामुदायिक संस्था तथा स्थानीय आपत्कालीन संयन्त्र विपद्को प्रारम्भिक प्रतिकार्यका प्रमुख आधार हुन् । विपद्को समयमा स्थानीय सरकारले आपत्कालीन सञ्चालन केन्द्र सक्रिय गर्ने, जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, खोज तथा उद्धार टोली परिचालन गर्ने, प्राथमिक उपचार तथा आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध गराउने, राहत सामग्री व्यवस्थापन तथा वितरण गर्ने, सुरक्षित आश्रयस्थलको व्यवस्था गर्ने र अत्यावश्यक सार्वजनिक सेवा पुनः सञ्चालन गर्न नेतृत्व गर्नुपर्छ ।

स्थानीय सरकारसँग कसले के गर्ने, कुन स्रोत कहाँ उपलब्ध छ, कुन स्थान सुरक्षित छ र कसरी सूचना प्रवाह गर्ने भन्ने विषयमा पूर्वनिर्धारित योजना हुनु अत्यावश्यक छ । विपद्पछि योजना बनाउनुभन्दा विपद् आउनुअघि नै अभ्यास गरिएको योजना कार्यान्वयन गर्नु प्रभावकारी हुन्छ ।

स्थानीय सरकारले आफ्नो भौगोलिक अवस्था र जोखिमअनुसार स्थानीय विपद् जोखिम प्रोफाइल तयार गर्नुपर्ने हुन्छ । कुन वडा बाढीको जोखिममा छ, कहाँ पहिरोको सम्भावना छ, कुन बस्ती भूकम्पीय जोखिममा छ, कुन विद्यालय वा स्वास्थ्य संस्था सुरक्षित छन्, कहाँ खुला स्थान उपलब्ध छ, कहाँ दमकल वा उद्धार उपकरण राख्न सकिन्छ तथा विपद्को समयमा कुन मार्ग वैकल्पिक रूपमा प्रयोग गर्न सकिन्छ भन्ने विवरण स्थानीय सरकारसँग अद्यावधिक हुनुपर्छ । यसका लागि स्थानीय विपद् व्यवस्थापन योजनालाई पालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरणलाई छुट्टै क्षेत्रका रूपमा हेर्नेभन्दा स्थानीय विकासका हरेक क्षेत्रमा जोखिम न्यूनीकरणको दृष्टिकोण समावेश गर्नु आवश्यक छ ।

विपद् जोखिम न्यूनीकरणको सबैभन्दा पहिलो र महत्त्वपूर्ण काम भनेको विकास निर्माणबाट नयाँ जोखिम सिर्जना हुन नदिनु हो । सडक, पुल, विद्यालय, अस्पताल, खानेपानी, सिँचाइ, आवास तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद् जोखिम र जलवायु परिवर्तनको प्रभावलाई अनिवार्य रूपमा ध्यान दिनुपर्छ ।

विपद्पछि पहिलेको अवस्थाभन्दा अझ सुरक्षित र उत्थानशील बनाउने अवधारणालाई स्थानीय विकासमा संस्थागत गर्नुपर्ने समय आएको छ । जाजरकोटको भेरी नगरपालिका-२ मा भएको पछिल्लो क्षतिलाई उदाहरणका रूपमा लिन सकिन्छ । उत्थानशील बसोबासका लागि केन्द्र, प्रदेश र स्थानीय तहको समन्वय र तदारुकता आवश्यक हुन्छ ।

**विपद् जोखिम न्यूनीकरणमा आधुनिक प्रविधिको प्रयोग**

विपद् जोखिम न्यूनीकरणमा आधुनिक प्रविधिको प्रयोगले स्थानीय सरकारको क्षमता उल्लेखनीय रूपमा बढाउन सक्छ । मौसम तथा जलविज्ञानसम्बन्धी सूचना, डिजिटल नक्सांकन, भौगोलिक सूचना प्रणाली, मोबाइल सूचना प्रणाली, सामाजिक सञ्जाल तथा अन्य डिजिटल माध्यमको प्रयोगबाट जोखिमको पहिचान र सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिन्छ । पूर्वसूचना प्रणालीको प्रभावकारिता सूचना जारी गर्नुमात्र नभई सही समयमा जोखिममा रहेका नागरिकसम्म पुग्नु र नागरिकले त्यसका आधारमा सुरक्षित व्यवहार गर्नु पनि हो । यसका लागि वडा तहसम्म सूचना प्रवाहको स्पष्ट संयन्त्र, स्थानीय स्वयंसेवकको परिचालन, जोखिमयुक्त समुदायको पहिचान र नियमित पूर्वतयारी अभ्यास आवश्यक छ ।

प्रत्येक वडा तथा जोखिमयुक्त समुदायमा प्राथमिक उपचार, खोज तथा उद्धार, आगलागी नियन्त्रण, सुरक्षित स्थानान्तरण र आपत्कालीन सञ्चारसम्बन्धी आधारभूत तालिम सञ्चालन गर्नुपर्छ । विद्यालय, युवा क्लब, महिला समूह, सामुदायिक संस्था, रेडक्रस, निजी क्षेत्र तथा स्थानीय स्वयंसेवकलाई विपद् व्यवस्थापन योजनासँग जोड्नुपर्छ । यसले स्थानीय सरकारको मात्र भार कम गर्दैन, संकटको समयमा समुदायको आत्मनिर्भरता र प्रतिकार्य क्षमता समेत बढाउँछ । विपद्को प्रभाव सबै नागरिकमा समान हुँदैन । महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, विपन्न परिवार तथा सामाजिक रूपमा सीमान्तकृत समुदाय विपद्को समयमा थप जोखिममा पर्न सक्छन् । त्यसैले जोखिममा रहेका समुदायको पहिचान गरी उनीहरूको आवश्यकता र सहभागितालाई सुनिश्चित गर्नुपर्छ ।

विपद्को समयमा राहत तथा उद्धारका विभिन्न गतिविधिमा दोहोरोपना नहोस्, स्रोतको प्रभावकारी परिचालन होस् र सरोकारवालाबीच स्पष्ट जिम्मेवारी बाँडफाँट होस् भन्ने उद्देश्यले क्लस्टर प्रणालीको प्रयोग महत्त्वपूर्ण मानिन्छ । स्थानीय तहमा स्वास्थ्य, खाद्य तथा पोषण, खानेपानी तथा सरसफाइ, आश्रय, सुरक्षा, शिक्षा, संरक्षण, आपत्कालीन सञ्चार लगायतका विषयगत क्षेत्रमा आवश्यकताअनुसार समन्वयात्मक संयन्त्र निर्माण गर्न सकिन्छ । संघीय संरचनामा विपद् व्यवस्थापनको प्रभावकारिता संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयमा निर्भर गर्छ । संघीय सरकारले राष्ट्रिय नीति, मापदण्ड, प्राविधिक सहयोग, सूचना प्रणाली, ठूलो विपद्का लागि स्रोत परिचालन तथा अन्तर्राष्ट्रिय सहयोगको समन्वयमा भूमिका निर्वाह गर्नुपर्छ । प्रदेश सरकारले स्थानीय तहबीच समन्वय, प्राविधिक तथा स्रोत सहयोग र क्षेत्रीयस्तरको प्रतिकार्यमा नेतृत्व लिनुपर्छ । स्थानीय तहले समुदायसँग प्रत्यक्ष जोडिएर जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रारम्भिक प्रतिकार्य तथा स्थानीय पुनर्लाभलाई प्रभावकारी बनाउनुपर्छ ।

विशेषगरी ठूलो विपद्का समयमा 'कसले नेतृत्व गर्ने ?' भन्दा 'कसले कुन जिम्मेवारी पूरा गर्ने ?' भन्ने स्पष्टता बढी महत्त्वपूर्ण हुन्छ । यसका लागि नियमित संयुक्त कार्य, सूचना आदानप्रदान, स्रोतको साझा प्रयोग तथा अन्तर-स्थानीय तह सहकार्यलाई संस्थागत गर्न आवश्यक छ ।

**विपद् व्यवस्थापनमा जनप्रतिनिधि र कर्मचारी**

स्थानीय तहमा विपद् व्यवस्थापनसम्बन्धी कानुनी तथा संस्थागत संरचना भए पनि त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक दक्ष जनशक्ति, प्राविधिक क्षमता र स्रोतसाधन अझै समस्याका रूपमा रहेका छन् । स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीले विपद् जोखिम व्यवस्थापन चक्रका सबै चरण- जोखिम पहिचान, न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य, राहत, पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण- बारे स्पष्ट ज्ञान राख्न आवश्यक छ । नियमित तालिम, अभिमुखीकरण, नमुना अभ्यास तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ । साथै, स्थानीय तहमा विपद् व्यवस्थापन हेर्ने जनशक्तिको स्थायित्व र प्राविधिक दक्षता सुनिश्चित गर्नुपर्छ ।

विपद् व्यवस्थापनका लागि पर्याप्त रकमसहितको छुट्टै कोष स्थापना गर्नु आवश्यक छ । वास्तवमा विपद् आउनुअघि जोखिम न्यूनीकरणमा गरिएको एक रुपैयाँको लगानीले विपद्पछिको क्षति र खर्च उल्लेखनीय रूपमा घटाउन सक्छ । त्यसैले स्थानीय तहको बजेट निर्माणमा राहतभन्दा जोखिम न्यूनीकरणमा लगानी भन्ने दृष्टिकोण स्थापित गर्नुपर्छ ।

विपद् व्यवस्थापन स्थानीय सरकारको अतिरिक्त जिम्मेवारी होइन, यो स्थानीय शासन र सुरक्षित विकासको अभिन्न अंग हो । स्थानीय सरकारको विपद् व्यवस्थापनको दृष्टिकोण 'विपद् आएपछि राहत दिने' बाट 'विपद् आउनुअघि जोखिम घटाउने' दिशातर्फ रूपान्तरण गर्न सक्नुपर्छ । यसका निम्ति संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गर्दै पूर्वतयारीका क्रममा सक्रिय भई विपद्लाई न्यूनीकरण गर्न सोहीअनुरूपको नीति, कानुन, जनशक्तिको व्यवस्थापन, सरकार र नागरिक समाजबीचको सहकार्य, अन्तर्राष्ट्रिय सहयोग, स्रोत सुविधाको सुनिश्चितता, नागरिकमा जनचेतनाको विस्तार र सहभागिता वृद्धि जस्ता कार्यको आवश्यकता छ ।

# नेपालका 'लोटस-इटर्स'



तस्बिर : एआई निर्मित



संजीव सत्गैंया

(सत्गैंया कान्तिपुर मिडिया ग्रुपका फिचर र इन्भेस्टिगेसन सम्पादक हुन् ।)

> 'द ओडिसी' मा वर्णन गरिएझैं नेपालमा पनि एउटा टापु छ, जसको नाम सिंहदरबार हो । त्यहाँ पुगेपछि जोसुकै नेता पनि 'लोटस-इटर्स' ले खाने फलको स्वादमा मातिएझैं यसरी लट्ठिन्छन् कि लक्ष्य, कर्तव्य र जिम्मेवारी सबै बिर्सन्छन् र नागरिकको जीवनप्रति पूर्णतः उदासीन हुन्छन् ।

१७ जुलाईमा प्रदर्शन हुनुअघि नै सुरु भएको क्रिस्टोफर नोलन निर्देशित 'द ओडिसी' को चर्चा अझै सेलाएको छैन । नोलनका सिनेमा प्रायः बहसका विषय बन्ने नै गर्छन्, विशेषगरी विषयवस्तु, उनको निर्देशन र सिनेमालाई प्रस्तुत गर्ने तरिकालाई लिएर । बनाउने शैलीका कारण पनि हरेक पटक नयाँ सिनेमा प्रदर्शनमा आउन लाग्दा उनी आफैं चर्चाको पात्र बन्छन्- कतिपय छलफलको विषयचाहिँ उनको शैलीको वरिपरि हुन्छन् । जस्तै- उनी अझै पनि परम्परागत रिलमा खिच्छन् वा आधुनिक उपकरण प्रयोग गर्दैनन् ।

यसपालि भने उनले करिब तीन हजार वर्ष पुरानो एउटा कवितालाई आधुनिक समाजमा फेरि जबर्जस्त बहसमा ल्याइदिएका छन् । सिनेमामार्फत उनले धेरै मानिसमा ग्रीक कवि होमरको महाकाव्य 'द ओडिसी' मा रुचि जगाइदिए ।

अमेरिकी 'वाल स्ट्रिट जर्नल' र 'ब्रिटिस टेलिग्राफ' मा दुई वटा रमाइला लेख छापिए । जर्नलले लेख्यो- 'तीन हजार वर्षपछि, अन्ततः मानिसहरू 'द ओडिसी' पढ्दै छन्, विकिपेडियामै भए पनि ।' टेलिग्राफको शीर्षक थियो- 'मैले 'द ओडिसी' पढेको छैन र यो भन्न मलाई लाज लाग्दैन ।' नोलनको सिनेमाले आलोचना पनि नखेपेको होइन । 'द इकोनोमिस्ट' ले त यसलाई 'अ सिल्ली एडाप्टेसन' अर्थात् 'एउटा मूर्खतापूर्ण रूपान्तरण' भनेर टिप्पणी गर्‍यो ।

'द इलियाड' होस् वा 'द ओडिसी'- होमरका यी दुइटै महाकाव्य मैले पनि एकदम राम्ररी 'पढेको' भने होइन, यिनका बारेमा अंग्रेजीमा भनिने 'वर्किङ नलेज' मात्रै थियो । नोलनले सिनेमा नबनाएको भए सायद तीन हजार वर्ष पुरानो यो महाकाव्यका बारेमा मैले पनि धेरै सोच्ने थिइनँ ।

होमरको कविता होस् वा नोलनको सिनेमा, कथा मूलतः उही हो- दस वर्ष लामो 'ट्रोजन युद्ध' पछि त्यसका नायक ओडिसियसले आफ्नो देश इथाका फर्कंदा गरेको अर्को दस वर्षको संघर्ष ।

घर फर्कने क्रममा ओडिसियस एउटा टापुबाट अर्को टापुमा पुग्छन् । अर्कोबाट अझ अर्कोमा । हरेक टापुमा नयाँ चुनौती थपिन्छ र हरेक पटक उनको गन्तव्य झन् टाढिँदै गएजस्तो देखिन्छ ।

नेपाली समाज पनि ओडिसियसकै जस्तो यात्रामा रहेको अनुभूति हुन्छ ।

ओडिसियसका लागि इथाका गन्तव्य भएझैं नेपाली समाज पनि वर्षौंदेखि एउटा गन्तव्यतर्फको यात्रामा छ- शान्तिपूर्ण, समृद्ध, लोकतान्त्रिक र समतामूलक नेपाल, जहाँ सबै नागरिकले सम्मान र अवसरका साथ जीवन बिताउन सकून् । तर जहिले-जहिले नेपाली समाज लक्ष्यतर्फ सही दिशामा अघि बढिरहेको जस्तो हुन्छ, त्यही बेला अचानक कुनै व्यवधानले समुद्रको छालले जस्तै कतै टाढा हुत्याइदिन्छ ।

२०४६ मा प्रजातन्त्रको पुनःस्थापनापछि खुला, उदार र समतामूलक समाज स्थापनाको दिशामा पाइला चाल्न सुरु गर्दै नै थियो, माओवादी सशस्त्र द्वन्द्व सुरु भयो । पक्ष-विपक्षमा तर्क होलान् तर त्यो द्वन्द्वले नेपाली समाजलाई तय गरिएको लक्ष्यबाट पर धकेलिदियो ।

माओवादी 'युद्ध' शान्ति प्रक्रियामार्फत अन्त्य त भयो तर पछिल्लो २० वर्ष फेरि नेपाल आफूले तय गरेको गन्तव्यमा पुग्न संघर्ष गरिरहेको छ ।

एउटा मात्र आँखा भएको पोलिफेमसले तेर्स्याएको अवरोध पार गरेर सुरक्षित रूपमा आफ्नो जहाजमा पुगिसकेपछि ओडिसियसको इथाकातर्फको यात्रा सायद त्यति कठिन हुने थिएन, यदि आफ्नै घमण्डले नबहकिएका भए ।

नेपाली समाज पनि आफ्नो गन्तव्यतर्फ तुलनात्मक रूपमा सुरक्षित यात्रामा हुन्थ्यो होला, यदि बारम्बार नेतृत्वमा पुगेका केपी शर्मा ओली, शेरबहादुर देउवा वा पुष्पकमल दाहालहरूमा पलाएको दम्भ पोलिफेमसको ओढारबाट निस्किएपछि ओडिसियसको जत्तिकै ठूलो नभएको भए ।

गत वर्ष भदौको युवा आन्दोलन पोसाइडन (समुद्रका देवता र पोलिफेमसको पिता) को क्रोधभन्दा कम थिएन । त्यसले ओलीलाई त सत्ताबाट 'च्युत' गर्‍यो नै, नेपाली समाजलाई फेरि समुद्रको बीच कतै हुत्याइदिएजस्तो भयो- अबको यात्रा कहाँबाट, कसरी सुरु गर्ने भन्ने अनिश्चितझैं छ ।

युवा आन्दोलनपछि भएको प्रतिनिधिसभा चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको करिब दुईतिहाइ सिटले केही आशा जगाएको थियो । अब पाँच वर्षका लागि बलियो सरकार बनेपछि बिग्रिए, भत्किएका कुराहरू बिस्तारै तंग्रिँदै जानेछन् । आलोपालो सरकार परिवर्तनबाट आजित र पुराना दलप्रति बढ्दै गएको निराशा र आक्रोशका कारण नेपालीले एउटा नयाँ दललाई सरकार चलाउने जिम्मेवारी सुम्पिएका थिए ।

तर चुनावपछि पनि नेपाली समाज ओडिसियसको यात्रामा आउने अर्को एउटा अवरोधजस्तै चुनौतीको सामना गर्दै छ ।

ओडिसियसले एक ठाउँमा स्किला र क्यारिब्डिसका बीचबाट यात्रा गर्नुपर्छ- बाटोका दुवैतिर रहेका दुई खतराबीचबाट । एउटाबाट बच्न खोज्दा अर्कोको अझ नजिक पुग्नुपर्ने हुन्छ । नेपाली समाज/राजनीतिको चुनौती जस्तै- एउटा समाधान गर्न खोज्दा अर्को आपत् आइहाल्ने । स्थिरताको मूल्य कतै जवाफदेहिताको कमी हुने त होइन ? बलियो सरकारको चाहनाले शक्तिको केन्द्रीकरण निम्त्याउने त होइन ? पुराना दललाई अस्वीकार गर्दा विकल्पहरूबारे अनिश्चितता पैदा हुने त होइन ?

नेपाली राजनीतिको विडम्बना भनेको दल र नेताहरूमा पलाउने दम्भ मात्र होइन । नेताहरूले दुई अप्ठ्याराबीचबाट उम्कने बाटो पहिल्याउन नसक्ने पनि होइनन् ।

'द ओडिसी' मा वर्णन गरिएको एउटा टापु सम्झनुस् त ।

नेपालमा सिंहदरबार भन्ने एउटा टापु छ, जुन 'द ओडिसी' को 'लोटस-इटर्स' जस्तै छ ।

त्यहाँ पुगेपछि जुनसुकै दलका नेताहरू पनि 'लोटस-इटर्स' ले खाने फलको स्वादमा मातिएझैं यसरी लट्ठिन्छन् कि आफ्नो लक्ष्य, कर्तव्य, जिम्मेवारी सबै बिर्सन्छन् । 'लोटस-इटर्स' टापुका बासिन्दाझैं तत्काल प्राप्त हुने सुखमा यति रमाउँछन् कि आफूले पूरा गर्नुपर्ने उद्देश्यका बारेमा उनीहरूलाई कुनै ख्याल नै रहँदैन ।

शासन-सत्तामा पुग्ने अधिकांश दल र नेताहरू सत्ताको स्वादमा लट्ठिँदाको परिणाम नेपाली समाजले विगतमा जस्तै अहिले पनि भोग्दै छ ।

'द ओडिसी' मा ओडिसियस दस वर्षको संघर्षपछि इथाका पुग्छन्, आफ्नो गन्तव्य भेट्छन् तर नेपाली समाज भने नजिक पुगेको छ कि छैन भन्ने संशय छ ।

यात्रा चलिरहेको छ, सरकार फेरिइरहेको छ, नयाँ आँधीहरू आइरहेका छन् र नेपाली समाजको इथाका भने अझै टाढै छ ।

र, नेपालका लागि 'द ओडिसी' को सबैभन्दा सान्दर्भिक कुरा सायद यही होला- हामीलाई कहाँ पुग्न चाहन्छौं भन्ने थाहा छ तर हरेक पटक गन्तव्यनजिक पुगे-पुगेजस्तो लाग्दालाग्दै कुनै न कुनै व्यवधानले फेरि अनिश्चितताको समुद्रबीचमा कतै हुत्याइदिन्छ ।

# प्राविधिक शिक्षामा घट्दो आकर्षण, बढ्दो चुनौती



वसन्त आचार्य

(आचार्य तुलसीपुर बहुप्राविधिक शिक्षालयका प्रमुख हुन्)



कर्णाली प्राविधिक शिक्षालयका विद्यार्थीहरू प्रयोगात्मक ज्ञान लिँदै । तस्बिर : कान्तिपुर

प्राविधिक शिक्षा अर्थात् गरिखाने शिक्षा । सीपसहितको ज्ञान पाइने हुँदा यसमा राज्यले अग्रसरता लिनुपर्ने यदाकदा सुनिने गरेको छ । यही कारण प्राविधिक शिक्षामा राज्यले आफू मात्रै होइन, दातृ निकायहरूलाई समेत गुहारेर मोटो लगानी गर्दै आएको छ । तर के राज्यले प्राविधिक शिक्षामा गरेको लगानीअनुरूप प्रतिफल प्राप्त भएको छ त ? प्राविधिक शिक्षामार्फत नेपाली युवाहरूले जीवनस्तर बदलेका छन् त ?

जहाँ लगानी हुन्छ, त्यहाँ प्रतिफलको अपेक्षा अवश्य पनि गरिन्छ । प्रतिफलबिनाको लगानी दिगो र सार्थक हुँदैन । हामीले विनियोजित बजेट र त्यसको खर्च पद्धतिलाई हेर्‍यौं भने प्राविधिक शिक्षाको क्षेत्रमा केही सन्तोष मान्न सकिएला तर घट्दै गएको विद्यार्थी आकर्षणलाई हेर्ने हो भने सोचमग्न हुनुपर्ने अवस्था छ । २०८२ को वार्षिक प्रतिवेदनमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) ले प्रकाशन गरेको तथ्यांकअनुसार डिप्लोमा तहको क्षमता ५३ हजार ३ सय ४४ रहेकामा २४ हजार ६ सय ७८ विद्यार्थी मात्रै भर्ना भएका छन् । त्यस्तै प्रि-डिप्लोमामा भर्ना क्षमता २२ हजार ३ सय ८२ रहेकामा कुल भर्ना ४ हजार ९ सय ९३ मात्रै देखिन्छ । यो तथ्यांकसँग अर्को तथ्यांक पनि जोडेर हेरौं । सीटीईभीटीले नियमित रूपमा प्रदान गर्दै आएको छात्रवृत्ति कार्यक्रम (निःशुल्क) मा समेत विद्यार्थी घटेका छन् ।

उक्त प्रतिवेदनअनुसार डिप्लोमा तहमा २ हजार ९ सय ३७ जनाको छात्रवृत्ति कोटा रहे पनि २ हजार १ सय ११ विद्यार्थी मात्रै सहभागी भएका थिए । अझ प्रि-डिप्लोमा तहको तथ्यांक हेर्दा चिन्ताजनक अवस्था छ । कुल ७८२ छात्रवृत्ति कोटा रहेकामा १५१ जना मात्रै छात्रवृत्ति कार्यक्रममा सहभागी भए ।

माथिको तथ्यांकलाई वस्तुनिष्ठ ढंगले केलाउँदा के देखिन्छ भने निःशुल्क पढ्न पाउने छात्रवृत्तिको कोटासमेत रिक्त रहनुले प्राविधिक शिक्षाप्रतिको मोह र विश्वास हराएर गएको छ । एकातिर राज्य दक्ष जनशक्ति उत्पादन गरेर स्वरोजगार युवा उत्पादन गर्ने लक्ष्य राख्छ, अर्कोतिर उपलब्ध सिटहरूमा समेत विद्यार्थी उपस्थिति हुँदैनन् । यसले हाम्रो शिक्षा प्रणाली र बजारको आवश्यकताबीच ठूलो खाडल रहेको प्रस्ट पार्छ । यो अवस्था आउनुमा केवल विद्यार्थीको अनिच्छा मात्र कारण छैन, बरु बदलिँदै गरेको समयलाई हामीले चिन्न नसकेको प्रतीत हुन्छ । एकातिर हामी प्राविधिक जनशक्ति उत्पादन गरिरहेका छौं अनि अर्कातिर भने श्रम बजारलाई अहिले पनि भारतबाट आउने ठूलो जमातले धानिरहेको छ ।

आजको युवा पुस्ताले प्राविधिक शिक्षापछिको रोजगारी र त्यसबाट हुने आम्दानीलाई वैदेशिक रोजगारीसँग तुलना गरिरहेको छ । तीन वर्ष वा सोभन्दा बढी समय लगाएर डिप्लोमा सकेको एउटा युवाले स्वदेशमा पाउने पारिश्रमिकले उसको आधारभूत आवश्यकतासमेत धान्न मुस्किल पर्ने स्थिति छ । अर्कोतर्फ, प्राविधिक शिक्षालयहरूको भौगोलिक अवस्थिति र प्रयोगशाला तथा उपकरणको अवस्था पनि उत्तिकै निराशाजनक छ । कतिपय शिक्षालयमा आवश्यक उपकरण र प्रशिक्षक अभावले सैद्धान्तिक ज्ञानमा मात्रै चित्त बुझाउनुपर्ने बाध्यतामा विद्यार्थी छन् । जसका कारण 'सीपमूलक शिक्षा' भनिए पनि व्यवहारमा ती विद्यार्थी बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी दक्ष बन्न सकिरहेका छैनन् ।

साथै, नीतिगत अस्पष्टताले पनि विद्यार्थीलाई अन्योलमा पारेको छ । प्रि-डिप्लोमा तहलाई खारेज गर्ने वा परिमार्जन गर्ने भन्ने विषयमा समय-समयमा हुने बहस र निर्णयले विद्यार्थी र अभिभावकमा त्रास पैदा गरेको छ । यही कारण विद्यार्थीहरू कक्षा १० पछि प्राविधिक धार रोज्नुको सट्टा साधारण शिक्षातर्फ लाग्ने वा प्लस टु सकिनेबित्तिकै विदेशिने बाटो रोजिरहेका छन् । राज्यले करोडौं रुपैयाँ खर्च गरेर भवन बनाउने र जनशक्ति खटाउने तर त्यहाँ पढ्ने विद्यार्थी नै नहुने विडम्बनापूर्ण अवस्थाले लगानी बालुवामा पानी हालेसरह भइरहेको छ । यदि पाठ्यक्रममा समयानुकूल परिमार्जन, प्रविधिमैत्री शिक्षण पद्धति र उत्पादित जनशक्तिलाई स्वदेशमै सम्मानजनक रोजगारीको ग्यारेन्टी नगर्ने हो भने प्राविधिक शिक्षालयहरू केही वर्षभित्रै रित्ता भवनमा परिणत हुने निश्चित छ ।

सीप सिक्ने अपेक्षा लिएर प्राविधिक शिक्षा अध्ययन गरिरहेको विद्यार्थीले ४० प्रतिशत मात्र प्रयोगात्मक अभ्यासमा बिताउनुपर्ने बाध्यकारी संरचनाले गर्दा कार्यस्थलमा आवश्यक पर्ने वास्तविक कौशल सिक्न पाइरहेका छैनन् । उद्योग र शिक्षालयबीचको सम्बन्ध केवल नाममा मात्र सीमित छ, जसले गर्दा बजारमा कस्तो सीप भएको जनशक्तिको माग छ भन्ने जानकारी शिक्षालयलाई हुँदैन । यो गम्भीर विरोधाभास नै आजको प्रमुख चुनौती हो ।

त्यस्तै, अर्को महत्त्वपूर्ण पाटो भनेको प्रशिक्षकहरूको क्षमता अभिवृद्धि र अद्यावधिक ज्ञानको अभाव हो । संसार आर्टिफिसियल इन्टेलिजेन्स (एआई), अटोमेसन र सूचना प्रविधिको चौथो औद्योगिक क्रान्तिमा प्रवेश गरिसक्दा पनि हाम्रा धेरैजसो प्राविधिक धारका प्रशिक्षकहरू दशकौं पुराना प्रविधि र उपकरणमा आधारित रहेर शिक्षण गरिरहेका छन् । जब प्रशिक्षक आफैं नयाँ प्रविधिसँग परिचित हुँदैनन्, तब उसले उत्पादन गर्ने विद्यार्थीले आधुनिक श्रम बजारमा कसरी प्रतिस्पर्धा गर्न सक्छन् ? यो प्रश्नले हाम्रो शैक्षिक गुणस्तरमाथि नै ठूलो प्रश्न खडा गरेको छ ।

साथै, समाजमा प्राविधिक शिक्षालाई हेर्ने दृष्टिकोण अझै पनि मर्यादित बन्न सकेको छैन । जसले साधारण शिक्षामा राम्रो अंक ल्याउन सक्दैन, उसले मात्र प्राविधिक शिक्षा पढ्ने हो भन्ने गलत मानसिकता अभिभावक र समाजमा व्याप्त छ । यसले गर्दा मेधावी विद्यार्थीहरू यो क्षेत्रमा आउन हिचकिचाउँछन् । सीपलाई सम्मान गर्ने संस्कृतिको विकास नहुँदासम्म र प्राविधिक काम गर्ने व्यक्तिलाई 'तल्लो दर्जाको कामदार' का रूपमा हेरिने प्रवृत्ति नहट्दासम्म यो क्षेत्रमा विद्यार्थीको आकर्षण बढ्न कठिन छ ।

अर्कोतर्फ, निजी क्षेत्र र सरकारबीचको सहकार्य (पीपीपी मोडल) मा पनि हामी निकै पछाडि छौं । विकसित देशहरूमा उद्योगहरूले नै आफ्नो आवश्यकताअनुसारको जनशक्ति तयार गर्न प्राविधिक शिक्षालयहरूसँग सहकार्य गर्छन् र विद्यार्थीले पढ्दापढ्दै प्रशिक्षार्थीका रूपमा काम गर्ने अवसर पाउँछन् । तर नेपालमा भने डिप्लोमा वा प्रि-डिप्लोमा सकेपछि पनि जागिरको खोजीमा भौंतारिनुपर्ने र पुनः नयाँ तालिम लिनुपर्ने अवस्था छ । यसले गर्दा विद्यार्थीको समय र लगानी दुवै खेर गइरहेको छ ।

अतः अबको बाटो भनेको केवल संख्यात्मक वृद्धि मात्र होइन, बरु गुणात्मक सुधार र बजारसँगको प्रत्यक्ष सामञ्जस्यता हो । जबसम्म हामीले प्राविधिक शिक्षालाई 'रोजगारी र स्वरोजगारीको सुनिश्चित आधार' बनाउन सक्दैनौं, तबसम्म विद्यार्थीको आकर्षण ओरालो लागिरहन्छ ।

छात्रवृत्तिको लोभ देखाएर मात्र विद्यार्थीलाई कक्षाकोठामा टिकाउन असम्भव छ । राज्यको लगानीलाई सार्थक बनाउन पाठ्यक्रमलाई शतप्रतिशत सीपमा आधारित बनाउने, उद्योगहरूसँगको साझेदारीलाई अनिवार्य गर्ने र श्रमको उचित सम्मान हुने वातावरण सिर्जना गर्न ढिला भइसकेको छ । नत्र भने हाम्रा प्राविधिक शिक्षालयहरू केवल बेरोजगार उत्पादन गर्ने केन्द्रमा परिणत हुने खतरा बढ्दो छ ।

# शैक्षिक सुधारको मागसहित भारतमा जेन–अल्फा पनि प्रदर्शनमा

**दिल्लीको विद्यार्थी आन्दोलनको प्रभावस्वरूप विद्यालय शिक्षाको सुधारको माग गर्दै भारतका विभिन्न राज्यमा स्कुले विद्यार्थी (जेन-अल्फा) को प्रदर्शन**





शैक्षिक वातावरण र आधारभूत सुविधा सुधारको माग गर्दै धर्नामा बसेका उत्तर प्रदेश, फतेहपुर जिल्लास्थित सर्वोदय कलेजका छात्राहरू (बायाँ) र उज्जैनको एउटा विद्यालयमा गरिएको प्रदर्शन ।

**अन्वेषण अधिकारी** (काठमाडौं)

भारतमा गत महिना भएको जेन-जी प्रदर्शनले केन्द्रीय शिक्षामन्त्रीलाई राजीनामा दिन बाध्य पारेको केही समयपछि 'जेन-अल्फा' पुस्ता पनि प्रदर्शनमा उत्रिएको छ । सन् २०१० पछि जन्मिएको यो पुस्ताले राम्रो सडक, विद्यालय र आधारभूत सुविधाको माग गर्दै आफ्ना विद्यालयहरूमा प्रदर्शन सुरु गरेका हुन् ।

गत महिना कङ्ग्रेस/कक्रोच जनता पार्टी (सीजेपी) को नेतृत्वमा जेन-जी पुस्ताका युवाले शिक्षा प्रणाली सुधार र शिक्षामन्त्रीको धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै नयाँदिल्लीमा प्रदर्शन गरेका थिए । सरकारले एमबीबीएस, बीडीएस तथा स्नातक तहका चिकित्सा तथा स्वास्थ्यसम्बन्धी अन्य शिक्षामा भर्नाका लागि लिइने राष्ट्रिय प्रवेश परीक्षा (नीट) प्रश्नपत्र चुहावटको छानबिन गर्ने प्रतिबद्धता र शिक्षामन्त्री प्रधानको राजीनामासँगै आन्दोलन स्थगित भएको थियो ।

तर, उक्त आन्दोलनले प्रभावस्वरूप विद्यालय शिक्षाको सुधारको माग गर्दै भारतका विभिन्न प्रदेशमा स्कुले विद्यार्थी (जेन-अल्फा) ले प्रदर्शन थालेका छन् । झारखण्डमा विद्यार्थीले सरकारी सेवा छनोट परीक्षामा भएको अनियमितताको विरोधमा २४ दिनसम्म आन्दोलन गरेका थिए । विद्यार्थीका माग सम्बोधन गर्दै आउटसोर्सिङ कम्पनीमार्फत गरिएको परीक्षाको नतिजा रद्द गर्ने झारखण्ड सरकारको निर्णयपछि उक्त आन्दोलन रोकिएको थियो ।

सीजेपीको आन्दोलनबाट प्रभावित भएर जेन अल्फा अर्थात् विद्यालय तहका विद्यार्थीले सम्बन्धित विद्यालयमा प्रदर्शन गरिरहेका छन् । सीजेपीले विद्यार्थीहरूप्रति ऐक्यबद्धता प्रकट गर्दै यसलाई 'स्कुल ठीक करो' नारा दिएको छ । मंगलबार उत्तर प्रदेशको मुरादाबादमा जेन-अल्फा नेतृत्वमा भएको प्रदर्शनले विद्यालयनजिक रहेका मदिरा पसलहरू हटाउन पनि माग गरेको छ । उक्त प्रदर्शनमा स्थानीय र अभिभावकले समेत ऐक्यबद्धता जनाएका छन् ।

जेन-अल्फाको पहिलो प्रदर्शन २८ जुलाईमा उत्तर प्रदेशको फतेहपुर जिल्लास्थित किसनपुरमा रहेको सर्वोदय इन्टर कलेजबाट सुरु भएको थियो । त्यहाँ करिब १५ सय विद्यार्थीले प्रदर्शन गरेका थिए । उनीहरूले सफा खानेपानी, कक्षाकोठामा पंखाको व्यवस्था र दिवा खाजा (मिड-डे मील) को माग गर्दै ४ घण्टा लामो शान्तिपूर्ण धर्ना दिएका थिए । धर्नापछि स्थानीय शिक्षा अधिकारीहरूले तुरुन्तै अवस्था सुधार गर्ने लिखित आश्वासन दिएका थिए । जिल्ला शिक्षा अधिकारी र जिल्ला विद्यालय निरीक्षक तुरुन्तै कलेजमा पुगेर प्रतिकक्षा चार वटा पंखा जडान गर्ने, शुद्ध पिउने पानीको व्यवस्था गर्ने, विद्युतीय तारहरूको मर्मत गर्ने र सरसफाइका समस्याहरू समाधान गर्ने लिखित प्रतिबद्धता जनाएका थिए ।

उत्तर प्रदेशकै हमिरपुरका विद्यार्थीहरूको एक समूहले ११ अगस्टमा हमिरपुर जिल्ला अधिकारीको कार्यालयमा पुगेर आफ्नो विद्यालय जाने सडकको अवस्था सुधार्न माग गर्दै प्रदर्शन गरेका थिए । राष्ट्रिय झन्डा बोकेका यी विद्यार्थीहरू अभिभावकसँगै नाराबाजी गर्दै सडकमा उत्रिएका थिए । उनीहरूले पक्की सडक निर्माणको माग गरेका छन् । स्थानीयले पहिले प्रयोग गर्ने गरेको वैकल्पिक बाटोसमेत वन विभागले बन्द गर्दा विद्यालय आउजाउ गर्न कठिन भएको उनीहरूले बताएका थिए । उनीहरूले ३ जुलाईमा पनि प्रदर्शन गरेका थिए । त्यसपछि सडकको अवस्था सुधार्न अस्थायी रूपमा त्यहाँ ग्राभेल हालिएको थियो । तर वर्षायाम सुरु भएपछि उक्त सडक फेरि हिलाम्मे भएको छ ।

राजस्थानका विभिन्न सरकारी उच्च माध्यमिक विद्यालयमा पनि विद्यार्थीले गेटमा ताला लगाइदिएका छन् । उनीहरू शिक्षक अभाव भएको भन्दै विरोधमा उत्रिएका हुन् । जेलोर जिल्लाको मेंगलवास्थित पीएम श्री सरकारी उच्च माध्यमिक विद्यालयबाहिर विद्यार्थीहरूले नाराबाजी गर्दै शिक्षकको अभाव भएको बताए । उनीहरूले रिक्त दरबन्दीमा तत्काल शिक्षक नियुक्त गर्न दबाब दिएका छन् । बारमेरमा पनि यस्तै प्रदर्शन भएको छ । शिक्षक अभावले पढाइ तथा परीक्षाको तयारीमा असर पुगेको विद्यार्थीहरूले बताएका छन् । त्यस्तै, जयपुरमा श्रवण क्षमता कमजोर भएका विद्यार्थीहरूले सांकेतिक भाषामार्फत सरकारी विद्यालयको दयनीय अवस्था उजागर गरेका छन् । उनीहरूले तत्कालै अवस्था सुधार गर्न माग गरेका छन् ।

बिहारको गयास्थित सिमुआरा विद्यालयका ४० भन्दा बढी विद्यार्थीले ३० जुलाईमा टिकारी उपमण्डल कार्यालयसम्म चार किलोमिटर मार्च गर्दै विद्यालय सुधार गर्न माग गरेका छन् । उनीहरूले दिवा खाजा गुणस्तरहीन भएको, हाते पम्प बिग्रिएको, शौचालय फोहोर रहेको र खेलकुद सामग्रीको अभाव भएको गुनासो गरेका छन् । यसपछि टिकारीका एसडीएम प्रवीण कुन्दनले विद्यालयका प्रधानाध्यापकलाई ५ दिनभित्र सबै समस्या समाधान गर्न निर्देशन दिएका छन् । उनले गुनासोहरूको छानबिन गर्न र थप कारबाहीका लागि रिपोर्ट पेस गर्न कार्यकारी मजिस्ट्रेट रञ्जितकुमार सिंह, टिकारी बीडीओ योगेन्द्र पासवान र एडीएसओ चन्दनकुमार रहेको ३ सदस्यीय छानबिन समिति पनि गठन गरेका छन् ।

त्यसैगरी, मध्य प्रदेशको सिरोन्जमा दर्जनौं छात्राले बस भाडा वृद्धिको विरोधमा सडकमा उत्रिएर प्रदर्शन गरेका छन् । कन्या माध्यमिक विद्यालयका विद्यार्थीहरू सिरोन्ज बस स्ट्यान्डमा जम्मा भएर करिब आधा घण्टासम्म नाराबाजी गरेका थिए । बस चालकहरूले मनोमानी ढंगले भाडा बढाएको उनीहरूको आरोप छ ।

महाराष्ट्रको धारा शिवको परन्डा तालुकास्थित सोणारी गाउँको जिल्ला परिषद् माध्यमिक विद्यालयका कक्षा १० का विद्यार्थीले मुख्य कार्यकारी अधिकृतको प्रशासनिक कार्यालयबाहिर अनिश्चितकालीन धर्ना दिएका छन् । वर्षौंसम्म माध्यमिक शिक्षकका पदहरू खाली रहेका कारण पठनपाठन प्रभावित भएको उनीहरूले बताए । उनीहरूको प्रदर्शनमा अभिभावकले पनि साथ दिएका थिए । यसैगरी, महाराष्ट्रको नासिकका विद्यार्थीले प्लास्टिकको पानीको बोतललाई माइक्रोफोन बनाएर सडकको अवस्थाबारे ग्राउन्ड रिपोर्ट तयार पार्दै विरोध गरेका छन् । त्यसको भिडियो सेयर गर्दै सीजेपी अध्यक्ष अभिजित दिपकेले विद्यार्थीहरूले आफ्ना माग सम्बोधनका लागि रचनात्मक ढंगले प्रदर्शन गरेको बताए ।

*(एजेन्सीहरूको सहयोग)*

# इरानसँग व्यापार रोक्ने यूएईको घोषणा



**एएफपी** (अबुधाबी)

संयुक्त अरब इमिरेट्स (यूएई) ले इरानतर्फबाट क्षेप्यास्त्र आक्रमण भएको आरोप लगाउँदै तेहरानसँगको सबै व्यापारिक तथा वित्तीय कारोबार रोक्ने घोषणा गरेको छ । पछिल्ला केही महिनादेखि तुलनात्मक रूपमा शान्त रहेको यूएईमा पुनः सुरक्षा तनाव बढेपछि अबुधाबीले इरानविरुद्ध यस्तो कदम चालेको हो ।

यूएईको विदेश मन्त्रालयकी सञ्चार निर्देशक अफ्रा अल हमेलीले क्षेत्रीय तनाव बढेको भन्दै इरानसँगको सबै व्यापार, व्यापारिक आदानप्रदान तथा वित्तीय कारोबार स्थगित गरिएको बताएका छन् । अबुधाबीले पछिल्ला केही सातामा इरानले हर्मुज जलमार्गमा आफ्ना ट्यांकरहरूलाई पटक-पटक निसाना बनाएको आरोप लगाउँदै आएको छ । यूएईको पछिल्लो निर्णय दुई मुलुकबीचको लामो समयदेखिको व्यापारिक तथा सामाजिक सम्बन्धका बीच आएको हो । यूएईमा ठूलो इरानी समुदायको बसोबास छ र युद्धअघि अमेरिकी प्रतिबन्धमा रहेको इरानका लागि यूएई प्रमुख व्यापारिक साझेदारमध्ये एक थियो । समुद्री तटीय समुदाय, व्यापारिक मार्ग र पारिवारिक सम्बन्धका कारण दुई देशबीच शताब्दीयौं पुरानो सांस्कृतिक तथा ऐतिहासिक सम्बन्धसमेत रहँदै आएको छ ।

मंगलबारको घोषणा इरानविरुद्ध यूएईले चालेको पछिल्लो कदम हो । द्वन्द्व सुरु भएपछि यूएईले आफ्ना राजदूत फिर्ता बोलाउनुका साथै इरानसँग सम्बन्धित केही विद्यालय र अस्पताल बन्द गरेको थियो । मार्चमा युद्ध चर्किएका बेला दुबईस्थित इरानी राज्यसँग सम्बन्धित अस्पताल बन्द गर्न अधिकारीहरूले आदेश दिएका थिए । विद्यालय तथा सामुदायिक केन्द्र पनि बन्द गरिएका थिए । त्यसबेला यूएईका एक अधिकारीले इरानी सरकार र इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आईआरजीसी) सँग प्रत्यक्ष सम्बन्ध भएका तथा यूएईको कानुन उल्लंघन गरेको पाइएका केही संस्थालाई लक्षित उपायअन्तर्गत बन्द गरिएको बताएका थिए ।

यसैबीच, अबुधाबीले मंगलबार इरानले यूएईतर्फ दुई वटा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाएको छ । यूएईले ती क्षेप्यास्त्र समुद्री क्षेत्रमा रहेका जहाज वा समुद्री नेभिगेसनलाई लक्षित गरिएको जनाएको थियो । तर तेहरानले यूएईतर्फ क्षेप्यास्त्र प्रहार गरेको आरोप अस्वीकार गरेको छ ।

यूएईको हवाई सुरक्षा प्रणालीले इरानबाट दुई वटा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरिएकामा एउटा आफ्नो क्षेत्रीय जलक्षेत्रबाहिर तथा अर्को क्षेत्रीय जलक्षेत्रभित्र खसेको यूएई मन्त्रालयले सामाजिक सञ्जालमार्फत जनाएको छ । त्यसपछि जारी अर्को विज्ञप्तिमा क्षेप्यास्त्र समुद्री नेभिगेसनलाई लक्षित गर्दै समुद्रमा खसेको उल्लेख गरिएको थियो ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले यूएईले इरानमाथि लगाएको क्षेप्यास्त्र प्रहारको आरोपलाई स्पष्ट रूपमा अस्वीकार गरे । उनले यस्तो दाबीले क्षेत्रीय विश्वास र सुरक्षा कायम गर्ने प्रयासमा नकारात्मक असर पार्ने बताए । यूएईको पहिलो आधिकारिक बयान आउनुभन्दा करिब दुई घण्टाअघि त्यहाँका बासिन्दालाई मोबाइल फोनमार्फत 'सम्भावित क्षेप्यास्त्र खतरा' बारे चेतावनी दिइएको थियो । जुनमा जारी भएको गलत चेतावनी र जुलाईमा आक्रमणको सम्भावनासम्बन्धी सूचनापछि यो पहिलो यस्तो चेतावनी थियो । यद्यपि त्यस पटक क्षेप्यास्त्र यूएईको भूभागमा प्रवेश गरेको थिएन । त्यसअघि पछिल्लो क्षेप्यास्त्र चेतावनी मेको सुरुआतमा जारी गरिएको थियो ।

यद्यपि पछिल्ला केही सातामा यूएईको सरकारी स्वामित्वको तेल कम्पनी एडनोकसँग सम्बन्धित ट्यांकरहरूलाई समुद्रमा पटक-पटक निसाना बनाइएको अबुधाबीले आरोप लगाउँदै आएको छ । समुद्री मार्ग र ऊर्जा पूर्वाधारसँग सम्बन्धित यस्ता घटनाले यूएईको सुरक्षा चिन्ता बढाएको छ ।

मध्यपूर्वमा युद्ध सुरु हुँदा यूएईले इरानी आक्रमणको ठूलो दबाब सामना गरेको थियो । फेब्रुअरी २८ मा युद्ध सुरु भएयता करिब तीन हजार क्षेप्यास्त्र तथा ड्रोन यूएईतर्फ लक्षित गरिएको बताइएको छ । अन्य मुलुकको तुलनामा यो क्षेत्रको बढी थियो । तर जुनमा इरान र अमेरिकाबीचको समझदारी ज्ञापनपत्र कार्यान्वयनमा आएपछि यूएईले अन्य खाडी मुलुकको तुलनामा प्रत्यक्ष आक्रमणको खबर कमै मात्र सामना गरेको थियो । उक्त समझदारी पछि भत्किए पनि यूएईमा लामो समयसम्म तुलनात्मक शान्ति कायम रहेको थियो ।

इरानसँगको सबै व्यापारिक तथा वित्तीय कारोबार रोक्ने पछिल्लो निर्णयले भने दुई देशबीचको व्यापारिक सम्बन्धमा प्रत्यक्ष असर पार्ने भएको छ । साथै, समुद्री सुरक्षा र क्षेत्रीय तनाव थप बढ्ने चिन्ता पनि उत्पन्न भएको छ ।

# युक्रेनमा पूर्वरक्षामन्त्रीले गरे राष्ट्रपति चुनावको माग

किभ (एपी)- रुससँग युद्ध जारी रहेकै बेला युक्रेनका पूर्वरक्षामन्त्री मिखाइलो फेडोरोभले राष्ट्रपति चुनावको माग गरेका छन् । राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीका निकट सहयोगीमध्येका फेडोरोभले नै सार्वजनिक रूपमै चुनावका लागि माग गरेका हुन् । यसलाई रुससँगको युद्ध सुरु भएयता जेलेन्स्कीसामु देखिएको सबैभन्दा ठूलो आन्तरिक चुनौती मानिएको छ ।

फेडोरोभले जुलाईमा रक्षामन्त्रीको पद गुमाएका थिए । उनले युट्युबमा सार्वजनिक भिडियो सन्देशमार्फत लामो युद्धका बीच पनि युक्रेनमा लोकतान्त्रिक प्रक्रिया पुनःस्थापित गर्न कानुनी, सुरक्षित र व्यावहारिक उपाय खोज्नुपर्ने बताए ।

युक्रेनी कानुनअनुसार देशमा मार्सल ल लागू रहेसम्म चुनाव गराउन रोक लगाइएको छ । रुसले पूर्ण रूपमा आक्रमण सुरु गरेको दिन अर्थात् फेब्रुअरी २४, २०२२ देखि युक्रेनमा मार्सल ल लागू छ । फेडोरोभले वर्तमान शासन प्रणाली आत्मरक्षा र परिवर्तनको प्रतिरोधमा केन्द्रित भएको आरोप लगाउँदै देशले शासन सञ्चालनकै विषयमा प्रणालीगत संकट सामना गरिरहेको बताएका छन् । उनले कुनै अधिकारीको नाम नलिई सरकारी निकायमा व्याप्त भ्रष्टाचारको समेत आलोचना गरे । युद्धका बेला हुने भ्रष्टाचारले युक्रेनको युद्ध लड्ने क्षमतालाई कमजोर बनाउने उनको भनाइ छ ।

'युद्धका बेला भ्रष्टाचार आर्थिक विषय मात्र होइन, यो हाम्रो बाँच्ने र जित्ने क्षमतासँग जोडिएको विषय हो,' फेडोरोभले भने । रक्षाका लागि छुट्याइएको बजेट सुरक्षामै खर्च हुनुपर्ने र निजी स्वार्थमा प्रयोग हुन नहुने उने बताए ।

फेडोरोभले आफूलाई पदबाट हटाइनुको एउटा कारण रक्षा मन्त्रालयको खरिद प्रणालीमा आफूले नेतृत्व गरेको भूमिका पनि भएको बताए । उक्त



मिखाइलो फेडोरोभ, पूर्वरक्षामन्त्री, युक्रेन

> लोकतान्त्रिक प्रक्रिया पुनःस्थापित गर्न पनि चुनाव आवश्यक रहेको पूर्वरक्षामन्त्री मिखाइलो फेडोरोभको भनाइ

प्रणालीमार्फत सैन्य उपकरण खरिदमा खर्च हुने अर्बौं डलरको निगरानी हुँदै आएको थियो ।

फेडोरोभको सम्बोधन युक्रेनी संसद्ले नयाँ रक्षामन्त्रीका रूपमा येभहेनी ख्मारालाई मनोनयन गरेको केही घण्टापछि आएको हो । संसद्का अध्यक्ष रुस्लान स्टेफानचुकले मंगलबार सामाजिक सञ्जालमार्फत नयाँ रक्षामन्त्रीको मनोनयनबारे जानकारी दिए । फेडोरोभको सम्बोधनप्रति जेलेन्स्कीको कार्यालयले तत्काल कुनै प्रतिक्रिया दिएको छैन ।

फेडोरोभलाई अचानक पदबाट हटाइएपछि गत महिनादेखि राजधानी किएभमा सरकारविरुद्ध प्रदर्शन हुँदै आएका छन् । प्रदर्शनको सुरुआती भीड केही घटे पनि सप्ताहन्तमा अझै हजारौं मानिस सडकमा उत्रिने गरेका छन् । प्रदर्शनकारीहरूले फेडोरोभलाई पुनः पदमा फर्काउन माग गर्दै जेलेन्स्कीविरुद्ध नाराबाजी तथा हस्तनिर्मित प्लेकार्ड प्रदर्शन गर्दै आएका छन् ।

युद्ध जारी रहेका बेला चुनाव गराउने विषय भने युक्रेनका लागि सुरक्षा, कानुनी र राजनीतिक रूपमा जटिल मानिन्छ । फेडोरोभको पछिल्लो आह्वानले युद्ध सञ्चालनसँगै लोकतान्त्रिक प्रक्रिया र शासन प्रणालीबारे युक्रेनभित्र बढिरहेको बहसलाई थप सतहमा ल्याएको छ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

टुक्रा जग्गाहरू बेच्नु परेमा 9846662001

**सम्पर्क**

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

१५-१६,कोठाको २-३,वटा मोटर पार्किङ्गमिल्ने भवन चाहियो सम्पर्क: हेमन्त ९७४५३६५४५२

गारमेण्ट कटिङ्ग सिलाई दुईकोठा ९८५१०२१०८३

**चाहियो**

सेल्सम्यान र ड्राइभर चाहियो ९८५११७३०७३, ९८६८६८६६९५

हेल्पर आवश्यक खानबस्न व्यबस्था ९८४००५७४२६

अनुभवि म:ममिस्त्री चाहियो तलव १५०००।- ९८४१३१११४२

बालाजु औद्योगिक क्षेत्रस्थित इन्जिनियरिङ्ग वर्कसपको लागि वेल्डीङ्ग मिस्त्री -२ हेल्पर -२ चाहियो ९८५१०३०८७९

न्यूरो हस्पिटल क्यान्टिन बाँसबारीको लागि अनुभवी वेटर -४ चाहियो खानेबस्ने सुविधा तलब १८०००/- ९८५१०८१७३०

अर्जेन्ट किचेन हेल्पर सिफल, ९८४३५९६८५५

अनुभबी अलराउन्डरकुक वा तन्दुरीकुक डिसवासर 9851313205

भ्यालीबाहिर अनुभवीकुक हेल्पर बैटर 9808166650

मारुति इकोभ्यान, टाटा V20 भ्यान चलाउने ड्राइभर 9851062218

तिनकुने होटेललाई भांडामाझ्ने चाहियो ९८१३८०२९७५

म:म: मिस्त्री तलब १८,०००।-, ९८५१०४१५७२

आमालाईहेर्ने महिला खानबस्न २०,००० तलब 9851095578

लगनखेल म:म: सेन्टरमा कामदारको आवश्यकता तलब १८,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३५९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१५५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३५७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

विदेशी मूद्रा

| | |
|---|---|
| अमेरिकी डलर | १५३.४० |
| युरो | १७७.६२ |
| पाउन्ड स्टर्लिङ | २०७.५६ |
| अस्ट्रेलियन डलर | १०९.०६ |
| कतारी रियाल | ४२.०८ |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,०४,१००
चाँदी रू. ४,५९५

# देशभर सकियो ९७.४८ प्रतिशत रोपाइँ, गत वर्षभन्दा बढ्यो ३ प्रतिशत

**रोपाइँको दरमा सबैभन्दा ठूलो सुधार मधेशमा, गत वर्ष यही अवधिमा मधेशमा ८६.३५ प्रतिशत मात्रै रोपाइँ भएकामा यस वर्ष ९६.६ प्रतिशत**



मकवानपुरको चित्लाङमा धान रोप्दै किसान । फाइल तस्बिर : कान्तिपुर

**प्रकृति दाहाल** (काठमाडौं)


यस वर्ष देशभर रोपाइँ ९७.४८ प्रतिशत सकिएको छ । २९ साउनसम्म १३ लाख ३५ हजार ६ सय ५१ हेक्टरमा रोपाइँ सकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागले जनाएको छ ।

देशभर रोपाइँ भएको क्षेत्रफल १३ लाख ७० हजार ६२ हेक्टर छ । गत वर्ष १ भदौसम्म ९४ प्रतिशत रोपाइँ सकिएको थियो । त्यति बेला १३ लाख ३ हजार १२ हेक्टरमा रोपाइँ भएको थियो । गत वर्षको तुलनामा यस वर्ष करिब ३० हजार ५ सय हेक्टर बढी क्षेत्रमा धान रोपिएको विभागको तथ्यांक छ ।

प्रदेशगत रूपमा सुदूरपश्चिममा धान रोपाइँ शतप्रतिशत सकिएको छ । कर्णालीमा ९७.७९, बागमतीमा ९७.८२, कोशीमा ९७, गण्डकीमा ९६.६८, मधेशमा ९६.६ र लुम्बिनीमा ९७.८७ प्रतिशत रोपाइँ भएको विभागको तथ्यांक छ । रोपाइँको दरमा सबैभन्दा ठूलो सुधार मधेशमा देखिएको छ । गत वर्ष यही अवधिमा मधेशमा ८६.३५ प्रतिशत मात्रै रोपाइँ भएकामा यस वर्ष ९६.६ प्रतिशत पुग्दा मधेशमा रोपाइँको दर १०.२५ प्रतिशत विन्दुले बढेको हो ।

गण्डकीमा पनि गत वर्षको तुलनामा रोपाइँ बढेको छ । गत वर्ष ९४.८३ प्रतिशत रहेकामा यस वर्ष ९६.६६ प्रतिशत पुगेको छ । कोशीमा गत वर्षको ९६.६७ बाट बढेर ९७ प्रतिशत, बागमतीमा ९७.२७ बाट ९७.५२ प्रतिशत पुगेको छ । लुम्बिनीमा गत वर्ष ९८.३७ प्रतिशत रोपाइँ भएको थियो । यस वर्ष भने ९७.८७ प्रतिशत रोपाइँ सकिएको विभागले जनाएको छ ।

सुदूरपश्चिममा भने गत वर्ष शतप्रतिशत रोपाइँ भएको थियो । यस वर्ष पनि शतप्रतिशत नै पुगेको छ । कर्णालीमा भने गत वर्षको तुलनामा रोपाइँ कम भएको छ । गत वर्ष ९९.३४ प्रतिशत पुगेकामा यस वर्ष ९७.७९ प्रतिशतमा सीमित बनेको छ ।




यस वर्षको रोपाइँ करिब सकिएको कृषि विभागका उपमहानिर्देशक राजेन्द्र कोइरालाले बताए । 'यस वर्ष रोपाइँ सकियो भन्दा पनि हुन्छ । केही रहलपहल तथ्यांक आउँदा ९८ प्रतिशत पुग्ला कि भन्ने अनुमान छ,' उनले भने, 'यस वर्षको रोपाइँ उत्साहजनक छ ।'

गत वर्ष खडेरीका कारण रोपाइँ ढिला भएको उनको भनाइ छ । त्यति बेला मधेशमा कम रोपाइँ भएको उनले जनाए । यस वर्ष भने पछिल्लो सातामा भएको वर्षाका कारण मधेशमा छिटो रोपाइँ भएको कोइरालाले बताए । यस वर्ष रोपाइँ समयमै सकिएकाले उत्पादन पनि बढ्ने अनुमान गरिएको उनको भनाइ छ । 'बीचमा कुनै पनि विपद् नआए अहिलेको रोपाइँको अवस्था हेर्दा धान उत्पादन बढ्ने अनुमान गरेका छौं,' उनले भने ।

सरकारी निकायले समयमै रोपाइँ सकिएको र उत्पादन बढ्ने अनुमान गरे पनि किसानले रोपाइँका बेला बीउ, मलदेखि विपद्को सामना गरिरहनुपर्ने बाध्यता टड्कारो बनेको बताउँदै आएका छन् । आर्थिक वर्ष २०८२/८३ मा नेपालको धान उत्पादन ४.२० दशमलव २० प्रतिशतले घटेर ५७ लाख ५ हजार १ सय २६ टनमा सीमित भएको थियो ।

किसानले रोपाइँ सके पनि मलको अभाव कायमै रहेको राष्ट्रिय कृषक समूहका कोषाध्यक्ष शशिराम आचार्यले बताए । 'रोपाइँ सकियो, मल पर्याप्त छैन, यो मल नभई नहुने बेला हो,' आचार्यले भने, 'मल राख्न नपाउँदा उत्पादन सोचेजसरी हुन सक्दैन ।' सरकारी गोदाममा मल भए तापनि किसानले मलका लागि सास्ती भोग्नुपरेको उनको भनाइ छ ।

कृषिगणना २०७८ अनुसार धान खेती गर्ने किसानको संख्या २७ लाख ६५ हजार छ । तर २०६८ को जनगणनामा यस्तो संख्या २६ लाख ८१ हजार थियो । यसमा सबैभन्दा धेरै धान खेती गर्ने प्रदेश हो । जिल्लागत रूपमा भने मोरङ छ । २०८२/८३ को कुल गार्हस्थ उत्पादन (जीडिपी) मा कृषि क्षेत्रको योगदान २४.१६ प्रतिशत छ । त्यसमा सबैभन्दा बढी हिस्सा धान खेतीको छ ।

२०८२/८३ मा धान उत्पादन ४.२० प्रतिशतले घटेर ५७ लाख पाँच हजार १ सय २६ टन मात्रै धान उत्पादन भएको कृषि वन तथा पर्यावरण मन्त्रालयको तथ्यांक छ । २०८१/८२ मा भने ५९ लाख ५५ हजार ४ सय ७६ टन धान उत्पादन भएको थियो । त्यसअघि २०८०/८१ मा ५७ लाख २४ हजार २३४ टन धान उत्पादन भएको थियो ।

यस वर्ष धानको रोपाइँको अवस्था राम्रो रहेकाले उत्पादन बढ्ने सम्भावना रहेको कृषि जैविक विविधता संरक्षण तथा विकास केन्द्रका प्रमुख केशव देवकोटाले बताए । अहिले नै उत्पादनको अन्तिम मात्रा अनुमान गर्न हतार हुने उनको भनाइ छ । 'अहिले नै उत्पादनको मात्रा मापन गर्न सकिँदैन, रोग लाग्न सक्छ, बाढी आउन सक्छ, पाक्ने बेला पनि क्षति हुन सक्छ,' देवकोटाले भने, 'तर रोपाइँको अवस्था हेर्दा उत्पादन बढ्ने देखिन्छ ।'

यस वर्ष धान खेतीका लागि मलको उपलब्धता पनि तुलनात्मक रूपमा सहज भएको छ । सँगै समयमै भएको रोपाइँले उत्पादनमा सकारात्मक प्रभाव पार्न सक्ने देवकोटाले बताए । धान उत्पादनको वास्तविक अवस्था भने बालीको वृद्धि, मौसम, रोग-कीराको अवस्थाले स्पष्ट हुने उनको भनाइ छ ।

# अस्थायी हाटको प्रतीक्षामा चिनियाँ सीमावर्ती क्षेत्रका बासिन्दा



डोल्पा-चीन सीमास्थित मरिम्लामा नाका जोड्ने सडक । तस्बिर : कान्तिपुर

**कृष्णप्रसाद गौतम** (सुर्खेत)

मुगुको मुगमकार्मारोङ गाउँपालिका-२ मुगुगाउँका छिरिङ लामा झन्डै दुई दशकदेखि चिनियाँ खाद्यान्न, लत्ताकपडा र उपभोग्य सामग्रीमै निर्भर छन् । हरेक वर्ष साउन-भदौमा नेपाल-चीन सीमास्थित हयाजिमारमा लाग्ने १५ दिने व्यापारिक मेला (हाट) मा यार्सालगायत जडीबुटी बिक्री गरी त्यही रकमले उपभोग्य सामग्री खरिद गर्ने गरेका छन् ।

'हामीलाई त सदरमुकाम पुग्नै एकतर्फी तीन दिन लाग्छ, त्यहाँको सामान पनि महँगो, त्यसमा ढुवानी भाडा पनि अचाक्ली, चिनियाँ हाट नगए वर्षभरिको परिवार खर्चको जोहो गर्नै गाह्रो हुन्छ,' उनले भने, 'चीनतिर एक दिनमा पुगिन्छ, सामान पनि सस्तोमा पाउँछ, ढुवानी पनि सजिलो ।' गत वर्ष १४ देखि २९ साउनसम्म हाट लागेको थियो । यो वर्ष भदौ लागिसक्दा पनि हाट लागेको छैन । तर लामा अझै पनि हाट खुल्ने प्रतीक्षामा छन् ।

डोल्पाको शेफोक्सुन्डो-३ का कर्माछिरिङ गुरुङ र उनको परिवारलाई पनि अत्यावश्यक खाद्यान्नका लागि हाटकै भर छ । 'अत्यधिक चिसो र सिँचाइ असुविधाका कारण गाउँमा वर्षमा एक बाली उवाभन्दा केही फल्दैन, त्यो उत्पादनले तीन महिना पनि खान पुग्दैन,' उनले भने, 'सदरमुकाम जाँदा एकतर्फी तीन दिन हिँड्नुपर्छ, सडक सुविधा नहुँदा खच्चडमार्फत ढुवानी गर्नुपर्छ, त्यसैले नेपाली चामल उपभोग गर्दा अत्यधिक महँगीको मारमा छौं ।' गाउँमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीको डिपो भए पनि वर्षमा एकपल्ट चामल आउने भएकाले चिनियाँ खाद्यान्नको भर पर्नुपरेको हो । सदरमुकाम दुनैमा ३० किलोको एक बोरा चामलको मूल्य २ हजार ५ सयदेखि ३ हजार रुपैयाँसम्म छ ।

'सदरमुकाममा किनेको सामान प्रतिकिलो ९० रुपैयाँसम्म ढुवानी भाडा तिरेर खच्चडमा ल्याउनुपर्छ, त्यसमा व्यापारीले फाइदा पनि जोड्छन्,' उनले भने, 'त्यसैले गाउँमा आएको चामल झन्डै दोब्बर मूल्यमा ६ हजार रुपैयाँसम्ममा खरिद गर्न बाध्य छौं ।' तर चिनियाँ चामल ८ सयदेखि १ हजार रुपैयाँमा प्रतिबोरा पाइन्छ भने गाउँसम्म एकै दिनमा पुर्‍याउन सकिन्छ ।

चीनसँग सीमा जोडिएका हुम्लाको नाम्खा, मुगुको मुगमकार्मारोङ तथा डोल्पाको डोल्पोबुद्ध, छार्कातोङसोङ र शेफोक्सुन्डो गाउँपालिकाका बासिन्दा बर्सेनि सीमा क्षेत्रमा लाग्ने तिब्बती हाट बजारमै निर्भर छन् । यो वर्ष हुम्ला सीमास्थित लिलोङमा १४ देखि २५ साउनसम्म चिनियाँ अस्थायी हाटबजार लागिसकेको छ । तर दुई जिल्लाका बासिन्दा भने मुगु सीमास्थित हयाजिमार र डोल्पा सीमास्थित मरिम्लामा अस्थायी हाटको प्रतीक्षामा छन् । 'तिब्बती हाट लागे वर्षभरिको खाद्यान्न जुटाउन सहज हुन्छ,' फोक्सुन्डो गाउँपालिका-४ का छेवाङ गुरुङले भने, 'हाम्रो उत्पादनले पनि सहजै बजार पाउँछ ।'

उनका अनुसार कृषि उत्पादन न्यून हुने सीमावर्ती क्षेत्रका स्थानीयको मुख्य पेसा जडीबुटी संकलन र पशुपालन हो । स्थानीयले त्यही हाटमा यार्सागुम्बु, पाँचऔंले, जटामसीलगायत जडीबुटी र घिउ, छुर्पी, च्यांग्रा, भेडाको ऊनलगायत स्थानीय उत्पादन बिक्री गर्छन् भने खाद्यान्न, लत्ताकपडालगायत दैनिक उपभोग्य सामान खरिद गरी ल्याउँछन् ।

डोल्पा-चीन सीमास्थित मरिम्लामा गत वर्ष २५ साउनदेखि ५ भदौसम्म हाट लागेको थियो । तर यो वर्ष समय घर्किए पनि चिनियाँ पक्षले कुनै जानकारी नदिएको डोल्पाकी प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले बताइन् । 'हाटबजारका लागि चिनियाँ पक्षकै एकलौटी निर्णय हुने हो, हामीले सुरक्षाका लागि आवश्यक प्रबन्ध गर्छौं,' उनले भनिन्, 'स्थानीय तहका जनप्रतिनिधिले पनि पहल गरिरहनुभएको छ, हाम्रोतर्फबाट हाटबजारबारे पहल गर्न गृह मन्त्रालयमा पत्राचार गरिएको छ ।' हाट खुल्ने भएपछि स्थानीयलाई जिल्ला प्रशासनले अस्थायी पास जारी गर्ने उनले जनाइन् । गत वर्ष २ हजार २ सय जनाका लागि पास जारी गरिएको थियो ।

> अत्यावश्यक उपभोग्य वस्तुका लागि अस्थायी हाटको प्रतीक्षामा सीमावर्ती हुम्लाको नाम्खा, मुगुको मुगमकार्मारोङ तथा डोल्पाको डोल्पोबुद्ध, छार्कातोङसोङ र शेफोक्सुन्डो गाउँपालिकाका बासिन्दा

सडक सुविधा नहुँदा पालिकाका बासिन्दा वर्षौंदेखि चिनियाँ खाद्यान्नमै निर्भर रहेको डोल्पोबुद्ध गाउँपालिका अध्यक्ष कार्मा छोइवेल गुरुङले बताए । 'सदरमुकामसम्म त गाडी चल्छ, तर त्यसभन्दा माथि खच्चड र पैदल यात्राकै भर हो, कठिन भूगोलका कारण सदरमुकाम आउजाउ गर्न एकतर्फी चार दिन लाग्छ, चीन सीमामा भने एक दिनमै पुग्न सकिन्छ,' उनले भने, 'तर दुई देशको सीमा व्यापार १५ दिने हाटबजारमै सीमित छ, वर्षभरिकै लागि नाका खुले पालिकाको जनजीवन धेरै सहज हुन्थ्यो ।' अस्थायी हाटमा स्थानीय उत्पादन र जडीबुटीले राम्रो भाउ पाउने भएकाले पनि स्थानीयहरू प्रतीक्षामा बसेका हुन् ।

नाकामा चिनियाँ व्यापारीहरूले अस्थायी रूपमा पाल टाँगेर दैनिक उपभोग्य सामान बिक्री गर्ने र स्थानीय उत्पादन किन्ने गरेका छन् । चिनियाँ हाट खुले यार्साले राम्रो मूल्य पाउने आशा गरेको डोल्पोबुद्ध-४ का पेम्बा भोटेले जनाए । गत वर्ष उनले २८ लाख रुपैयाँ प्रतिकिलो यार्सा बिक्री गरेका थिए । 'सडक सुविधा भए पनि सदरमुकामबाटै चामल ल्याउन सकिन्थ्यो, अहिले त खच्चडमा बोकाएर ल्याएको खाद्यान्न दुई गुणा महँगोमा उपभोग गर्नुपर्छ,' उनले भने, 'चीनबाट ल्याएको चामल किन्न पनि सस्तो र ढुवानी गर्न पनि सजिलो ।' **बाँकी पृष्ठ ८**

# फस्टाउँदै सातु व्यापार, बालबालिकादेखि वृद्धवृद्धासम्मको रोजाइमा

**स्थानीय किसानका अनाजबाट बनेका सातुका विभिन्न स्वाद काठमाडौंका मार्टदेखि विदेशमा रहेका नेपालीका भान्सासम्म पुग्न थाले**

**आरती पौडेल** (काठमाडौं)

कुनै बेला गाउँघरमा मकै, भटमास, चना र जौ भुटेर घरमै बनाइने सामान्य खाजाका रूपमा सीमित सातु अहिले 'हेल्दी स्न्याक्स'का रूपमा सहरका उपभोक्ताको रोजाइमा पर्न थालेको छ । काठमाडौंका किराना पसल, अर्गानिक फार्म हाउसदेखि ठूला मार्टसम्म विभिन्न प्रकारका सातुका प्याकेट लस्करै भेटिन्छन् । सहरको व्यस्त जीवनशैली, स्वास्थ्यप्रति बढ्दो चासो र जंक फुडको विकल्प खोज्ने प्रवृत्तिले सातुको बजार विस्तार हुँदै गएको व्यवसायी बताउँछन् ।

पेसाले इन्जिनियर भए पनि बागलुङका ३७ वर्षीय अस्बिन सापकोटा काठमाडौंको वनस्थलीमा ढिकीजाँतो प्रालि चलाउँछन् । सापकोटा र उनका साथीहरू मिलेर चलाएको ढिकीजाँतोमा सातुसँगै विभिन्न कृषि उपज बिक्रीका लागि राखिएको छ । ढिकीजाँतोले जौ, चना, चामल, भटमास, उवा र मकैको सातु बनाउँदै आएको छ । मिक्स र स्पेसल सातु पनि ग्राहकको रोजाइमा रहेको सापकोटा बताउँछन् । स्पेसल सातुमा बदाम, काजु, ओखरलगायतका ड्राईफ्रुटसमेत राखिएको छ ।



काठमाडौंको वनस्थलीस्थित ढिकीजाँतो प्रालिमा राखिएको सातु बनाउन प्रयोग गरिने वस्तु र त्यसको प्याकेजिङ । तस्बिर सौजन्य : ढिकीजाँतो प्रालि

ढिकीजाँतो वनस्थलीमा भए पनि बजार भने उपत्यकाबाहिर र विदेशमा समेत विस्तार भएको छ । विराटनगर, चितवन, बुटवल र पोखरालगायत सहरमा विभिन्न मार्टमार्फत सातु पठाइने गरेको सापकोटाले बताए । 'नेपालमा मात्र होइन, अस्ट्रेलिया, न्युजिल्यान्डलगायतका देशमा बस्नु भएका नेपालीहरूले सातु मगाउनुहुन्छ,' उनले भने ।

ढिकीजाँतोले महिनामा ३ सयदेखि ४ सय किलोसम्म सातु बेच्ने गरेको छ । 'कहिलेकाहीं डिमान्ड धेरै पनि हुन्छ । एक पटक एउटा संस्थाले बालबालिकाको पोषणका लागि भनेर एकै पटक २ हजार किलो सातु अर्डर पनि गरेको थियो,' सापकोटाले भने ।

ढिकीजाँतोले मुस्ताङ, रसुवा, जुम्ला, मुगु र डोल्पालगायत जिल्लाका अनाज किन्दै आएको छ । ढिकीजाँतोमा फापर, कोदो, गहुँ र मकैको पिठो, च्याँख्ला, दाल तथा विभिन्न गेडागुडी, मुस्ताङको आलु र लसुनलगायत करिब ७०-८० प्रकारका उत्पादन रहेको सापकोटा सुनाउँछन् । **बाँकी पृष्ठ ८**

## Invitation for Quotation

**(Published date 20 August, 2026)**

BNMT Nepal invites quotations from interested companies/dealers for the delivery of **two (2)** category **B type** ambulances for following hospitals under the **"Trauma Hub Project in Nepal"** project.

1. Binayi Tribeni Basic Hospital, Nawalparasi East
2. Chandranigahpur Hospital, Rautahat

**Ambulance specifications:**

| SN | Criteria | Requirements |
|---|---|---|
| 1. | Engine Capacity<br>Make Year | At least 2500CC<br>2026 |
| 2. | General | 4 WD, Gross weight>2500Kg and shall have seating capacity for at least driver, patient and passengers. |
| 3. | Engine | Diesel, Power output>65bhp, torque>250NM |
| 4. | Transmission | Manual, floor mounted engaged through control at driver seat. |
| 5. | Ground Clearance | At least 195mm |
| 6. | Tyre size | At least 235/65/R16 |
| 7. | Cab | 5 doors – 4 side doors and 1 back door |
| 8. | Vehicle options | Power steering, ABS with EBD, 4WD, AC |
| 9. | Brakes | Front – Disk type, rear- disk/drum, hydraulic operated on all wheels, and parking brake, dual circuit preferred. |
| 10. | Emission | BS VI Stage - 2 |
| 11. | Ambulance Options | Auto Loader Stretcher, Provision for at least 2.2L Oxygen Cylinder, Radio Communication, Medical Cabinet, Internal Lights, Siren/Flashing Unit |
| 12. | Chassis and frame | Heavy duty with toe-hook in front and rear preferred. |

*Note: Price must be quoted by adding additional equipment for B category type ambulance; the color and design as per GoN ambulance guidelines.*

**Documents Required:**
Interested companies/dealers must submit copies of the following documents:
-Company/dealership certificate; PAN/VAT, Tax clearance copies.

**Submission Deadline:**
Quotations must be submitted no later than **4 September, 2026**

**Address for two separate quotation submission on:**

1. Binayi Tribeni Basic Hospital, Nawalparasi East
   C/O BNMT Nepal, Head Office, Lazimpat, Kathmandu (4536434)
2. Chandranigahpur Hospital, Rautahat
   C/O BNMT Nepal, Head Office, Lazimpat, Kathmandu (4536434)

# राष्ट्र बैंकको डेपुटी गभर्नरमा रावल



काठमाडौं (कास)- सरकारले नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा दीर्घ रावललाई नियुक्त गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले रावललाई डेपुटी गभर्नरमा नियुक्त गर्ने निर्णय गरेको हो।

नेपाल राष्ट्र बैंकमा २५ फागुन २०८२ देखि दुई डेपुटी गभर्नर पद रिक्त थियो। सरकारले २४ चैतमा किरण पण्डितलाई डेपुटी गभर्नर नियुक्त गरेर अर्को पद खाली राखेको थियो। त्यही खाली रहेको पदमा बुधबार रावललाई नियुक्त गरेको हो।

राष्ट्र बैंक ऐनमा गभर्नरको सिफारिसमा मन्त्रिपरिषद्ले डेपुटी गभर्नर नियुक्त गर्ने व्यवस्था छ। कानुनमा दुई वटा डेपुटी गभर्नर नियुक्त गर्ने व्यवस्था भए पनि सरकारले गत चैतमा एउटा मात्र नियुक्त गरेको थियो।

दीर्घबहादुर रावल हाल नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा बैंक सुपरिवेक्षण विभागका प्रमुखका रूपमा कार्यरत थिए। राष्ट्र बैंकमा २० वर्षको अनुभव हासिल गरेका रावलसँग वित्तीय क्षेत्रको नियमन, बैंकिङ सुपरिवेक्षण, मौद्रिक नीति विश्लेषण, मुद्रा व्यवस्थापन तथा सम्पत्ति शुद्धीकरण निवारण/आतंकवादमा वित्तीय लगानी नियन्त्रण (एएमएल/सीएफटी) सम्बन्धी क्षेत्रमा विशेष दखल छ।

सन् २०१९ देखि २०२४ सम्म रावलले नेपालको वित्तीय जानकारी एकाइ (एफआईयू) को प्रमुखका रूपमा काम गरेका थिए। रावल काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टमा वित्त विषयमा विद्यावारिधि शोधार्थी हुन्। उनले वित्तमा एमफिल, अर्थशास्त्रमा स्नातकोत्तर, व्यवस्थापनमा एमबीए तथा समाजशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेका छन्।

## अर्थ संक्षेप

### बिहीबारदेखि टाटा कार्निभल




काठमाडौं (कास)- नेपालका लागि टाटा मोटर्सको अधिकारिक वितरक सिप्रदी ट्रेडिङले यही बिहीबारदेखि टाटा कार्निभलको चौथो संस्करण सुरु गर्न लागेको छ। ४ देखि ७ भदौसम्म चल्ने यस क्याम्पमा पुराना गाडीसँग हालै नेपालमा लन्च गरिएको नयाँ पन्च ईभी र नयाँ टियागो साट्न सकिने कम्पनीले जनाएको छ। पुरानो गाडीलाई डाउनपेमेन्टका रूपमा राखेर टाटा मोटर्सका नयाँ सवारी लैजान सकिने कम्पनीले बताएको छ। योजना अवधिभर टाटाका गाडी बुकिङ गर्ने ग्राहकले बेस्ट एक्सचेन्ज भ्यालुएसन, आजीवन निःशुल्क डीसी फास्ट चार्जिङ, एक वर्षको सवारी कर छुट र निःशुल्क एसेसोरिज र निःशुल्क होम चार्जिङ जडान जस्ता विशेष सहुलियत प्रदान गरेको छ। 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' का अवसर पारेर नयाँ 'पन्च इभी' र नयाँ टियागो ईभी विशेष अफरसहित सार्वजनिक गरिएको थियो। नयाँ पन्च ईभीको सुरुवाती मूल्य ३३ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको छ। नयाँ टियागो ईभीको सुरुवाती मूल्य भने २८ लाख ९९ हजार रुपैयाँ रहेको कम्पनीको भनाइ छ।

### एनसेलको अन्तर्राष्ट्रिय आउटगोइङ कलमा ६० सेकेन्ड पल्स दर

Ncell

काठमाडौं (कास)- एनसेलले १ सय ९८ गन्तव्य मुलुकका लागि आफ्नो अन्तर्राष्ट्रिय आउटगोइङ कलको पल्स दर परिवर्तन गरेको छ। नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृतिबमोजिम ६० सेकेन्डको नयाँ पल्स दरमा लागू गरिएको कम्पनीले जनाएको छ। दूरसञ्चार ऐन २०५३ को दफा ४२ अनुसार प्राधिकरणले एनसेलको नयाँ पल्स दरका लागि निर्णयानुसार स्वीकृति प्रदान गरेको हो। प्राधिकरणको स्वीकृतिबमोजिम अब अस्ट्रेलिया, बहराइन, क्यानडा, अमेरिका, चीन, फिनल्यान्ड, डेनमार्क, फ्रान्स, जर्मनी, भारत, हङकङ, इटाली, जापान, साउथ कोरिया, लेनान, मलेसिया, न्युजिल्यान्ड, नर्वे, पाकिस्तान, पोल्यान्ड, कतार, रसिया, रोमानिया, साउदी अरेयिबा, सिंगापुर, साउथ अफ्रिका, स्पेन, स्विडेन, स्विट्जरल्यान्ड, ताइवान, थाइल्यान्ड, टर्की, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य, मेक्सिको, लिबियालगायत गन्तव्य मुलुकमा नयाँ पल्स दर लागू भएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

### स्वर्ण जयन्तीसँग जोडेर नाडा अटो शो गरिँदै



काठमाडौं (कास)- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आफ्नो ५०औं स्थापना वर्षको स्वर्ण जयन्तीसँग जोडेर १८औं नाडा अटो शो २०२६ गर्ने तयारी गरेको छ। ९ देखि १४ भदौसम्म काठमाडौंको भृकुटीमण्डपमा हुने प्रदर्शनीमा २ सयभन्दा बढी स्टल रहने आयोजकले जनाएको छ। करिब ३ लाख वर्गफिट क्षेत्रमा फैलिने अटो शोमा २३ ब्रान्डका प्यासेन्जर कार, १७ ब्रान्डका लाइट कमर्सियल भेइकल, १३ ब्रान्डका दुईपांग्रे सवारीसाधन, ७० वटा अटोमोबाइल पार्टपुर्जा तथा उत्पादनका स्टल र १० वित्तीय तथा बीमा संस्थाको सहभागिता रहने आयोजकले जनाएको छ। नाडाले अटो शोमा रोबोटिक्स, एआई, डिजिटल प्रविधि र स्वदेशी उत्पादनलाई प्रदर्शनीको केन्द्रमा राखिएको जनाएको छ। ५०औं वर्षका अवसरमा आयोजना हुन लागेको यो संस्करणले नाडाको पाँच दशकको यात्रा र अबको अटोमोबाइल क्षेत्रबीचको सम्बन्ध देखाउने प्रयास गर्ने नाडाका महासचिव मिलनबाबु मल्लले बताए। अटोमोबाइल क्षेत्र अहिले तीव्र परिवर्तनको चरणमा रहेको मल्लको भनाइ छ। 'अहिले अटोमोबाइल भनेको गाडी मात्र होइन,' उनले भने, 'यो प्रविधि, मोबिलिटी, रोजगारी, वित्तीय सेवा र उद्योगसँग जोडिएको ठूलो इकोसिस्टम हो। त्यसैले अटो शोमा पनि त्यही परिवर्तन देखिनुपर्छ भन्ने हाम्रो सोच हो।' यस वर्षको अटो शोमा 'मेड इन नेपाल एन्ड मेड फर नेपाल' प्याभिलियन पनि रहने नाडाले बताएको छ। ६ दिनसम्म चल्ने प्रदर्शनीमा करिब २ लाख आगन्तुक आउने आयोजकको अपेक्षा छ।


## महालक्ष्मी विकास बैंक लिमिटेडको जग्गा/भवन खरिद गर्ने बारेको १५ दिने सूचना

(पुनः प्रकाशन)

यस बैंकलाई केन्द्रीय कार्यालयको लागि तपसिल बमोजिमको जग्गा/भवन खरिद गर्न आवश्यक भएकाले जग्गा/भवन बिक्री गर्न ईच्छुक व्यक्ति/संघ संस्थाहरुलाई तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही बिक्री प्रस्ताव पेश गर्नु हुन अनुरोध गर्दछौं।

**खरिद गर्न चाहेको जग्गा/भवनको बिवरण :-**

| जिल्ला | स्थान | क्षेत्रफल तथा बाटोको विवरण |
|---|---|---|
| काठमाण्डौं | दरवारमार्ग, कमलादी, कमलपोखरी, ज्ञानेश्वर, गैह्रीधारा, नारायणचौर, नक्शाल, नागपोखरी, बिशालनगर, लाजिम्पाट, पानीपोखरी, वालुवाटार, महाराजगंज (चक्रपथ भित्र)। | कम्तिमा ६ मिटर चौंडा बाटो सहित कम्तिमा ५० फिट मोहडा भएको ३० आना वा सो भन्दा बढी क्षेत्रफलको जग्गा वा बैंकको केन्द्रीय कार्यालय सञ्चालन गर्न उपयुक्त भवन (कम्तिमा ३५००० बर्ग फिट क्षेत्रफल, २५ वटा साना चारपाङ्ग्रे र ७५ वटा दुई पाङ्ग्रे सवारी साधन अट्ने पार्किङ सहित)। |

**शर्त तथा बन्देजहरु :**

१) बैंकले निर्धारण तथा प्रमाणित गरेको सक्कल बोलपत्र फारम बैंकबाट लिई सोहि बमोजिम पेश गरिएको हुनु पर्नेछ। प्रतिलिपी वा फोटोकपीमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन। बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय सामान्य सेवा विभाग, थापाथलीबाट रु. १,०००/- (एक हजार मात्र) फिर्ता नहुने गरि यस बैंकको खाता नं. ९९९–२०४०१०१०२०१ मा जम्मा गरिएको सक्कल भौचर पेश गरि यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको बैंकिङ्ग कारोबार समय सम्म खरिद गर्न सकिनेछ।
२) भवनको सम्बन्धमा भवनको नक्सा, सम्बन्धित निकायबाट निर्माण सम्पन्न पत्र र भुकम्प प्रतिरोधी हुनु पर्नेछ।
३) शिलबन्दी प्रस्तावका साथ बिक्री गरिने भवन/जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, संघ संस्था, फर्म वा कम्पनी भए दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा सञ्चालक समितिको निर्णय सहित बिक्री मूल्य समेत अंक र अक्षरमा स्पष्ट खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ।
४) जग्गा/भवनमा जाने बाटो पेटी बाहेक कम्तीमा ६ मिटरको हुनु पर्नेछ र उक्त बाटो फिल्ड तथा नापी नक्सामा समेत स्पष्ट हुनुपर्नेछ। साथै उक्त जग्गामा कुनै पनि किसिमको कानूनी तथा व्यवहारिक समस्या नभएको हुनु पर्नेछ।
५) जग्गाधनी दर्ता प्रमाण पूर्जामा उल्लेखित जग्गाको क्षेत्रफल र फिल्डमा नाप जाँच गर्दा एकिन भएको क्षेत्रफल मध्ये जुन कम हुन्छ सोही क्षेत्रफल कायम गरिनेछ।
६) बिक्री गरिने जग्गा/भवनको चालु आर्थिक वर्ष सम्मको मालपोत, पूँजीगत लाभकर सम्बन्धित बिक्रेताले नै तिर्नु पर्नेछ।
७) रीत पूर्वक पेश हुन आएका प्रस्ताव मध्ये बैंकलाई उपयुक्त लागेको प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गा/भवन धनीलाई सम्पर्क गरिनेछ भने उपयुक्त नलागेको प्रस्तावका सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिने छैन।
८) यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा बैंकको केन्द्रीय कार्यालय, थापाथली स्थित सामान्य सेवा विभागमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

**शिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०८३/०५/१८ गते बिहिबार**
**खोलिने मिति : २०८३/०५/२२ गते सोमबार दिनको ३ बजे।**
**खोलिने स्थान : बैंकको केन्द्रीय कार्यालय, थापाथली, काठमाडौं।**

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१–५३६८१५३, ५३६८७१९

**सामान्य सेवा विभाग** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९, EXT ४०३/४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com


# तीन अर्ब लगानी थपेर सेवा विस्तार गर्दै ह्याम्स

- गट्ठाघरस्थित सय बेडको अस्पताल अब दुई सय बेडमा 'अपग्रेड' गरिँदै
- सात रोपनी क्षेत्रफलमा नयाँ भवन बन्दै

**विमल खतिवडा** (काठमाडौं)




**भक्तपुरको गट्ठाघरस्थित निर्माणाधीन नागरिक सामुदायिक अस्पतालको थ्रीडी स्केच।** **सौजन्य** : ह्याम्स अस्पताल

पुरानो निजी अस्पताल हस्पिटल फर एड्भान्स मेडिसिन एन्ड सर्जरी (ह्याम्स) ले धुम्बाराही र भक्तपुरको गट्ठाघरस्थित नागरिक सामुदायिक शिक्षण अस्पतालमा ३ अर्ब लगानी गरेर 'अपग्रेड' को काम थालेको छ। सन् १९९७ मा स्थापित ह्याम्स सेवा विस्तारको अभियानमा छ।

धुम्बाराहीमा रहेको यस अस्पतालले दुई वर्षअघि ७० प्रतिशत सेयर स्वामित्व लिएर नागरिक सामुदायिक अस्पताललाई नयाँ व्यवस्थापनमा सञ्चालन गरिरहेको छ। यस अस्पतालमा ५ सय २३ सेयर सदस्य छन्। यसको 'नागरिक सामुदायिक शिक्षण अस्पताल' नै नाम राखिएको छ। यसको अध्यक्ष रामशरण भण्डारी (आरएस) हुन्। यसका सञ्चालक पनि ह्याम्सकै छन्।

गट्ठाघरस्थित सय बेडको अस्पताल अब दुई सय बेडमा 'अपग्रेड' गरिँदै छ। यसका लागि अहिले अस्पताल रहेको स्थानबाट डेढ सय मिटरमा ७ रोपनी क्षेत्रफलमा नयाँ भवन बन्दै छ। यसमा २ अर्ब ५० करोड रुपैयाँ लगानी गरिएको ह्याम्स अस्पतालका अध्यक्ष आरएस भण्डारीले बताए। 'सात रोपनी जग्गा किनेर भवन बनाइरहेका छौं,' उनले भने, 'सय बेडको अस्पताल अब दुई सय बेडको हुन्छ।' यस क्षेत्रका बासिन्दा विशेषज्ञ उपचारका लागि काठमाडौं, ललितपुर जानुपर्ने बाध्यता छ। गाडी र सडक सुविधाका कारण अन्यत्र जान टाढा नभए पनि भक्तपुरमै राम्रो विशेषज्ञ सुविधासहितको अस्पताल नभएको अध्यक्ष भण्डारीको दाबी छ।

उपत्यकाका तीन जिल्लामध्ये ललितपुर र काठमाडौंमा राम्रा सरकारी र निजी अस्पताल छन्। 'ललितपुरमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, काठमाडौंमा वीर, त्रिवि शिक्षण (टिचिङ) अस्पताल छन्,' अध्यक्ष भण्डारीले भने, 'निजीतर्फ मेडिसिटी, बीएन्डबी पनि ललितपुरमै छ, काठमाडौंमा नर्भिक, ह्याम्स, ग्रान्डीलगायत छन्। तर भक्तपुरमा यो तहको सरकारी र निजी क्षेत्रको उपस्थिति नभएर हामीले पूर्ण उपचार सेवा दिने गरी लगानी विस्तार गरेका हौं।'

राम्रो सर्भिस दिने चिकित्सक, प्रविधि सबै हिसाबले भक्तपुरमा ठूला अस्पतालको अभाव रहेकाले सुविधासम्पन्न अस्पताल भवन बनाएर उपचार सेवा सुरु गर्न लागिएको भण्डारीले बताए। 'भक्तपुर खण्डका राजमार्गमा सडक दुर्घटना बढी हुने गरेको छ, यसका लागि राम्रो ट्रमाको उपचार गर्ने अस्पताल छैन,' उनले भने, 'बर्दिबास, सिन्धुली भएर आउने र सिन्धुपाल्चोक, दोलखा, काभ्रे, रामेछापका स्थानीयलाई उपचारका लागि काठमाडौं आउँदा आउँदै उपचार सुविधा दिलाउन बेड थप गर्न लागेका हौं।'

भक्तपुरमा ठूलो रूपमा बस्ती विकास भइरहेको छ। ह्याम्ससँग राम्रो मेडिकल टिम भएकाले त्यही तहको अस्पताल भक्तपुरमा बनाउन लागिएको अध्यक्ष भण्डारी सुनाउँछन्। 'एक वर्षभित्र अहिले भइरहेको अस्पताल नयाँ भवनमा सार्छौं, दुईदेखि तीन वर्षभित्र पूर्ण रूपमा सेवा सञ्चालनमा ल्याउँछौं,' उनले भने, 'धुम्बाराहीमा पनि सयबाट दुई सय बेडको अस्पताल बनाउँदै छौं, ६० हजार स्क्वायर फिटको भवन निर्माण भइरहेको छ।' यहाँ ५० करोड लगानी भएको उनले सुनाए। 'दसैंलगत्तै नयाँ भवनबाट सेवा सुरु गर्छौं,' उनले भने, 'दुवै स्थानमा नयाँ भवनबाट सेवा सुरु गरेको एक वर्षभित्र ह्याम्स अस्पताल आसपासै छुट्टै अंकोलोजी (क्यान्सर उपचार) सेवा सुरु गर्ने योजना बनाइसकेका छौं।'

नेपालमा चलेका कर्पोरेट निजी अस्पताल ५/७ वटा छन्। यस्ता अस्पतालले बैंकबाट ठूलो ऋण लिएर लगानी गरेका छन्। 'ऋण लिनुअघि रेटिङ (सम्पत्ति तथा दायित्व मूल्यांकन) गर्नुपर्छ, त्यसैले रेटिङ सार्वजनिक हुने भएकाले यो कुरा सबैले हेर्न पाउँछन्, यसरी पारदर्शी तरिकाले गरेको व्यवसायमा लगानीको निकै कम मात्र प्रतिफल प्राप्त हुने गर्छ,' भण्डारीले भने, 'सेवा विस्तारका लागि पुँजी चाहिएर एक वर्षअघि ह्याम्सले १० लाख कित्ता सेयर नयाँ लगानीकर्ता (प्रि-आईपीओ) लाई बिक्री गर्‍यो, प्रतिसेयर ३ सय ५० रुपैयाँका दरले अस्पतालकै केही चिकित्सक, कर्मचारी र कर्पोरेटमा सोल्टी ग्रुपलाई बेचिएको थियो।' सेयर बिक्रीबाट ३५ करोड रुपैयाँ उठाएर त्यो रकम अस्पतालमै लगानी गरिएको उनले जनाए।



> एक वर्षभित्र नागरिक सामुदायिक शिक्षण अस्पताल नयाँ भवनमा सार्छौं, दुईदेखि तीन वर्षभित्र पूर्ण सञ्चालनमा ल्याउँछौं, धुम्बाराहीको ह्याम्स अस्पताललाई दुई सय बेडको बनाउँदै छौं, दसैंलगत्तै नयाँ भवनबाट सेवा सुरु गर्छौं
>
> **आरएस भण्डारी**
> अध्यक्ष, ह्याम्स अस्पताल

ह्याम्सको लगानी भ्यालु ३ अर्ब ५० करोड रुपैयाँ हो। ह्याम्सले दुई वर्षअघि सर्वसाधारणमा आईपीओ जारी गर्न सम्पूर्ण प्रक्रिया पूरा गरेर नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको थियो। आईपीओका लागि प्रक्रिया थाल्ने ह्याम्स पहिलो अस्पताल भएको भण्डारीको दाबी छ।

'यो गर्नुको उद्देश्य निजी अस्पताल कर्पोरेट कल्चरमा चल्नुपर्छ भन्ने नै हो, मेडिकल कलेज र अस्पताललाई स्वास्थ्य मन्त्रालयले नियमन गर्छ। धितोपत्र बोर्ड पुँजी बजारको नियमन गर्ने अर्को सरकारी निकाय हो,' केही समयअघि कान्तिपुरसँगको कुराकानीमा उनले भने, 'नागरिकको स्वामित्व भएपछि उनीहरूलाई पनि आफ्नो अस्पताल भन्ने अनुभूति हुन्छ। आईपीओपछि दोस्रो बजारमा सूचीकृत हुनेबित्तिकै अन्तर्राष्ट्रिय रूपमा संस्थाप्रतिको विश्वास बढ्छ।'

साउन २०७३ मा भण्डारी नेतृत्वको टिमले ह्याम्स अस्पताल किनेको हो। '१२ वर्षअघि अस्पताल खरिद गर्दा घाटामा थियो, अहिले नाफामा ल्याएर वार्षिक प्रत्यक्ष र अप्रत्यक्ष गरी ५० करोड रुपैयाँ राज्यलाई कर तिर्ने बनायौं,' उनले भने, 'साढे ८ सय जनालाई त रोजगारी दिएका छौं। अब अझै यसको दायरा बढाउँदै छौं।'

# अस्थायी हाटको प्रतीक्षामा...

नेपाली बजारमा जडीबुटी बिक्री गर्दा भाउ नपाइने र ठाउँठाउँमा जाँच, छुटपुर्जीलगायतको झन्झट बेहोर्नुपर्ने बाध्यता भएको उनको भनाइ छ। नेपाली जडीबुटी भारत पठाउनुभन्दा चिनियाँ व्यापारीलाई बेच्दा भाउ जाने गरेको उनले जनाए।

हुम्लाको हिल्सा, मुगुको नाग्चेनाग्ला, डोल्पाको मरिम र क्याटो चीन सीमासँग जोडिएको छ। सन् १९१५ देखि सीमा क्षेत्रका बासिन्दाले चीनको तिब्बतसँग व्यापारिक सम्बन्ध स्थापित गरेको मुगमकार्मारोङ गाउँपालिका अध्यक्ष छिरिङक्याप्ने लामाले बताए। 'तर त्यो सम्बन्ध हाटबजारमै सीमित छ,' उनले भने, 'स्थायी रूपमा नाका खुले र चीनसम्म सडक सुविधा भए त्यसको फाइदा समग्र कर्णालीलाई हुने देखिन्छ।'

चीनसँग सडक जोड्ने गरी गमगढी-नाग्चेनाग्ला सडकको काम २०६२ फागुनदेखि सुरु गरिए पनि अहिलेसम्म १८ किलोमिटर मात्र पूरा भएको लामाको भनाइ छ। ६८ किलोमिटरको उक्त सडक जोडिए कर्णालीबाट चीन जोड्ने सबैभन्दा छोटो सडक यही हुने उनले जनाए।

चीनको सिगात्चे काउन्टीअन्तर्गत डोङ्बाप्रान्तका अधिकारीहरूसँग हाटबजार लगाउन पहल भइरहेको शेफोक्सुन्डो गाउँपालिका उपाध्यक्ष पेम्मावाङ्छेन गुरुङले जनाए। हाटबजार खोल्न आवश्यक सहजीकरणका लागि गृह मन्त्रालयमा पत्राचार गरिएको मुगुका प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले बताए।

# फस्टाउँदै सातु व्यापार...

त्यस्तै सातु पारखीहरूबीचमा परिचित नाम हो, काँडाघारीस्थित 'काइँला दाइको सातु'। 'काइँला दाइ'का रूपमा चिनिने नारायणराज चौलागाईंले ६ वर्षदेखि सातुको व्यापार गर्दै आएका छन्। सुरुवाती दिनमा गेडागुडी, मसला साथै अन्य स्थानीय सामग्री बिक्री गर्ने गरेका चौलागाईंले बजारमा सातुको माग बढ्दै गएपछि गाउँघरमा बनाइने सामान्य सातुलाई व्यावसायिक रूपमा उत्पादन गर्न थालेका हुन्। 'हामीले पहिला लोकल गेडागुडी, मसला बेचेर व्यवसाय सुरु गरेका थियौं। पछि बजारमा अलिअलि माग आउन थालेपछि सातु बेच्न सुरु गरेका हौं,' उनले भने।

ग्राहकको रोजाइअनुसार उनले विभिन्न प्रकारका सातु बनाउँदै आएका छन्। सातुका लागि आवश्यक मकै, चना तथा अन्य गेडागुडी सकेसम्म स्थानीय किसानबाटै ल्याउने गरेको उनी बताउँछन्। 'हामीले दोलखा, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोकलगायत जिल्लाबाट सामान ल्याउँछौं,' उनले भने, 'अफ सिजनमा भने तराईबाट मकै ल्याउँछौं। हाम्रो उद्देश्य स्थानीय उत्पादनलाई नै प्रवर्द्धन गर्ने हो।'

पछिल्लो समय स्वास्थ्यप्रति सचेत ग्राहकले सातुलाई हल्का खानाका रूपमा प्रयोग गर्न थालेको पनि चौलागाईंको अनुभव छ। व्यवसाय विस्तारसँगै सातुको गुणस्तर कायममा पनि ध्यान दिइएको उनी बताउँछन्। 'सुरुमा आफ्नै अनुभवका आधारमा सामग्रीको मिलाउने बनाए पनि पछि ल्याब परीक्षण गराएर प्रोटिन, क्यालोरी र कार्बोहाइड्रेटलगायतका विषयमा परीक्षण गरेर सातु बनाउन सुरु गरेका थियौं,' उनले भने, 'हरेक पटक सातु बनाउँदा एउटै मात्रा र गुणस्तर कायम गर्ने गरेका छौं।' बिक्री र उपभोक्ताहरूसँगको कुराकानीका आधारमा चौलागाईंले बालबालिकादेखि बूढाबूढीसम्मै रोजाइमा सातु पर्ने गरेको बताए।

पछिल्लो समय व्यवसायीलाई उत्पादनको प्रचार गर्न पनि सहज भएको छ। आफ्ना उत्पादनबारे सामाजिक सञ्जालमा राखिएका प्रचार सामग्रीकै आधारमा पनि अर्डर आउने गरेको चौलागाईंले जनाए। 'सामाजिक सञ्जालका कारण व्यवसाय स्थानीय बजारबाट देशभर र विदेशमा रहेका नेपालीसम्म पुग्न थालेको छ। खुसी लाग्छ,' उनले भने।

'काइँला दाइ' ले दिनको झन्डै १ सय किलो सातु उत्पादन गर्दै आएका छन्। उनकोमा पाँच जनाले रोजगारीसमेत पाएका छन्। मिक्स सातुको ५ सय ५०, जौ र चनाको सातु भने ३ सय रुपैयाँमा बेच्ने गरेको उनले जानकारी दिए।

सातुको उत्पादन र बिक्री घरेलु उद्योगका मात्र सीमित छैन। केही व्यवसायीले औद्योगिक स्तरमै उत्पादन गर्दै अन्तर्राष्ट्रिय बजारसम्म सातु पुर्‍याउन थालेका छन्। पोखरा-१८, पोखराबेंसीमा २०७८ सालमा पृथ्वीकल्याण पराजुलीले सञ्चालन गरेको 'पोसिलो फुड्स प्रालि' ले सातु उत्पादन गर्दै आएको छ। १ करोड रुपैयाँ लगानीमा सञ्चालनमा आएको उक्त उद्योगले केही समयअगाडि झापामा समेत आफ्नो उद्योग विस्तार गरेको छ। कम्पनीले भारतदेखि अमेरिकासम्म आफ्नो उत्पादन निर्यात गर्दै आइरहेको छ। पोसिलोले निर्यातकर्ता 'मनमरा ग्रुप' सँग साझेदारीसँगै अन्तर्राष्ट्रिय बजारमा आफ्नो छुट्टै स्थान बनाएको छ।

भाटभटेनी सुपर स्टोरका प्रमुख सञ्चालन अधिकृत पानु पौडेल पनि सातुको बिक्री बढ्दै गएको बताउँछन्। 'धेरैले घरमै खानका लागि किन्नुहुन्छ। पहिले कोकोकोला खान्थे, अहिले मोहीको डिमान्ड बढेको छ। सातुको पनि त्यस्तै गरी आकर्षण बढ्दै छ,' उनले भने।

### खाजाका रूपमा सातु

परम्परागत खाद्य संस्कृतिलाई आधुनिक बजारसँग जोड्ने प्रयासमा सातु एउटा उदाहरण बनेको छ। काठमाडौं ग्रीनल्यान्ड घर भएकी दुर्गा बराल आफ्ना छोरीहरूलाई बिहानको खाजाका रूपमा सातु खुवाउने गरेको सुनाउँछिन्।

'बच्चाहरूलाई सधैं बिस्कुट खुवाउनु पनि राम्रो होइन। प्रायः खाजाका रूपमा सातु नै दिनेको गरेको छु,' उनले भनिन्। छोरीहरू मात्र नभई आफूहरूले पनि सातु खाने गरेको बरालले बताइन्। 'हामीले एउटा फार्म हाउसमा सातु किन्ने गरेका छौं,' उनले भनिन्, 'हामीले देख्दादेख्दै सातु बनाउनुहुन्छ। त्यसैले पनि सामानप्रति विश्वास लागेर त्यहींबाट किनेर खाने गरेका हौं।'

### स्वास्थ्यका लागि सातु

स्वास्थ्यका लागि सातु उपयोगी भए पनि यसको गुणस्तर, उत्पादन प्रक्रिया र खाने तरिका महत्त्वपूर्ण हुने पोषणविद् रुजु खड्का बताउँछिन्। 'सातु भनेको हामीले पकाएर खानेभन्दा पनि सिधै पानीमा घोलेर खाने कुरा हो। त्यसैले यसको सबैभन्दा महत्त्वपूर्ण कुरा प्याकेजिङ र हाइजिन हो,' उनले भनिन्, 'पोषणका हिसाबले सातुमा प्रोटिन, कार्बोहाइड्रेट, फाइबर, थोरै मात्रामा फ्याट, आइरन, म्याग्नेसियम, पोटासियमलगायत पोषक तत्त्व पाइन्छन्। तर प्रोसेसिङमै गडबड भयो भने त्यसको पोषणको फाइदा पनि प्रभावकारी हुँदैन।'

सामान्य सातुभन्दा पनि धेरै सामग्री मिसाएको सातु खाँदा ख्याल गर्नुपर्ने रुजु सुनाउँछिन्। 'धेरै सामग्री मिसिएको सातुमा सबैको आफ्नै पोषण हुन्छ। ड्राई फ्रुट्स, पम्पकिन सिड्स, मकै, गहुँलगायत सामग्री मिसिएको छ भने समग्रमा राम्रो पोषण प्राप्त गर्न सकिन्छ,' उनले भनिन्, 'तर सबै सामग्रीको सेल्फ लाइफ फरक हुने भएकाले त्यसलाई ध्यानमा राखेर उत्पादन गर्नुपर्छ।'

६ महिना कटेका बालबालिकादेखि सबै उमेर समूहले सातु खान मिल्ने भए पनि मात्रा भने मिलाउनुपर्ने खड्काले जनाइन्। 'बच्चा, वृद्ध वा युवा सबैको पोषण आवश्यकता फरक हुन्छ। दिनभरिमा अरू के-के खाने गरिएको छ र शारीरिक गतिविधि कति छ भन्ने आधारमा सातुको मात्रा निर्धारण हुनुपर्छ,' उनले भनिन्।

विभिन्न रोग भएका व्यक्तिले सातु खाँदा विशेष ध्यान दिनुपर्ने खड्काको सुझाव छ। 'ग्यास्ट्राइटिसको समस्या छ भने मात्रा मिलाएर निकै कम र ख्याल गरेर सातु खाने, सुगरको समस्या छ भने मकै वा कार्बोहाइड्रेटको मात्रा बढी भएको सातु धेरै उपयुक्त मानिँदैन। मिक्स सातुमा कुन सामग्रीको पोर्सन बढी छ भन्ने कुरा पनि ध्यान दिनुपर्छ,' खड्काले भनिन्।

कसैले पनि सातुलाई पूर्ण खाना वा सम्पूर्ण पोषणको विकल्पका रूपमा भने खान नहुने उनी सुनाउँछिन्। 'सातु राम्रो विकल्प हो। तर यसलाई मात्र सम्पूर्ण पोषणको स्रोत मान्न मिल्दैन,' उनले भनिन्, 'यसमा कार्बोहाइड्रेट पनि हुन्छ, प्रोटिन पनि हुन्छ। त्यसैले चना सातु खाँदैमा त्यसलाई प्रोटिनको मात्र स्रोत भनेर धेरै खानु हुँदैन। प्रोटिनका लागि अन्य स्रोत पनि आवश्यक हुन्छ।'

# सुदूरपश्चिममा बजेट शून्यताले स्वास्थ्य क्षेत्र प्रभावित हुँदै

## निःशुल्क उपलब्ध गराउनुपर्ने औषधि खरिद र करारका स्वास्थ्यकर्मीको निरन्तरतामा समस्या परेको अस्पतालहरूको गुनासो

**अर्जुन शाह** (धनगढी)

सुदूरपश्चिम प्रदेश सरकारको बजेट शून्यताका कारण स्वास्थ्य क्षेत्रमा प्रभाव पर्न थालेको छ। निःशुल्क उपलब्ध गराउनुपर्ने औषधि खरिद र प्रदेशको बजेटबाट राखिएका करार सेवाका चिकित्सकसहित स्वास्थ्यकर्मीको निरन्तरतामा समस्या भएको अस्पताल व्यवस्थापन समितिहरूले जनाएका छन् ।

बाजुरा जिल्ला अस्पतालका प्रमुख डा. हरिशबहादुर मल्लले बजेट शून्यताका कारण महामारी व्यवस्थापन, आकस्मिक रिफर र सरकारले निःशुल्क उपलब्ध गराउने औषधिमा समस्या भएको बताए । 'प्रदेश सरकारको बजेटबाट सेवा परामर्श शीर्षकमा दुई जना विशेषज्ञ चिकित्सकको व्यवस्था गरिएको थियो । एक जनाले जेठमै छाडे । कार्यरत हाडजोर्नी रोग विशेषज्ञको पनि असार मसान्तमै करार सेवा अवधि सकियो । बजेट नै नभएकाले नवीकरण गर्न सकिएको छैन,' उनले भने, 'व्यावहारिक रूपमा उहाँलाई काम गर्दै गर्नुस् भनेर अनुरोध गरेका छौं । यस्तै बेला कुनै आकस्मिक समस्या भयो, महामारी नै फैलियो भने पनि समस्या छ ।'

अस्पतालका सूचना अधिकारी नृपराज गिरीका अनुसार जिल्ला अस्पतालमा ६१ स्वास्थ्यकर्मी करार सेवामा छन् । असारदेखि उनीहरूको म्याद थप भएको छैन । बजेट निश्चित नभएकाले करार सेवा थप्ने विषयमा अन्योल भएको उनले बताए । गिरीका अनुसार सबैभन्दा ठूलो असर निःशुल्क उपलब्ध गराउनुपर्ने औषधिमा परेको छ । 'खरिद प्रक्रिया पूरा गर्न कम्तीमा डेढ-दुई महिना लाग्छ, साउनमै बजेट सुनिश्चित गरिएको भए असोज पहिलो सातासम्म निःशुल्क औषधि जिल्लामा ल्याउन सकिन्थ्यो,' उनले भने, 'कहिले बजेट आउने, कहिले खरिद गर्ने ? समस्या हुने भयो ।' जिल्ला अस्पतालले ९१ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने व्यवस्था छ ।

डोटी जिल्ला अस्पताल व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर बोहराले उधारोमा काम चलाइरहेको बताए । 'करार सेवाका स्वास्थ्यकर्मीको समस्या सबै अस्पतालमा एकनासै हो । हामीले नआत्तिनुस्, बजेट आइहाल्ला भनेर थामथुम गरेका छौं,' उनले भने ।

सामाजिक विकास मन्त्रालयमा अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाका प्रमुख डा. नीरज अर्यालले बजेट शून्यताका कारण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन तालिका प्रभावित भएको बताए । 'बजेट अन्योलकै कारण सम्पूर्ण कार्यक्रमको समयतालिका धकेलिने भयो,' उनले भने, 'अस्पतालको सेवा प्रवाहमा तत्काल धेरै ठूलो असर नदेखिए पनि निःशुल्क औषधि खरिदका प्रक्रियाहरू प्रभावित हुँदै छन् । करार सेवाका कर्मचारीहरूलाई सम्बन्धित जिल्लाहरूले आश्वासन दिएर मिलाएका छन् ।'

**प्रदेशको भुक्तानी प्रणाली अवरुद्ध**

समयमा बजेट नहुँदा बहुवर्षीय आयोजनाहरूको निर्माण र भुक्तानी प्रभावित भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयका उपसचिव मेखराज जैसीका अनुसार बजेट शून्यताका कारण प्रदेशको समग्र भुक्तानी प्रणाली नै अवरुद्ध भएको छ । 'स्रोत सुनिश्चित भएर कार्यान्वयन भइरहेका करिब १२ अर्बका आयोजना कार्यान्वयनमा छन् । ती आयोजनाको भुक्तानी प्रक्रिया रोकिएको छ,' उनले भने । जैसीका अनुसार गत वर्ष ठेक्का लागिसकेका करिब पाँच अर्बका आयोजनामा भुक्तानी रोकिएको छ । यस्तै, ठेक्का लागेका आयोजनाहरूको 'मोबिलाइजेसन' भुक्तानी दिनुपर्ने प्रक्रिया अवरुद्ध भएको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारका कार्यालयहरूले प्रशासनिक खर्च पनि उधारोमा चलाइरहेको बताएका छन् । उपसचिव जैसीका अनुसार समयमै बजेट आएको भए साउनमा नयाँ आयोजनाका लागि कार्यान्वयन कार्ययोजना तयार गर्ने, आयोजना स्थल हेर्ने, ठेक्का प्रक्रिया सुरु गर्ने बेला हो । 'ती सबै काम रोकिएका छन् । भाडामा लिइएका कार्यालयहरूको भाडा तिर्न पनि समस्या भएको छ,' उनले भने । सुदूरपश्चिम प्रदेश सरकार दोस्रो पटक बजेट शून्यतामा गएको हो । यसअघि ०८१/८२ मा पनि बजेट शून्यता भएको थियो । त्यसबेला प्रदेश सरकारले असोज तेस्रो साता मात्र बजेट ल्याएको थियो । त्यसबेला राजस्व संकलनमै समस्या थियो । यस पटक भने सरकारले राजस्व संकलन गर्न सक्ने कानुन ल्याएकाले यसमा समस्या छैन । यातायात व्यवस्था कार्यालयलगायत प्रदेशका राजस्व संकलन गर्ने कार्यालयहरूले गत आर्थिक वर्षकै दरमा राजस्व असुली भइरहेको जनाएका छन् । स्थानीय तहहरूले प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानअन्तर्गत समपूरक, विशेष, ससर्त र राजस्व बाँडफाँटको रकम प्राप्त गर्छन् । तर प्रदेश सरकारबाट प्राप्त गर्ने रकमको यकिन नभएर अन्योल भएको स्थानीय तहका पदाधिकारी बताउँछन् ।

कांग्रेस-एमालेको तत्कालीन सरकारले १ असारमा प्रस्तुत गरेको बजेट असार मसान्तभित्र पारित हुन नसकेपछि निष्क्रिय भइसकेको छ । यसबीचमा कमलबहादुर शाह नेतृत्वको सरकार हटेर नेकपा र एमालेको संयुक्त सरकार गठन भएको छ । मुख्यमन्त्री खगराज भट्टले बजेट शून्यतालाई तत्काल हल गर्ने गरी छलफल गरिरहेको बताए । 'नयाँ पूर्ण बजेट ल्याउन जति तीव्र गतिमा काम गरे पनि डेढ-दुई महिना लागिहाल्छ । अहिले विपद्को बेला छ, कर्मचारीहरूको पारिश्रमिकको सवाल पनि छ,' मुख्यमन्त्री भट्टले भने, 'अल्पकालीन समाधानका लागि पेस्की बजेट ल्याउनेतर्फ पनि सोचिरहेका छौं । बजेट होलिडे तत्काल हल गर्छौं ।' सरकारले पेस्की बजेट ल्याए चालुतर्फ खर्च गर्न भने बाटो खुल्नेछ ।

# भूपूले उठाए गोर्खा...

सैनिक प्रवक्ता राजाराम बस्नेतका अनुसार, प्रधानसेनापति अशोकराज सिग्देलसँग भएको भेटमा समेत दुई देशबीचको सैनिक सम्बन्ध विस्तार, संयुक्त तालिम र सैन्य अभ्यास आदानप्रदानलगायतका विषयमा छलफल भएको थियो । भारतीय सेनाध्यक्षको नेपाल भ्रमणको प्रमुख विषय मानार्थ महारथीको सम्मान ग्रहण गर्नु थियो । 'त्यसपछि दुई देशबीचको सेनाको आपसी सम्बन्ध र सहकार्यका विषयमा छलफल भएको छ,' सैनिक प्रवक्ता बस्नेतले भने ।

भारतीय सेनामा सन् २०२० देखि नै नेपालीको भर्ती रोकिएको थियो । त्यसबेला कोभिड १९ भाइरसको महामारी देखाउँदै भर्ती रोकिएको थियो भने २०२१ मा समेत भर्ती खुलाइएन । पछि भारतले १४ जुन २०२२ मा चारवर्षे सेवा अवधि हुने भन्दै सैनिक भर्तीमा अग्निपथ योजना ल्याएको थियो ।

'अग्निवीर' नाम दिएर १७ देखि २३ वर्षसम्मका युवालाई छोटो अवधिका लागि भर्ती गर्ने योजनाको भारतमै व्यापक विरोध भयो । सैनिक तलब भत्तामा जाने आर्थिक भार कटौतीका लागि भन्दै भारत सरकारले ल्याएको यो योजनाअनुसार काम गर्ने अग्निवीरले चार वर्षपछि भारु १२ लाख रुपैयाँ पाउने भनिएको थियो । नेपालसँग समन्वयबिनै नेपालबाट भर्ती हुनेको हकमा समेत सोही योजना लागू हुने भनिएपछि नेपाली पक्षले असहमति जनाएको थियो ।

खासगरी भारतमा अग्निपथ योजनाअन्तर्गत स्वास्थ्य, उपचार र पेन्सन सुविधा नपाउने हुँदा विरोध प्रदर्शन भएको थियो । त्यही बीचमा छोटो समयका लागि भर्ना भएर दक्ष जनशक्ति स्वदेश फर्किंदा सुरक्षा चुनौती थपिन सक्ने विश्लेषण गरिएको थियो । र, शेरबहादुर देउवा नेतृत्वको सरकारले तत्कालका लागि गोर्खा भर्ती रोकेको थियो ।

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार, जनरल सेठको भ्रमणका एजेन्डाहरू दुई देशका अधिकारीहरू सम्मिलित बाइल्याटरल एग्रिमेन्ट अन सेक्युरिटी इस्युज (पीसीजीएसआई) समूहले तय गरेको थियो । पीसीजीएसआईमा दुवै देशका परराष्ट्र र रक्षा मन्त्रालयका अधिकारीहरूसँगै उच्च सैनिक अधिकृतहरू सहभागी हुने गर्छन् । तर, त्यसमा अग्निपथको विषय समावेश नभएको अधिकारीहरूको भनाइ छ । यदि उच्चस्तरीय संवादमा यो विषयले प्रवेश पाए के जवाफ दिने भन्ने विषयमा परराष्ट्र मन्त्रालयका अधिकारीहरूले तयारी गरेका थिए । तर, त्यसबारे कुनै छलफल नभएको अधिकारीहरूको भनाइ छ ।

भारतीय सेनाध्यक्ष सेठको नेपाल भ्रमणको एक साताअघि पूर्वगोर्खा सैनिकले भर्ती खोल्न माग गर्दै देशका ६ प्रमुख सहरमा स्थानीय प्रशासनमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका थिए । पोखरामा भारतीय भूपू गोर्खा ब्रिगेडको नेतृत्वमा भूपू सैनिक, उनीहरूको परिवार र भर्ती हुन चाहने युवाहरू प्रदर्शनमा नै उत्रिएका थिए । पोखरा रंगशालाबाट सुरु भएको र्‍याली सहिदचोकस्थित जिल्ला प्रशासन कार्यालय पुगेको थियो । ज्ञापनपत्र बुझाएर नेपाल सरकारलाई दबाब दिएका भूतपूर्व सैनिकले सेनाध्यक्ष सेठ पोखरा आएको अवसर छोपेर भर्ती खोल्न कूटनीतिक पहलका लागि आग्रह गर्ने मौका पाएका थिए ।

भारतीय सेनामा नेपाली युवाको भर्तीको इतिहास दुई सय वर्षभन्दा लामो छ । ब्रिटिस भारतले नेपालसँग शान्ति सम्झौता भएपछि सन् १८१५ देखि नेपाली युवालाई सेनामा भर्ती गर्न थालेको थियो । त्यसअघि बेलायत र नेपालबीच हिमाचल प्रदेशदेखि सिक्किमसम्मको क्षेत्रमा एंग्लो-नेपाल युद्ध भएको थियो । समय क्रममा गोर्खा सैनिक भारत-नेपाल सम्बन्धको महत्त्वपूर्ण कडीका रूपमा स्थापित भए । भारतीय सेनामा सेवा गरेका गोर्खाहरूले युद्ध तथा सैन्य अभियानमा मात्र होइन, अवकाशपछि नेपाल र भारतका विभिन्न सामाजिक क्षेत्रमा पनि योगदान पुर्‍याउँदै आएका छन् ।

हाल करिब ३६ हजार नेपाली गोर्खा सैनिक भारतीय सेनामा कार्यरत रहेको बताइन्छ । त्यस्तै, नेपालमा करिब १ लाख २५ हजार पूर्वभारतीय गोर्खा सैनिक रहेको अनुमान छ । पोखरा पेन्सन वितरण कार्यालयबाट ६० हजार भूतपूर्व सैनिकले सेवा लिन्छन् । सन् २०१९ सम्म प्रत्येक वर्ष करिब १ हजार ४ सय नेपाली युवा भारतीय सेनामा भर्ती हुने गरेका थिए । तर भर्ती परीक्षामा सहभागी हुने युवाको संख्या भने त्यसको तुलनामा निकै ठूलो थियो । नेपालका प्रमुख सहरहरूमा आयोजना हुने भर्ती प्रक्रियामा करिब ५ हजार युवा प्रतिस्पर्धा गर्ने गरेका थिए ।

गोर्खा भर्तीसँगै क्याम्पमा उत्तिकै गहिरोसँग उठेको अर्को विषय भने पेन्सनको कागजी प्रक्रिया थियो । गजबहादुर थापाले भारतीय सेनाध्यक्षसँगको भेटमा यो विषय विस्तारमा राखेका थिए । 'सन् १९९० भन्दा पहिला भारतीय सेनामा भर्ती भएका नेपाली युवासँग त्यतिबेला नागरिकता, शैक्षिक प्रमाणपत्र, विवाह दर्ता, जन्मदर्ता केही पनि खोजिने थिएन, शारीरिक अवस्था हेरेर भर्ती लिइन्थ्यो,' उनले कान्तिपुरसँग भने ।

सैनिकको परिवार (श्रीमती) ले पेन्सन पाउने सुविधा पनि पहिले थिएन, इन्दिरा गान्धी प्रधानमन्त्री भएपछि सन् १९८४ पछि मात्र 'फ्यामिली पेन्सन' पाउने सुविधा थपिएको थियो । त्यही समयका कागजातविहीन भर्तीका कारण अहिले धेरै परिवारको विवरणमा श्रीमतीको नाम, थर र उमेरमा फरक पर्ने गरेको र यसले ठूलो समस्या निम्त्याएको उनको भनाइ छ ।

उनका अनुसार कागजात नमिलेकै कारण नेपालमा अहिले पनि ८ देखि १० हजार भूतपूर्व सैनिकका श्रीमतीले पेन्सन पाउन सकिरहेका छैनन् । 'यहाँको नागरिकतामा एउटा नाम र उमेर छ, उता अर्को नाम र उमेर छ । त्यसलाई अनुसन्धान गरेर प्रक्रिया सरल बनाउने कुरामा न नेपाल सरकारले चासो राख्यो, न भारत सरकारले चासो राख्यो,' उनको गुनासो छ । त्यसैले सन् १९९० भन्दा अघि जसरी न्यूनतम कागजातमा भर्ती गरिएको थियो, त्यसैगरी अहिले पनि कम कागजात माग गरी परिवारलाई पेन्सन दिलाउनुपर्ने उनको माग छ ।

सेना प्रमुख सेठसमक्ष उनले फोटो र औंठाछाप हेरेरै पेन्सन दिने व्यवस्था मिलाइदिन आग्रह गरे । कागजातसम्बन्धी यो समस्याको जड नेपाल सरकारको आफ्नै कानुन र स्थानीय तहको प्रक्रियासँग पनि जोडिएको भन्दै थापाले नेपाल सरकारका तर्फबाट पनि यसमा गम्भीरता देखाउनुपर्ने बताए । भूपू गोर्खा सैनिकको कल्याणमा कुनै कसर बाँकी नराख्ने बताउँदै फर्किएका सेठलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाका बलाधिकृत रथी प्रदीपजंग केसी र उनकी पत्नीले बिदाइ गरेका थिए ।

# एकातिर लगानी आह्वान...

सामसङ संकटबाट गुज्रिरहँदा त्यहाँका प्रमुख आर्थिक पत्रिकाहरूमा यसबारे धेरै हेडलाइनहरू बनेका थिए । ब्लुमबर्गको सम्पादकीय बोर्डले लीमाथि अभियोग लगाइनुअघि नै जनवरी २०१७ मै लेखेको थियो- 'एउटा कार्यकारीलाई सजाय दिएर मात्र वास्तविक सुधार हुन सक्दैन ।' ली पक्राउपछि सामसङले आफ्नो 'फ्युचर स्ट्र्याटेजी अफिस' को काम बन्द गरेको थियो । लगानी, मर्जरलगायत महत्त्वपूर्ण निर्णयहरू पनि सीमित मात्रै भयो । अन्ततः सन् २०२५ मा मर्जरसँग सम्बन्धित आरोपहरूबाट लीले सफाइ पाए । सामसङको कानुनी अनिश्चितता अन्त्य भएको यो अवस्थालाई निकै सकारात्मक रूपमा हेरिएको थियो ।

नेपाल दक्षिण कोरिया होइन र गोल्छा ली पनि होइनन् । तर, लामो समय कानुनी झमेला र त्यसले निम्त्याउने अनिश्चितता भोग्नुपर्दा धेरै बलिया संस्थाका व्यापारिक निर्णयसमेत प्रभावित हुन्छन् भन्ने यो घटनाले देखाउँछ ।

नेपालको अवस्था अहिले त्यति गम्भीर नदेखिन सक्छ । तर व्यापारिक समुदायभित्र फैलिरहेको मौन चिन्ता पक्कै गम्भीर छ । साधारण व्यावसायिक निर्णयहरूले आफूलाई आपराधिक अनुसन्धानको दायरामा तान्न सक्ने भय त्यो समुदायमा व्याप्त छ । यसबारे उनीहरूले प्रश्न उठाइरहेका छन् ।

गोल्छाको गिरफ्तारीपछि नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले संयुक्त विज्ञप्ति जारी गर्दै दोषी ठहरिएका जोकोहीलाई पनि जवाफदेही बनाउनुपर्छ भन्नेमा निजी क्षेत्रको कुनै असहमति नरहेको स्पष्ट पार्दै आरोपितका पनि कुरा सुन्न र आरोप लाग्दैमा थुनामा लगेर राख्ने विषयलाई पहिलो विकल्पका रूपमा नलिन आग्रह गरेका थिए । आखिरमा, कुनै पनि आरोप अदालतले प्रमाणित गर्ने विषय हो । सजाय पनि अदालतले नै निर्धारण गर्छ ।

विशेषगरी राजनीतिज्ञ र कर्मचारीतन्त्रलाई लक्षित गरेर स्थापना गरिएको नयाँ सम्पत्ति छानबिन आयोग (सर्वोच्च अदालतको आदेशले कामकारबाही स्थगित छ) ले नेपाली धितोपत्र बोर्ड र नेपाल टेलिकमजस्ता संस्थाहरूमा सञ्चालक समिति सदस्यहरूका रूपमा काम गरेका निजी क्षेत्रका सदस्यहरूलाई पनि तानिरहेको छ । यसबाट पहिलो पटक निजी कम्पनी, सहकारी र बैंकहरूमा पनि भ्रष्टाचारविरोधी कानुनको दायरा विस्तार भएको छ । अर्थमन्त्री स्वर्णिम वाग्लेले व्यवसायी र भ्रष्ट राजनीतिज्ञहरूबीचको मिलेमतो तथा संस्थागत कब्जालाई तोड्ने काम सरकारले गरिरहेको दाबी गरेका छन् । उनले गलत काम गर्नेहरूलाई संरक्षण नगर्न पनि निजी क्षेत्रसँग आग्रह गरेका छन् ।

यद्यपि, भ्रष्टाचारको अनुसन्धान र वैध व्यावसायिक जोखिमलाई आपराधिक मुद्दा बनाउनुबीच ठूलो फरक छ । कुनै व्यावसायिक निर्णय खराब हुँदैमा वा नियामक निकायमा प्रश्न उठ्दैमा अपराध स्थापित हुँदैन । कसैमाथि फौजदारी अनुसन्धान सुरु गर्नुअघि त्यसको ठोस आधार हुनुपर्छ । अनुसन्धान गर्न सम्बन्धित व्यक्तिलाई थुनामै राख्नुपर्छ भन्ने पनि हुँदैन । यसरी थुनामा राख्ने कार्यले सम्पूर्ण अर्थतन्त्रको गति नै प्रभावित हुन सक्छ ।

यसको असर ऋण प्रवाहमा पनि देखिएको छ । यही महिना अर्थमन्त्री वाग्लेसँग भएको बैठकमा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले आफ्ना कर्मचारी ऋण दिन डराउन थालेको बताए । बैठकमा नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले बैंकरहरू केवल ऋण वा लगानी गरेकै भरमा पक्राउ पर्ने डर रहेको कुरा प्रस्टसँग राखे । यी आशंकाहरू सत्य हुन् वा होइनन्, त्यो अदालत र अनुसन्धानले तय गर्नेछ । तर, यस्तो दृष्टिकोण विकास हुनुले नै अर्थतन्त्रमा ठूलो अर्थ राख्छ । बैंकरहरूलाई व्यावसायिक रूपमा सही निर्णय लिँदा पनि कालान्तरमा आपराधिक दायित्वमा फस्न सकिन्छ भन्ने लाग्यो भने उनीहरूले ऋण प्रवाहका लागि आवश्यक निर्णयलाई पन्छाउने वा आलटाल गर्नेछन् ।

नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआईएमबी) को घटनालाई धेरैले सरकारको हस्तक्षेपको ताजा उदाहरण मानेका छन् । सन् २०२५ मा एनआईएमबीले बैंकको नियमअनुसार ऋण नतिरेको स्मार्ट टेलिकमको धितो एनसेललाई लिलामीमा बेचेको थियो । तर सीआईबीले यसमा मिलेमतोको दाबी गर्दै मुद्दा चलाएको छ । ९५ अर्ब रुपैयाँभन्दा बढीको नोक्सानी देखाएर एनआईएमबी र एनसेलका २२ जना अधिकारी तथा सञ्चालकहरूमाथि अभियोजन सिफारिस गरिएको छ ।

तीन जना पूर्वगभर्नरहरूले यो सीआईबीको नभई राष्ट्र बैंकको क्षेत्राधिकारको विषय भएको बताएका छन् ।

बैंकहरूको नियमन गर्ने जिम्मा राष्ट्र बैंकको हो भने अपराधको अनुसन्धान गर्ने जिम्मा प्रहरीको हो । मुख्य कुरा, स्मार्ट टेलिकमको धितो लिलामको प्रक्रियाले नियम उल्लंघन गर्‍यो वा गरेन, यदि नियम उल्लंघन नै भए पनि यो कुनै खराब व्यावसायिक निर्णयमात्र थियो वा साँच्चै आपराधिक सोच राखेर लिइएको निर्णय थियो भन्ने हो । र, जुन निकायले यस विषयमा छानबिन गर्‍यो, त्यो निकायसँग छानबिनको कानुनी आधार थियो वा थिएन भन्ने पनि हो । पूर्वगभर्नर चिरञ्जीवी नेपालले यसको गम्भीरता प्रस्ट पार्दै बैंकरहरूलाई अपराधीजस्तो व्यवहार गरेर मनपरी पक्राउ गर्न नहुने बताएका छन् ।

एनआईएमबी मुद्दाको कानुनी छिनोफानो अदालतले नै गर्नेछ । तर सरकारसामु ठूलो प्रश्न खडा भएको छ- कठिन ऋण स्वीकृत गर्ने वा आवश्यक व्यावसायिक निर्णय लिने अर्को बैंकर वा सञ्चालकलाई यस्ता कारबाहीले कस्तो सन्देश दिन्छ ?

सेयर बजार निरन्तर ओरालो लाग्नुका साथै समग्र व्यवसायीको मनोबल घट्दै गएपछि प्रधानमन्त्री शाहले बजार उकास्ने प्रयासस्वरूप सत्ता सम्हालेको सय दिनपछि मात्रै सरोकारवालाहरूसँग सीधै छलफल गरेका थिए । त्यो प्रयास सफल हुन्छ कि हुँदैन, अहिल्यै भन्न सक्ने अवस्था छैन । तर प्रधानमन्त्रीले नै लगानीकर्ताहरूलाई आश्वस्त पार्नुपर्ने अवस्था आउनु आफैंमा अर्थपूर्ण छ ।

नेपाललाई थप पुँजी, लगानी र ऋण चाहिएको छ । विगत तीन दशकदेखि यी तीनै कुराका लागि मुख्य अवरोध बनेको भ्रष्टाचारको जालो पनि तोड्नुछ । यी दुवै उद्देश्य एक-अर्काका विरोधी होइनन् । तर विरोधाभास त्यतिबेला हुन्छ, जब कसैलाई आर्थिक जोखिम मोल्न भनिन्छ र त्यस्तो जोखिम मोल्दा फौजदारी मुद्दा लाग्ने त्रासमा पनि उनीहरूलाई राखिन्छ । सरकारले एकै समयमा लगानीको निम्तो र जेल सजायको डर देखाउने काम गरिरहेको छ । यस्ता गतिविधिबाट भने लगानी बढ्न सक्दैन ।

# तीन पूर्वप्रधानमन्त्रीका...

'त्यो भरेको दाँज्ने गरी सम्पत्तिबारे विवरण दिन भन्दै विभिन्न निकायलाई पत्राचार भइसकेको छ,' आयोगका अधिकारी भन्छन्, 'केही जवाफ आइसकेका छन्, केहीको पर्खाइमा छौं ।'

पूर्वप्रधानमन्त्री दाहालकी छोरीसमेत रहेकी गंगाको आर्थिक कारोबारको विवरण अनुसन्धान अधिकृतहरूले अध्ययन गरिरहेका छन् । दाहालको ललितपुरस्थित घर २४ भदौमा भएको विध्वंसमा जलेको थियो । त्यसबेला घरबाट नगद र सुन लुटपाटसमेत भएको अनुसन्धान अधिकृतहरूको भनाइ छ । कतिपयले नगद लैजाँदै गरेको भिडियोसमेत बनाएर सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए ।

'कतिपय रकम जलेको अवस्थामा बरामद भएपछि जाँचका लागि केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को सहयोगमा खरानी संकलन गरेर प्रयोगशालामा पठाइएको थियो,' सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका एक अधिकृतले भने, 'त्यसक्रममा बरामद खरानीमा नगदका अवशेष पनि भएको रिपोर्ट आएको थियो ।' पछि थप अनुसन्धानका लागि अख्तियारलाई लेखी पठाएको उनले बताए ।

पूर्वप्रधानमन्त्री दाहालले २३ र २४ भदौको घटनाबारे जाँचबुझ गर्न गठित आयोगलाई बयान दिने क्रममा छोरी गंगाको घरमा अवैध नगद भेटिएको प्रचार गलत भएको दाबी गरेका थिए । 'न त्यस्तो नगद भेटिएको छ, न त हामीले कुनै अवैध आयस्रोतबाट आम्दानी गरेका छौं,' उनको दाबी थियो ।

अख्तियारले उनका पति जीवन आचार्यको सम्पत्तिबारे समेत छानबिन गरिरहेको छ । आचार्य कोशी प्रदेशका पूर्वमन्त्रीसमेत हुन् । दाहालले कान्तिपुरसँग कुरा गर्दै अनुसन्धान गर्ने विषयमा पहिल्यैदेखि प्रचार गरिए पनि आफूसँग कसैले सोधपुछ नगरेको बताइन् । 'मसँग सोधपुछ भएको छैन, बयानका लागि बोलाइएको छ,' उनले भनिन्, 'तर, राज्यको निकायले अनुसन्धान गरे हुन्छ, अझ छिटो गरिदिए हुन्थ्यो भन्ने लाग्छ ।'

तत्कालीन प्रधानमन्त्री ओलीका स्वकीय सचिव राजेश बज्राचार्यबारे बदनियतपूर्वक दरबारमार्गको सरकारी जग्गा सस्तोमा यती समूहलाई लिजमा दिएको प्रकरणको अनुसन्धानपछि उनीमाथि समेत अनुसन्धान गर्न प्रहरीले अख्तियारलाई सिफारिस गरेको थियो । यती समूहसँग बज्राचार्यले बालकोटमा चार करोड रुपैयाँ पर्ने जग्गा लिएको खुलेपछि अख्तियारमार्फत अनुसन्धान गर्नुपर्ने अधिकृतहरूले बताएका थिए । त्यसबेला बज्राचार्यले ९६ लाख रुपैयाँ मात्र कारोबार भएको विवरण मालपोत कार्यालयमा देखाएको अनुसन्धान अधिकृतहरू बताउँछन् । १ साउन २०७५ मा उनले यती समूहमार्फत रोजभिलेज हाउजिङको घर लिएको अनुसन्धानबाट खुलेको थियो । 'उहाँको हकमा पनि १३ पृष्ठको फारम भराइसकिएको छ, अरू अनुसन्धान चलिरहेको छ,' अख्तियारका एक अधिकारीले भने ।

**एक आयुक्त भन्छन्–**

**'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले प्रारम्भिक चरणमा अध्ययन गरेर सम्बद्ध कसुर नभएकाले हामीकहाँ फाइल पठाइदिएको थियो, त्यसपछिको अनुसन्धान अघि बढाएका छौं'**

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहबारे प्रहरीले अनुसन्धान गरेका बेलासमेत बज्राचार्यको नाम जोडिएको थियो । त्यस प्रकरणमा पक्राउ परेका आरोपित केशवप्रसाद दुलालले उनलाई बालुवाटारमै १ करोड रुपैयाँ दिएको बयान दिएका थिए । तत्कालीन ऊर्जामन्त्री टोपबहादुर रायामाझीका प्रमुख स्वकीय सचिव लीला जिसीमार्फत बोलाएर असोज २०७६ मा एक करोड रुपैयाँ नगद लिएको उनले दाबी गरेका थिए । नक्कली भुटानी शरणार्थी प्रकरणमा रायमाझी स्वयं पछि पक्राउ परेका थिए । बज्राचार्यसँग यो विषयमा प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन । उनले कान्तिपुरको फोन पनि उठाएनन् ।

पूर्वप्रधानमन्त्री ओलीले आफूलाई बदनाम गर्ने उद्देश्यले बज्राचार्यको विषय बाहिर ल्याइएको दाबी गरेका थिए । हिमालय टेलिभिजनमा ६ पुस २०८२ मा प्रसारित अन्तर्वार्तामा उनले आफूनिकट व्यक्तिलाई लाञ्छित गर्दा विवादमा पार्न सकिन्छ भनेर त्यो विषय बाहिर ल्याइएको जिकिर गरेका थिए ।

त्यतिबेला ओलीले भनेका थिए, 'यतीसँग घर लिन पाइँदैन ? अनि यतीसँग कहाँबाट जोडिन्छ कुरा ? बैंकमा चाहिँ भुक्तानी देखिएन, दुई लाख, चार लाख, पाँच लाख, १० लाख गरेर दिएको कुरो सबै बैंकिङ कारोबार मात्र हुँदैन । त्यतिबेला पनि थिएन । बदनियतका साथ गरिएको प्रायोजित प्रयास हो यो, राजेश बज्राचार्यको नाम मुछ्ने कुरा ।'

सामाजिक सञ्जालमाथि लागेको प्रतिबन्ध र भ्रष्टाचारको विरोधमा २३ भदौ २०८२ मा भएको जेन-जी प्रदर्शनमा सरकारले अत्यधिक बल प्रयोग गर्दा एकैदिन २२ जनाको ज्यान गएको थियो । त्यसपछि नियन्त्रणबाहिर गएको परिस्थितिमा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र परराष्ट्रमन्त्रीसमेत रहेकी उनकी पत्नी आरजु देउवा घरभित्रै कुटपिटमा परेका थिए । बुढानीलकण्ठस्थित घरमा तोडफोड र आगजनीसमेत भएको थियो ।

त्यसबेला देउवाको घरमा नेपाली र विदेशी मुद्रा भेटिएका थिए । पछि सुशीला कार्की नेतृत्वको सरकारले देउवा दम्पतीसँगै परिवारमाथि नै छानबिन अघि बढाएको थियो । त्यही क्रममा भानु देउवासमेत छानबिनको दायरामा परेका थिए । देउवा दम्पती २१ फागुनको चुनावअघि नै विदेश गएका थिए । पक्राउ पुर्जीसमेत जारी भएको थियो, तर सर्वोच्च अदालतले उल्ट्याएपछि हालै देउवा स्वदेश फर्किएका छन् । देउवाका स्वकीय भानुले आफूमाथि अनुसन्धान भइरहेकोबारे कुनै पनि निकायबाट सोधपुछ नभएको बताए । 'कुनै पनि अनुसन्धानबारे मसँग सोधपुछ भएको छैन,' उनले कान्तिपुरसँग भने ।

पूर्वप्रधानमन्त्री दाहालको घरसमेत २४ भदौमा आगजनीमा परेको थियो । वालेन्द्र शाह नेतृत्वको सरकारले २०६२/६३ पछि सरकारी पदमा पुगेकाहरूको सम्पत्ति छानबिन गर्न भन्दै सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको नेतृत्वमा आयोग बनाएको थियो । त्यसमा करिब १० हजारले छानबिनका लागि सम्पत्ति विवरण बुझाइसकेका थिए ।

आयोग गठनविरुद्ध परेको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले ३१ असारमा मुद्दाको अन्तिम टुंगो नलागेसम्म सम्पत्ति विवरण संकलन र छानबिन रोक्नू भनी आदेश गरेपछि सबै काम रोकिएको थियो । २३ साउनमा कान्तिपुरमा प्रकाशित अन्तर्वार्तामा गृहमन्त्री सुधन गुरुङले समेत सम्पत्ति छानबिनमा अदालतले रोक लगाएकोप्रति असन्तुष्टि व्यक्त गरेका थिए ।


# INVITATION FOR BIDS

1. **Himalayan Distillery Limited (HDL)**, Jawalakhel, Lalitpur, invites sealed bids from registered and eligible Nepalese contractors for the procurement of works as specified in the table below:

| Title of the Contract | Scope of Works | Cost of Bidding Document | Bid Security Amount |
|---|---|---|---|
| Construction of Bottling Hall Building at Birgunj-21, Parsa, Nepal | Civil, Electrical, Plumbing and Allied works | NPR 10,000.00 | Bid Security of 5% of bid amount issued by Class "A" Commercial Bank of Nepal and valid for the period of 120 days. |

The bid submission will follow the 'Two Envelope System' (Technical and Financial) for the construction of the Bottling Hall Building at Birgunj-21, Parsa.

2. Bidders must meet the eligibility and qualification criteria as outlined in the bidding document. Eligible bidders may obtain further information from the Administration Department of Himalayan Distillery Limited, Jawalakhel, Lalitpur.
3. A complete set of bidding documents may be purchased by eligible bidders from the Administration Department of Himalayan Distillery Limited, Jawalakhel, Lalitpur, upon submission of a written application along with a duly attested copy of the valid company/firm registration certificate, VAT and PAN registration certificates, tax clearance certificate for FY 2081/82, and payment of a non-refundable fee as specified in the table above for the bidding documents.
4. Interested bidders must have at least 10 (ten) years of experience in the related field, including experience as a prime contractor in the construction of at least one (1) RCC framed building project having a minimum built-up area of 50,000 sq. ft. or more; and one (1) steel structure project having a minimum covered area of 15,000 sq. ft. or more in the last five years.
5. The bidder must provide evidence of an average annual turnover of NPR 500 million from similar works of best three years within last five years.
6. Sealed bids must be submitted to the above office of Himalayan Distillery Limited, Jawalakhel, Lalitpur, on or before 17:00 hours on the 21st day from the first publication of this notice. Documents received after this deadline will be rejected.
7. Bidders are advised to visit the site and assess the actual conditions before submitting their bids.
8. Bids will be opened on the 23rd day from the first publication of this notice, at the contact office of Himalayan Distillery Limited, Jawalakhel, Lalitpur. The bidders can contact HDL's office if they wish to attend the opening of the bid. However, it is not mandatory for the bidder's representative to be present during the bid opening.
9. If the last date for purchasing the bid form, submitting the bid, and opening the bids falls on a government/office holiday, it will be extended to the next working day. In such cases, the bid validity will be recognized from the original bid submission deadline.
10. Interested bidders must submit all the documents outlined in the bid document; failure to do so may result in the rejection of the bid.

**Himalayan Distillery Ltd.**
Jawalakhel, Lalitpur, Phone No.: 01 - 5422269/ 5427465
Email: info@himalayandistillery.com
URL: www.himalayandistillery.com

**Note:** *Himalayan Distillery Limited reserves the right to amend, correct, accept, or reject any or all bids, in whole or in part, for the said works, without assigning any reason whatsoever.*

एन्फा प्रतिबन्धको असर

# होस्टेलका युवा फुटबलरको खोसिएको छ 'डाइट'

## एन्फा निलम्बनको असर ग्रासरुट कार्यक्रमअन्तर्गत देशभरबाट छनोट भएका एकेडेमीका युवा खेलाडीमा परेको छ

**सबिना कार्की** (काठमाडौं)

ललितपुर सातदोबाटोस्थित एन्फा एकेडेमीको होस्टेलमा बुधबार बिहान ११ किशोर खेलाडी थिए । खानाको समय थियो, उनीहरूलाई सादा दालभात र तरकारी दिइएको थियो । होस्टेल इन्चार्ज हीरा पन्त भन्छिन्, 'पहिला हामी उनीहरूलाई दिनहुँजसो मासु दिने गर्थ्यौं, अहिले उनीहरू दालभातमै दैनिकी बिताइरहेका छन् । उनीहरू दालभात खाएर स्कुल जान्छन् ।' एक प्रकारले भन्दा यी खेलाडीले सातदोबाटोमा शरण लिइरहेका छन् भन्दा हुन्छ ।

> १९ खेलाडी मात्र होइनन्, भुटानमा घाइते भएर उपचार गरिरहेका राष्ट्रिय टिमका खेलाडी मारमा परेको एन्फा प्रवक्ताको भनाइ

दुई महिना जति अगाडि उनीहरू यहाँ आएका थिए, नेपाली खेलकुदलाई नै स्तब्ध बनाउने एउटा दुःखद् घटनाको सम्झना बोकेर । वर्ष २०८१ को असोज १३ सम्म उनीहरू मकवानपुरको सिस्नेरीस्थित फुटबल एकेडेमीमा बस्दै आएका थिए । त्यो दिनको भारी वर्षाका कारण कुलखानी बाँध खोलिएको थियो । त्ससँग बढेको बाढीको डरले उनीहरू होस्टेल छाडेर भाग्न त भागे, त्यही क्रममा उनीहरूले आफ्ना ६ साथीलाई पनि गुमाए ।

सातदोबाटो सारिनु अघि उनीहरू हेटौंडामा थिए । निधन भएका ६ खेलाडीको परिवारले अझै पनि घटनाको निष्पक्ष जाँच होस् भनिरहेका छन् । तर बाँकीले अहिले कठिन स्थिति सामना गरिरहेका छन् । उनीहरूले राम्रो खानासमेत खान पाइरहेका छैनन् । हीरा भन्छिन्, 'बिहानको खानामा यसअघि दूध, अण्डा, कर्नफ्लेक्स, ससेज हुन्थ्यो, अहिले ती केही पनि छैनन् । छ त कालो चिया र सादा बिस्कुट मात्रै ।'



स्कुल जानुअघि खाना खाँदै सातदोबाटोस्थित एन्फा एकेडेमीको होस्टेलमा युवा फुटबलर । तस्बिर : कान्तिपुर

एन्फाको ग्रासरुट कार्यक्रमअन्तर्गत देशभरबाट छनोट भएका खेलाडीको यस्तो हालत किन त ? अखिल नेपाल फुटबल संघ (एन्फा) को भनाइ मान्ने हो भने यो समस्या फिफा निलम्बनका कारण हो । त्यसमाथि राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले एन्फालाई कुनै पनि प्रयोजनका लागि भए पनि बैंक खाता नचलाउन भनेको छ ।

एन्फा प्रवक्ता सुरेश शाह भन्छन्, 'नेपाली फुटबल निलम्बनमा छ, हामीलाई आर्थिक कारोबार गर्न रोक छ ।' त्यसैले एन्फालाई जो कोहीले उधारो दिन छाडेका छन् । उनका अनुसार यी १९ खेलाडी मात्र होइनन्, भुटानमा घाइते भएर अहिले उपचार गरिरहेका राष्ट्रिय टिमका खेलाडी मारमा परेका छन् ।

जति बेला यी खेलाडीहरू स्कुलबाट फर्किए, उनीहरूलाई मिडियासामु बोल्न दिइएको थिएन । तर उनीहरूको हाउभाउले प्रस्ट देखिन्थ्यो, उनीहरू थाकेका छन्, खुसी छैनन् अनि मौन रहेर प्रश्न गरिरहेका छन्, 'हामीलाई यस्तो किन ?'

आफ्ना साथी गुमाएको पीडा छँदै छ, त्यसमाथि उनीहरू आफैंमा कुपोषणको सिकार हुने डर छ । खेलाडीले खानुपर्ने नियमित 'डाइट' खोसिएको छ । अनि फुटबल खेलेर भविष्य बनाउने सपना बुनेका उनीहरू अन्योलमा परेका छन् । यसरी नै कति दिन चल्ने हो त ? यसमा एन्फा प्रवक्ता शाह भन्छन्, 'यो प्रश्न सरकारलाई नै सोध्नुपर्ने हो । यसको उत्तर सरकारसँग मात्र छ । अहिलेको स्थितिमा एन्फाको न नियन्त्रण छ न त पहुँच नै ।'

खासमा नेपाली फुटबल निलम्बनमा पर्नुको मार यी खेलाडीलाई मात्र छैन, त्यहाँका कर्मचारी, सुरक्षागार्ड र अन्य धेरैलाई छ । धेरैले तलबविना काम गरिरहेका छन् । तिनै हीरा भन्छिन्, 'हामीले केही महिनादेखि तलब पाएका छैनौं । यी बालबालिका अलपत्र नपरोस् भनेर मात्र काम गरिरहेको छौं ।' सम्भवतः उनीहरूले पनि धेरै दिन धेरै दिन यसरी नै काम गर्न सक्ने छैनन् । अनि के हुनेछ कल्पना पनि गर्न सकिन्न ।

# एनभीएलको 'टाइटल स्पोन्सर' मा एक्सट्रिम इनर्जी




एक्सट्रिमकी सोनिया राणा र केडिया ग्रुपका अश्विन केडिया सम्झौता आदानप्रदान गर्दै ।

**कान्तिपुर संवाददाता** (काठमाडौं)

पुरुष भलिबलको पहिलो फ्रेन्चाइज लिगका लागि नेपाल भलिबल लिग (एनभीएल) र एक्सस्ट्रिम इनर्जी ड्रिंकबीच सहकार्य भएको छ । नेपाल भलिबल लिगको 'टाइटर स्पोन्सर'मा एक्सट्रिम इनर्जी रहने भएको छ । बुधबार राजधानीमा आयोजित कार्यक्रममा मुख्य प्रायोजनसम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता तीन वर्षका लागि हुने लिग आयोजक केडिया ग्रुपले जनाएको छ ।

एक्सट्रिम इनर्जीको उत्पादन एग्रो थाई फुड्सकी बिजनेस हेड सोनिया राणा र नेपाल भलिबल लिगका प्रबन्ध निर्देशक अश्विन केडियाले मुख्य प्रायोजनसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरे । उक्त सम्झौता तीन वर्षका लागि पौने तीन करोड बराबर रहेको एनभीएलका सीईओ सन्तोष उपाध्यायले जानकारी गराए ।

पहिलो संस्करणको फ्रेन्चाइज लिग भलिबल १९ देखि २७ भदौसम्म त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा हुनेछ । पहिलो संस्करणमा कुल ६ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्ने छन् । खप्तड फाल्कन्स, मधेश वारियर्स, सगरमाथा स्म्यासर्स, काठमाडौं रेड्स, अन्नपूर्ण स्पाइकर किंग्स र कर्णाली शिवराजले प्रतिस्पर्धा गर्नेछन् ।

यसका लागि १० साउनमा घरेलु खेलाडीको अक्सन पनि भइसकेको छ । त्यसबाट ६ टिमले कुल ४२ खेलाडी खरिद गरेका छन् । अक्सनबाट हरेक टिमले 'ए' क्याटगोरीका ४-४ तथा 'बी' क्याटगोरीका ३-३ खेलाडी लिएका थिए । विदेशी खेलाडी अनुबन्धको पनि प्रक्रिया भइरहेको सीईओ उपाध्यायले बताए । एउटा टिमले तीन विदेशी खेलाडी अनुबन्ध गर्न पाउनेछ ।

एनभीएलमा सहभागी हुने टोली अन्नपूर्णले हिमाल सुनारी, कर्णालीले पहल गहतराज, काठमाडौंले सुनिल बोहरा, खप्तडले धिरोजकाजी बस्नेत, मधेशले रविन नगरकोटी र सगरमाथाले हरिहजुर थापालाई मार्की खेलाडीमा अनुबन्ध गरेको थियो ।

'उचाईको नयाँ उडान' नारा साथ हुने प्रतियोगिताको टिमका मुख्य प्रशिक्षक र सहायक प्रशिक्षक सार्वजनिक भइसकेका छन् । आधिकारिक ब्रोडकास्टिङ पार्टनरमा कान्तिपुर टेलिभिजन तथा टिकेटिङ पार्टनरमा आईएमई खल्तीलाई अनुबन्ध गरिएको छ ।




# मानवको उत्कृष्ट बलिङमा भारत विजयी




गल (एएफपी)- बायाँहाते स्पिनर मानव सुथरले समग्रमा १० विकेटको सानदार प्रदर्शन गरेपछि भारतले पहिलो टेस्टमा बुधबार श्रीलंकालाई १ सय ६५ रनले पराजित गरेको छ । यससँगै दुई टेस्ट शृंखलामा भारतले १-० को अग्रता लिएको छ । व्यक्तिगत दोस्रो टेस्ट मात्र खेलिरहेका सुथरले प्रभावशाली प्रदर्शन गरे । भारतको यो ६ सय टेस्ट पनि रह्यो ।

पहिलो इनिङ्समा ४ विकेट लिएका सुथरले दोस्रोमा ५५ रन मात्र खर्चेर ६ विकेट लिएपछि लञ्चलगतै २ सय ६ रनमा श्रीलंका अलआउट भएको थियो । जितका लागि ३ सय ७२ रनको चुनौतीपूर्ण लक्ष्य पाएको श्रीलंकाका लागि सोनाल दिनुसाले बनाएको ८४ रनबाहेक अन्यले गतिलो योगदान दिन सकेनन् ।

उनी घरेलु टिमका लागि दुवै इनिङ्समा सर्वाधिक स्कोरकर्ता रहे । भारतीय कप्तान शुभमन गिलले यो जितलाई निकै सन्तोषजनक रहेको प्रतिक्रिया दिए । उनले भने, 'पूरा खेल हाम्रो नियन्त्रणमा रह्यो तर मौसमका कारण हामीलाई खेल कहाँसम्म जाने हो, त्यसमा शंका थियो । हाम्रो टिमको प्रदर्शन असाध्यै उत्कृष्ट रह्यो ।'

कप्तान गिलले सुथरको पनि प्रशंसा गरे । उनले गलको विकेटमा रन बनाउन गाह्रो हुने माने । श्रीलंकाले ४ विकेट गुमाएर ८४ रनबाट अगाडि खेल्न सुरु गरेको थियो र भारतले बिहानी सत्रमा ३ विकेट लिए । त्यसपछि श्रीलंकाका पुछारका ब्याटरले गतिलो योगदान दिन सकेनन् । कप्तान धनञ्जय डी सिल्भाले ५९ रन बनाए । दिनुसा र धनञ्जयले पाँचौं विकेटका लागि ९५ रनको साझेदारी गरेर भारतलाई जितका लागि पर्खन बाध्य बनाएको थियो । डी सिल्भाले खेलपछि भने, 'गलको मैदानमा ब्याटिङ गर्न सजिलो थिएन, भारतले टस जितेर पहिले ब्याटिङ गर्दै ठूलो स्कोर खडा गरेको थियो । हाम्रो ब्याटिङ भने राम्रो रहेन ।'

## आयुषको कीर्तिमान



काठमाडौं (कास)- शिवम् शिमेन्टसँग अनुबन्धित नेपाली धावक आयुष कुँवरले पुरुष २०० मिटर दौडको राष्ट्रिय कीर्तिमान तोडेका छन् । यही ९ अगस्टमा लन्डनमा सम्पन्न २०० मिटर दौडमा उनले आफ्नै नाममा रहेको २१.८७ सेकेन्डको रेकर्डलाई तोडेका छन् । उनले २१.६६ सेकेन्डले नयाँ रेकर्ड कायम गरेका छन् । अमेरिकाको लस एन्जलसमा जुलाईमा आयोजित ग्रान्ड स्प्रिन्ट सिरिजमा उनले २१.८७ सेकेन्डमा २०० मिटर दूरी पूरा गरेका थिए । त्यतिबेला उनले सन् १९९५ यता रामकृष्ण चौधरीको नाममा कायम रहेको २१.९२ सेकेन्डको राष्ट्रिय कीर्तिमान टाइमिङलाई उछिनेका हुन् ।

यसअघि उनले ६० मिटर रेसमा २००१ मा रामकृष्ण चौधरीले राखेको ७.०९ सेकेन्डको कीर्तिमान पनि उछिनेका थिए । आशिषले ७.०२ सेकेन्डको कीर्तिमान बनाएका थिए । यस कीर्तिमानलाई वर्ल्ड एथलेटिक्सको वेबसाइटमा समेत अनुबन्ध गरिएको छ । आयुषलाई शिवम् सिमेन्टले नेपाली खेलकुदको प्रवर्द्धन र प्रतिभावान खेलाडीको प्रोत्साहनका अनुबन्धित गरेको हो । उनी सन् २०२३ यता शिवम्‌को साथमा छन् । उनलाई आवश्यक परेका बेला कम्पनीले हवाई टिकट, पोसाक र आवश्यक सहयोग गर्दै आएको शिवम् सिमेन्टले जनाएको छ ।

# व्यवस्थित बन्यो चिदिचौर खेलमैदान

**सन्तोष महतारा** (गुल्मी)

गुल्मीको सदरमुकाम तम्घासमा रहेको एकमात्र खेलमैदान चिदिचौर खेलमैदान व्यवस्थित बनेको छ । मैदानको बीचमै मूल फुटेर हिलाम्मे हुने अवस्थाको अन्त्य र दुबो रोपेर व्यवस्थित गर्ने सम्पन्न गरिएको हो । रेसुंगा नगरपालिकाले चिदिचौर मैदानलाई दुबो रोपेर व्यवस्थित बनाउन बहुवर्षीय ठेक्काका रूपमा लुम्बिनी प्रदेशबाट बजेट सुनिश्चत गरेको थियो । खेलमैदानकै बीचमा पानीको मूल फुट्ने समस्याका कारण उक्त पानीलाई जमिन तल नै व्यवस्थित गर्ने र त्यसपछि मलिलो माटोले समथर बनाएपछि दुबो रोप्ने योजना कार्य सकिएको हो ।

लुम्बिनी प्रदेश सरकारको सामाजिक विकास डिभिजन कार्यालय पाल्पामार्फत चिदिचौर खेलमैदान व्यवस्थित गर्न एक करोड रुपैयाँ लागतमा २०८२ वैशाख अन्तिम साता रामेछाप कन्ट्रक्सन काठमाडौंले निर्माणको जिम्मा पाएको थियो । २०८३ असारसम्म म्याद रहेकोमा समयभित्र निर्माण सकिएको सामाजिक विकास डिभिजन कार्यालय पाल्पाका प्रमुख लक्ष्मण घिमिरेले बताए ।

निर्माण कम्पनी रामेछाप कन्ट्रक्सनका सञ्चालक लीलाबहादुर बस्नेतले तोकिएको समयमा काम सकिएको तर बीचमा केही समस्याका कारण रोकिएको बताए । बजेट अभावका कारण उक्त कामको भने भुक्तानी हुन सकेको छैन । 'सम्झौताअनुसार तोकिएको समयमा काम सकिएको छ, तर बजेट अभावले भुक्तानी गर्न सकिएको छैन,' सामाजिक विकास डिभिजन कार्यालय पाल्पाका प्रमुख लक्ष्मण घिमिरेले भने । चिदिचौर मैदानमा बीचमै मूल फुट्ने समस्या समाधान खाडल खनेर पाइप राखेर त्यसपछि गिट्टी राखेर समथर बनाएपछि दुबो रोपेर चिटिक्क बनाइएको छ ।



निर्माणको क्रममा गुणस्तरहीन सामग्री ल्याएपछि केही समय काम रोकिएको थियो । काम ठप्प भएपछि तम्घासका स्थानीयले असन्तुष्ट व्यक्त गरेका थिए । त्यसपछि रेसुंगा नगरपालिका प्रमुख खिलध्वज पन्थीले पटक पटक निर्माण व्यवसायी भेटेर काम गर्न आग्रह गरेका थिए । पटक पटकको पहलपछि चिदिचौर खेलमैदान सौन्दर्यीकरणको काम सकिएको बताए । 'प्रदेश सरकार, कार्यालय र निर्माण कम्पनीलाई पटक पटक ताकेता गरेपछि निर्माण काम सकिएको छ,' नगरप्रमुख पन्थीले भने, 'बाँकी काम हामी नगर आफैंले छोटो समयमा सकेका छौं ।' तम्घासको मुटु मानिने चिदिचौर खेलमैदान बहुवर्षीय ठेक्का मार्फत हालै काम सकिएको हो । सम्झौताअनुसार चिदिचौर खेलमैदानमा कम भागमा मात्रै दुबो रोपिएको थियो । बाँकी भागमा नगरपालिकाले भक्तपुरबाट खरिद गरेर समुदायको सहभागितामा रोपेर सकिएको छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २००८/०३/०६

दिवंगत: वि.सं. २०७७/०४/१३

स्व. रथी श्री कुल बहादुर खड्का (अ.प्रा.)

मेरा श्रद्धेय पति, हाम्रा समस्त खड्का परिवारका प्रेरणाको स्रोत
रथी श्री कुलबहादुर खड्काज्यूको स्वर्गारोहणको आज छैठौं वर्षको पुण्यतिथिमा
दिवंगत आत्माको चीरशान्तिका लागि हामी ईश्वरसँग प्रार्थना गर्दछौं ।
हजुर सदा-सर्वदा हाम्रो हृदय भित्र रहि बक्सनेछ ।

धर्मपत्नी
दुर्गा खड्का

छोरा/बुहारीहरू:
डा. प्रवीणबहादुर खड्का
विनीता शाह खड्का

छोरी/ज्वाईं:
विशाखालक्ष्मी खड्का कुवँर
डा. सन्दीपराज कुवँर

नाति:
विराजबहादुर खड्का

नाति-नितिनी:
स्तव्यराज कुवँर
बियांका राजलक्ष्मी कुवँर

एवं समस्त खड्का परिवार

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, सम्पादक : कृष्ण आचार्य, प्रधानसम्पादक : गोकर्ण अवस्थी